


**रजत महोत्सवको अवसरमा प्रकाशित प्रगतिशील रजत स्मारिकाका लागि**

**संरक्षक**: सीता न्यौपाने (अध्यक्ष) | **सम्पादक**: जमुना गिरी (व्यवस्थापक)
**अतिथि सम्पादक**: दलबहादुर गुरुङ | **प्रबन्ध सम्पादक**: प्रकाश गौतम | **कार्यकारी सम्पादक**: कृष्ण गाउँले
**कम्प्यूटर ले-आउट सेटिङ्ग** : अमृता पौडेल | **मुद्रण** : प्रफेक्ट प्रिन्ट, बुटवल ९८४७१३७०९५




## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूको रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## तिलोत्तमा नगर गान

यो माटो छुँदा गर्व होस्
समृद्धिको सधैं पर्व होस्
हाम्रो सत्कर्मले बन्छ स्वर्ग यो तिलोत्तमा
स्वच्छ, सफा, हराभरा नगर तिलोत्तमा
सोह्र छत्तिस उर्वर भूमि बुद्ध डुल्ने ग्राम
प्रकृतिका उपवन मन्दिर, गुम्बा, धाम
उद्योग, ब्यापार, पर्यटन गरी उन्नत खेती
लगानीका क्षेत्र धेरै बढ्दो समुन्नति
भाषा, धर्म, भेष अनेक सनातन रीति
हिमाल, पहाड, तराईका थरी थरी जाति
स्वाभिमानी छाती हाम्रो जाँगर पाखुरीमा
जीवनधारा चलाउँछन रोहिणी तिलोत्तमा
जय होस्, जय होस्, जय होस् तिलोत्तमा।

**छविलाल विश्वकर्मा**
**प्रतिनिधिसभा सदस्य**
**क्षेत्र नं. १, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

प.सं:
च.नं:

# शुभकामना

मितिः २०७९।०९।१८

श्री प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५ औ वार्षिक साधारण सभा तथा रजत महोत्सव र आफ्नो दास्तावेजीकरण गर्ने गरि **प्रगतिशील रजत स्मारिका-२०७९** पनि प्रकाशन गर्न लागेको विषयले मलाई ज्यादै खुसी बनाएको छ। तिलोत्तमा नगरपालिकाभित्रका उद्यमी महिला दिदीबहिनीहरुको सक्रियतामा यसै नगरपालिकाको वडा नं. १०, बेवरीमा २०५४ सालमा स्थापना भएको यो संस्था यस क्षेत्रकै स्थापित सहकारी संस्थाको रुपमा आफ्नो कार्य संचालनप्रति म धन्यवाद भन्न चाहन्छु।

नेपाल सरकारले तय गरेको तीन खम्बे अर्थनीतिलाई अवलम्बन गरि यस संस्थाले महिलाहरुलाई उद्यमशीलता साथै सहकारिताको माध्यमबाट समृद्ध नेपाल निर्माण गर्न आफ्नो क्षेत्रबाट गरेको योगदान स्मरणीय छ। अहिले देशको अर्थतन्त्रमा परेको प्रभावलाई बुझि आफ्ना कामका क्षेत्रलाई प्रभावकारी रुपमा संचालन गर्न यो संस्थाको नेतृत्व सफल र सक्षम छ भन्ने कुरामा म विश्वस्त छु। समाजमा बढेको बेरोजगारी कम गर्नका लागि विभिन्न सीपमूलक तथा आयआर्जनका काममा लगानी गर्दै संस्थालाई मजबुत् बनाउने छ भन्ने शुभेच्छा प्रकट गर्दछु। साथै तपाईंहरुको सकारात्मक काममा मेरो सदैव साथ सहयोग र समर्थन रहने कुरा विश्वस्त गराउन चाहन्छु।

यो संस्थालाई अझ मजबुद बनाउनका लागि २५ औं वार्षिक साधारण सभाले थप सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा सहित सफलताको शुभकामना।

**छविलाल विश्वकर्मा**

**माननीय बासुदेव घिमिरे**
**प्रतिनिधिसभा सदस्य**
क्षेत्र नं. ५, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं:
च.नं:

# शुभकामना

मितिः २०७९।०९।१८

रूपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १० बेवरी स्थित प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले रजत महोत्सवको अवसरमा स्मारिका प्रकाशन गर्न थालेको खबरले खुशी बनाएको छ। सर्वप्रथम सहकारी स्थापनादेखि २५ औं वर्षको अवस्थासम्म ल्याइपुऱ्याउन योगदान गर्ने संस्थापक शेयर सदस्य, कर्मचारी, समाजसेवी, सहकारी अभियन्ता, शुभेच्छुकलगायत सरोकारवाला सम्पूर्णमा शुभकामनासहित बधाईज्ञापन गर्दछु।

**प्रगतिशील रजत स्मारिका**को प्रकाशनले सहकारीको यथार्थ अवस्था जनस्तरसम्म पुऱ्याउनुको साथै शेयर सदस्यमा अन्तरनिहीत प्रतिभा, विचार, दृष्टिकोणलाई प्रकाशमा ल्याउन मद्दत गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु। स्मारिकामा प्रकाशन हुने सहकारी अभियन्ता, महिला सशक्तिकरणको अभियानमा सक्रिय व्यक्तित्व र विज्ञहरूका लेख रचनाले यस क्षेत्रको सहकारी र महिला सशक्तिकरणको विषयमा प्रभावकारी बहस सिर्जना गर्ने विश्वास लिएको छु।

सहकारी, छरिएर रहेको पूँजी, प्रविधि र प्रतिभालाई स्वावलम्बन तथा पारस्पारिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न स्थापित भएका संस्था हुन्। ग्रामीण अर्थतन्त्रको बाहुल्यता रहेको हाम्रो मुलुकमा गरिब, भूमिहीन, किसान, महिला र सीमान्तकृत वर्गको सशक्तिकरणमा सहकारी संस्थाहरूको भूमिका अत्यन्तै प्रभावकारी हुन्छ भन्ने कुराको एउटा गतिलो दृष्टान्त यस संस्था रहेको मैले पाएको छु। पछाडि परेको वर्ग समुदाय समेतका महिलाहरूलाई संगठित गरी उनीहरूलाई आय आर्जनका काममा जोडेर आर्थिक रूपमा सबल बनाउने अभियानमा यस सहकारीले गरेका कामहरू अत्यन्त प्रशंसनीय छन्।

म तिलोत्तमा नगरपालिकाको प्रमुख रहँदा नगरपालिका, यस संस्था र युएनडिपी नेपालसँगको साझेदारीमा सञ्चालित आलुको बीऊ वृद्धि तथा तरकारी खेती परियोजनाले तिलोत्तमालाई आलुमा आत्मनिर्भर बनाउन टेवा पुऱ्याएको थियो। यो परियोजनाको अवधि सकिए पनि परियोजनाले अघि बढाएको कार्यक्रमलाई निरन्तरता दिन सहकारीका अगुवा र नगरपालिका निरन्तर तत्पर रहनुपर्छ भन्ने मेरो सुझाव छ। किनकि यहाँका किसानको प्रतिस्पर्धी क्षमता बढाउन र सामूहिक खेतीलाई प्रोत्साहन गर्न परियोजनाले अघि बढाएका कार्यक्रम प्रभावकारी रहेको मेरो विश्वास छ।

यस संस्थाले सञ्चालन गरेका कार्यक्रमहरूले एकातिर महिलाहरूको व्यक्तित्व, नेतृत्व विकास गराएको छ भने अर्कातिर उनीहरूको सीप, प्रतिभा र लगनशीलतालाई आर्थिक क्षेत्रसँग जोड्ने गरेको छ। महिलाहरूलाई स-सानो बचत गर्ने बानी बसालेदेखि उनीहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराई आत्मनिर्भर गराउन समेत सहकारीमार्फत प्रभावकारी काम भइरहेको मैले पाएको छु। यस संस्थाका गतिविधिहरू नेपालको सहकारी आन्दोलनले गौरव गर्ने विषय बनेका छन्। यस संस्थाले पछाडि परेका महिलालाई सामाजिक, आर्थिक र राजनीतिक रूपमा राज्यको मूल प्रवाहमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ। अवसर पाउँदा महिलाहरूले सफल नेतृत्व प्रदान गर्न सक्छन् भन्ने कुराको एउटा प्रमाण यो सहकारी बनेको छ। यस्ता सहकारीहरूलाई तीनै तहका सरकारले प्रोत्साहन गरेर सहकार्यमा गरिबी निवारण, महिला शसक्तिकरण, पछाडि परेको वर्ग समुदायको उत्थानलगायतका क्षेत्रमा काम गर्दा त्यसको नतिजा प्रभावकारी आउने कुरामा दुईमत छैन संघीय सांसदको रूपमा मैले यस्ता सहकारीहरूलाई प्रोत्साहन गर्ने र नीतिगत रूपमा त्यसलाई स्थापित गराउने काममा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्तमा, महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणमा यस सहकारीले पुऱ्याएको योगदानको उच्च कदर गर्दै आगामी दिनहरूमा आफ्नो गरिमा र विरासतलाई कायम राख्न थप सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**बासुदेव घिमिरे**
प्रतिनिधिसभा सदस्य

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर (ISO) प्रमाणित नगरपालिका"

प.सं.:

च.नं.:

मिति : २०७९/०९/१४

## शुभकामना

रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकाको ५ वटा वडाहरु र देवदह नगरपालिकाको ३ वटा वडाहरुलाई कार्यक्षेत्र बनाई विभिन्न क्षेत्रमा छरिएर रहेका महिलाहरुलाई एउटै छानामूनि गोलबन्द गरि आर्थिक, सामाजिक र संस्कृतिक क्षेत्रमा सशक्त बनाउने उद्देश्यले महिला तथा बालवालिका कार्यालय रुपन्देहीको सहयोगमा डिभिजन सहकारी कार्यालय भैरहवामा २०५४ साल कार्तिक १० गते दर्ता भएको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. को २५ औं वर्ष पुगेको उपलक्ष्यमा **प्रगतिशील रजत स्मारिका** प्रकाशन गर्न लागेको खवर पाउँदा खुसी लागेको छ।

मध्यम र विपन्न वर्गका २६ जना सदस्यवाट संस्था दर्ता गरि हालसम्म २७०७ जना शेयर सदस्य र २१६५ जना बाल सदस्य समुहमा आवद्ध गरि बचत कार्यमा संलग्न गर्दै उनीहरुको आयआर्जनमा वृद्धि गर्नुको साथै क्षमता अभिवृद्धिको लागि स्थापनाकालदेखि निरन्तर रुपमा संस्थाले खेलेको भूमिका स्मरणयोग्य छ। संस्थाले आगामी दिनमा समय सापेक्ष विभिन्न कार्यक्रमहरु पनि संचालन गरी विपन्न वर्ग र पछाडि पारिएका वर्गलाई व्यवसाय तथा लघु उद्यमतर्फ उन्मुख गराई उनीहरुको आर्थिक, समाजिक रुपान्तरण गर्न र समाजमा रहेको विसंगति हटाउन र समाजमा सकारात्मक सोचको विकास गर्न र महिलाहरुलाई आत्मानिर्भर बनाई निर्णयक तहमा पुऱ्याउन अझै महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास राखेको छु। समाज र समुदायको विकासका लागि विभिन्न कार्यक्रम ल्याएर महिलाहरुलाई प्रोत्साहन र हौसला प्रदान गर्ने कार्यमा अझै बढोत्तरी हुँदै जाने अपेक्षासहित संस्था उद्देश्य अनुरुपका कार्य गर्न सफल हुँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु। साथै संस्थाले रजत महोत्सवको अवसरमा प्रकाशन गर्न लागेको **प्रगतिशील रजत स्मारिका** पठनीय तथा संग्रहणीय बनोस् भन्ने कामनाका साथसाथै यस संस्थाको श्रीवृद्धिका लागि उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

रामकृष्ण खाण
नगरप्रमुख

**रामकृष्ण खाण**
**नगर प्रमुख**

**मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**
*Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np*
*Manigram, Rupandehi*

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:

च.नं.:

मिति : २०७९।०८।२९

### शुभकामना

नेपाल एक प्राकृतिक सौन्दर्यले भरिपूर्ण धर्म निरपेक्ष, सांस्कृतिक विविधतायुक्त राष्ट्र हो। यहीँबाट सम्पूर्ण ज्ञान, विज्ञानका मूल फुटेका छन्। तिलोत्तमा पौराणिक नदीको नामबाट तिलोत्तमा नगरपालिकाको नामाकरण भइ नगरपालिकाको स्थापना भएको हो। यस सुन्दर नगरीमा विभिन्न संघ संस्था, क्लब तथा सहकारी जस्ता संस्थाहरू स्थापना भएका छन्। स्थापना हुने क्रमसँगै तिलोत्तमा नगरपालिका वडा नं. १०, बेवरी रुपन्देहीमा वि.स. २०५४ सालमा प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. स्थापना भइ आफ्नो स्थापनाको २५ औं साधारण सभामा वार्षिक प्रतिवेदन मार्फत संस्थाले गरेका कामलाई सदस्यहरू सामु पुयाउन लागेको थाहा पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। यो संस्था विशेष महिलाको मात्र संस्था भएको हुँदा म अत्यन्त गौरवान्वित भएकी छु।

"सदस्यको दिगो विकासमा समर्पित समृद्ध सहकारी" भन्ने मूल उद्देश्यका साथ स्थापना भएको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. ले न्यून आयस्तर भएका आमजनताको जीवनमा साँच्चिकै परिवर्तन र सहजता प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएकी छु। न्यून आम्दानीबाट सानो रकम छुट्ट्याएर गरेको सानो बचतले भविष्यमा आफ्ना सन्तानको शिक्षादीक्षा तथा पालनपोषणमा सकारात्मक प्रभाव पार्नेछ। वास्तवमा सहकारी संस्थाहरूको उद्देश्य नै न्यून आय नहुनेहरूले सानो बचत गरी आवश्यक परेको समयमा ऋण प्राप्त गर्ने, सानो व्यापार पेशा शुरु गरी आयआर्जन बढाउने र उद्यमीलाई कम ब्याजमा लगानीको वातावरण मिलाई जीवनशैलीलाई सहजतापूर्वक अघि बढाउनु नै हो भन्ने मेरो धारणा छ। आर्थिक समृद्धिका लागि राष्ट्रिय रुपमा नै सहकारीको विकासलाई अपरिहार्य मानिरहेको परिप्रेक्ष्यमा रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १० मा स्थापना भएको **प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. लाई नगरपालिकाको शुभकामना।**

प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. ले आफ्नो रजत महोत्सवको सिलसिलामा प्रकाशन गर्न लागेको **प्रगतिशील रजत स्मारिका** सहकारी क्षेत्रमा चासो राख्ने, लगानी तथा बचत गर्ने सबैको लागि उपयोगी हुने मैले विश्वास लिएकी छु। स्मारिका प्रकाशनको उद्देश्य प्राप्त होस् भन्ने कामनासहित संस्थाको सफलताको शुभकामना व्यक्त गर्दछु।

जगेश्वरदेवी चौधरी

नगर–उपप्रमुख

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

स.बि.द.नं.: ३१०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

# शुभकामना

समुदायको आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि उदाहरणीय कार्य गरेको तिलोत्तमा-१०, रुपन्देहीमा रहेको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. २५ औं वर्ष पुरा गरेको जानकारी पाउँदा खुसी लागेको छ। संस्थालाई यस अवस्थासम्म ल्याइ पुऱ्याउने संस्थाका वर्तमान तथा पूर्व संचालक, कर्मचारी तथा आबद्ध सदस्यहरूमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालकोतर्फबाट हार्दिक बधाईज्ञापन गर्न चाहन्छौं। साथै, रजत महोत्सवको अवसर पारेर संस्थाको स्थापनाकालदेखि हालसम्म भएका गतिविधिहरुसहित आलेख समेटेर **प्रगतिशील रजत स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा थप हर्षित भएका छौं।

यस अवसरमा संस्थाका संचालक, कर्मचारी तथा आवद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं। प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि रुपन्देहीको मात्र नभई देशकै नमूना सहकारी संस्थाको रुपमा स्थापित हुने विश्वासका साथ संस्थाले प्रकाशन गर्न लागेको स्मारिकाले त्यस सहकारी संस्थाका बारेमा मात्र नभइ समग्र सहकारी अभियानको विषयमा सदस्य तथा समुदायलाई महत्वपूर्ण जानकारी प्राप्त हुने र अन्य सहकारीका लागि समेत प्रेरणा मिल्ने हामीले विश्वास लिएका छौं।

अन्त्यमा, एकता, सहभागिता, मितव्ययिता र पारदर्शिताका लागि प्रतिबद्ध रहेको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. लाई सहकारी सिद्धान्तको पूर्णपालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

जय सहकारी तथा धन्यवाद्!

**मीनराज कंडेल**
अध्यक्ष

सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

# शुभकामना

नेपालको सहकारी क्षेत्रले सीमित रुपमा उपलब्ध श्रोत साधनका बाबजुत पनि सरकारी क्षेत्रको पहुँच नपुगेको र निजी क्षेत्रप्रति आम मानिसले अपनत्व ग्रहण गर्न नसकेको अवस्थामा आम मानिसका आवश्यकताहरूको परिपूर्ति गर्दै समाज तथा देशको आर्थिक सामाजिक तथा सांस्कृतिक क्षेत्रको विकासमा अतुलनीय योगदान गरिरहेको छ । सहकारीका विश्वव्यापी सिद्धान्त तथा मान्यताहरूलाई स्थायीकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गरिरहेको छ ।

सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुदाँ राज्यका आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीयस्तरका आर्थिक सामाजिक समस्याहरूको न्यायोचित समाधान गर्नका लागि सहकारीका मूल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादको प्राप्तीका लागि सहकारी क्षेत्रको क्रियाशीलता आजको आवश्यकता हो । सहकारीको आर्थिक सहभागितालाई, नेपालको संविधानप्रदत्त भूमिका दिइएको हुँदा सहकारी अभियानले समेत संविधानको परिकल्पना अनुरूप आफ्नो भूमिका तथा जिम्मेवारीलाई गाम्भीर्यतापूर्वक लिनु आवश्यक रहेको छ ।

सहकारीमार्फत आर्थिक तथा सामाजिक रूपान्तरणको अभियानमा क्रियाशील तिलोत्तमा-१०, बेवरी, रूपन्देही स्थित प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. ले आफ्नो रजत महोत्सवको अवसरमा विविध कार्यक्रम, लेख रचना तथा शुभकामना समेटेर संस्थाले **प्रगतिशील रजत स्मारिका २०७९** प्रकाशन गरि सदस्य माफ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ । यस सहकारी संस्थाले सहकारी र गरिबी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धतिमार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु । सदस्यहरूलाई एकताबद्ध राख्नका लागि संस्थाका गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी सहकारी अभियानलाई मूर्तरूप दिन सहकारीको **वार्षिक साधारण सभा तथा रजत महोत्सव** गर्न लागेकोमा अत्यन्त सह्राना व्यक्त गर्दछु ।

साथै, गरीबी न्यूनीकरण, लैंगिक समानता सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजीहरुलाई एकीकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामनासहित यस सहकारी संस्थाको **प्रगतिशील रजत स्मारिका २०७९** पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति २०७९/०९/०३

**के.बि उप्रेती**
**अध्यक्ष**

'हाम्रो लक्ष्यः सम्पूर्ण सहकारीको दिगो भविष्य'

केन्द्रीय कार्यालय,कुपण्डोल, ललितपुर ०१-५१८०१८२ WWW.NCBL.COOP ncbl@ncbl.coop

# प्रदेश बहुउद्धेश्यीय सहकारी संघ लि.

## लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड १९ को संककणको जटिलता अझै समाप्त नभइसकेको यस विषम परिस्थितिमा यसको रोकथाम तथा नियन्त्रणका लागि समुदायसँग प्रत्यक्ष जोडिएर सहकारी अभियानले खेलेको महत्वपूर्ण भूमिका स्मरण गर्दै सम्पूर्ण सहकर्मीहरूका हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यस महामारीका कारण देशभरि भएको लकडाउन तथा निषेधाज्ञाको समयमा पनि सहकारीले स्थानीय, प्रदेश र संघीय सरकार सँगालो गरी विपत्को सारथिको रुपमा कार्य गरेकाले सहकारी क्षेत्रको महत्ता उजागर भएको व्यहोरा सर्वविदितै छ । यसै महामारी पश्चात मुलुकमा सृजित आर्थिक सङ्कटको यस विषम परिस्थितिमा सहकारीले समुदायमा प्रवाह गर्दै आइरहेको वित्तिय तथा अन्य सेवाले आम सदस्यहरूको जिविकोपार्जनमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै समाजको सामाजिक तथा आर्थिक रूपान्तरणका लागी सहकारी क्षेत्रको विकल्प नरहेको देखिन्छ । तसर्थ यतिबेला सहकारी अभियानलाई मर्यादित, सुशासित एवम् नीति, विधि र प्रविधि मैत्री बनाएर देश भरिका सहकारी अभियन्ताहरू अगाडि बढ्नु पर्ने आवश्यकता हामीले महसुस गरेका छौं ।

संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेको दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि आफ्नो नीति र कार्यविधि बजेट तथा कार्यक्रममा समेत यस विषयलाई उच्च प्राथमिकताका साथ समावेश गरी उत्पादनमूलक क्षेत्रमा उपलब्ध प्रविधिको अवलम्बन गरी सदस्यहरूलाई केन्द्रीत गरी आफ्नो कारोबारलाई विस्तार गर्न अनुरोध गर्दछौं ।

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि सञ्चालन गर्दै परिणाममुखी कार्यक्रमहरू गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय स्वच्छता हासिल गर्न प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि., तिनपा-१०, बेवरी, रुपन्देहीले पुऱ्याएको योगदान स्मरण योग्य छ नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी सदस्यहरूलाई सहज रुपमा सेवा प्रवाह गर्दै आएको यस संस्थाले २५औं वार्षिक साधारण तथा संस्था स्थापनाको रजत महोत्सवको अवसरमा **प्रगतिशील रजत स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ । २५ औं वार्षिक साधारण सभाको अवसरमा संस्थाका सम्पुर्ण समिति, कर्मचारी तथा आवद्ध सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं । साथै प्रकाशन गर्न लागेको स्मारिकाले त्यस सहकारी संस्थाको बारेमा सदस्य तथा समुदायलाई थप जानकारी प्राप्त हुने र अन्य सहकारीहरुलाई प्रेरणा समेत मिल्ने विश्वास लिएका छौं ।

अन्त्यमा गरिबी न्यूनीकरण, लैंगिक समानता, सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिजना गर्न, छरिएर रहेका स-साना पूँजीहरुलाई एकीकृत गरी सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्दै संस्था सफल र सक्षम रहोस् भन्ने शुभकामनासहित यस सहकारी संस्थाको २५औं वार्षिक साधारण सभा तथा संस्था स्थापनाको रजत महोत्सवको अवसरमा पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जय सहकारी ॥

मिति : २०७९/०९/१३

**भुपेन्द्र प्रसाद अधिकारी**
अध्यक्ष

# जिल्ला सहकारी संघ लि.

## District Co-operative Union Ltd.

रुपन्देही

च.न.१८५-०७९/०८०

## शुभकामना

रुपन्देही जिल्लाको सहकारी अभियानमा उल्लेखनीय योगदान पुराउँदै आएको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. तिलोत्तमा नगरपालिका-१० बेवरी, रुपन्देहीले आफ्नो स्थापनाको २५ वर्ष पुगेको अवसरमा संस्थाले सञ्चालन गरेका विविध गतिविधि तथा लेख रचना लाई समेटेर **प्रगतिशील रजत स्मारिका** २०७९ प्रकाशन गर्न लागेको सुखद् जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ। यस अवसरमा संस्थाका पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यहरु, सल्लाहकार, उपसमितिका संयोजक तथा सदस्यहरु कर्मचारी तथा आवद्ध सदस्यहरुमा जिल्ला सहकारी संघ लि. रुपन्देहीकोतर्फबाट हार्दिक बधाईज्ञापन गर्न चाहन्छु।

यस सहकारी संस्थाले सामाजिक सद्भाव कायम गरी स-साना पुँजीहरुलाई एकीकृत गर्दै २०५४ साल कार्तिक १० गते स्थापना भएको यस संस्थाले सदस्यहरुको संयुक्त सहभागितामा समुदायलाई संगठित गरी सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा एवं सदस्यहरुको आर्थिक विकास, सामाजिक विकृति, विसंगति तथा घरेलुहिंसा, समुदायमा पछाडि पारिएका महिलाहरुको न्याय, गरिवी न्यूनीकरण र मुलुकको आर्थिक समृद्धिका साथै सहकारी अभियानमा पुऱ्याउनु भएको योगदानको कदर गर्दछौं।

संस्थाले आफ्नो विनियमको परिधिभित्र रही उद्देश्य प्राप्तिका लागि सदस्यहरुलाई आबद्ध गराउँदै सहकारी दर्शन, मूल्यमान्यता र सिद्धान्त अनुरुप सु-सञ्चालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई अझ व्यापकरुपमा सञ्चालन गरी सहकारीको गुणात्मक विकास गर्दै जिल्लाको सहकारी अभियानमा यस संस्थाको योगदानको निरन्तर अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

**जय सहकारी !**

भीम प्रसाद तुलाचन
अध्यक्ष

फोन नं. :०७१-५३६७६६, (बुटवल), Email : sahakaribtw@gmail.com, website : www.dcu.org.np

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर: सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:

च.नं.:

# शुभकामना

श्री प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले **प्रगतिशील रजत स्मारिका** प्रकाशन गर्न लागेकोमा हर्ष लागेको छ। २०५४ सालदेखि हालसम्म संस्थाले समुदायस्तरमा महिलाहरूको सामाजिक, आर्थिक विकासका लागि निरन्तर पुऱ्याएको योगदानका लागि धन्यवाद् दिदै संस्थाको आर्थिक उन्नति, भौतिक प्रगति तथा संस्थामा आवद्ध हुनु भएका सम्पूर्ण अथक परिश्रमी शेयर सदस्य महानुभावहरुको समग्रह उन्नति र प्रगतिको शुभकामना सहित आगामी दिनमा अझ बढी महिलाहरूको चौतर्फी विकासमा सहयोग पुऱ्याउन सफलता हासिल गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

2065/05/06

सम्झना भण्डारी
अधिकृतस्तर छैठौं तह

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

# हार्दिक शुभकामना

गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार मानिसका आधारभूत आवश्यकता हुन । बाँच्नका लागि मानिसले गर्ने हरेक संघर्ष र लक्ष्य यिनै आधारभूत आवश्यकता पूरा गर्नका लागि हुन । जिन्दगीका आवश्यकता पूरा गर्न मानिस अनेक कामसँग जोडिएका हुन्छन् । व्यक्ति, परिवार, समाज र देशको उन्नति र समृद्धिको लक्ष्य पूरा गर्नका लागि अनेक प्रकारका संघ, संस्था, कम्पनीहरु खुलेका छन । आर्थिक गतिविधि र उन्नतिसँग जोडिएका अनेकौं संस्थाहरुमध्ये सहकारीप्रति मानिसको विशेष आकर्षण रहेको पाइन्छ । छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै हरेक मानिसलाई एकतामा बाँधेर आधारभूत आवश्यकता पूरा गर्दै समृद्धिको लक्ष्य पूरा गर्नमा सहकारीको विशेष भूमिका रहेको हुन्छ ।

घरपरिवारसँगै सिंगो समाज र समुदायलाई प्रगति र उन्नतिको पथमा सक्रियतापूर्वक लैजाने अनेकौ सहकारीहरुमध्ये रुपन्देहीको प्रगतिशिल महिला विकास बहुउद्देश्यीय सहकारी उदाहरणीय रहेको छ । स्थानीय जुझारु, सचेत महिलाहरुको सहभागितामा सुरु भएको प्रगतिशील महिला विकास बहुउदेश्यीय सहकारीले अहिले रजत महोत्सव मनाउँदैछ । यो सहकारीप्रेमी मात्रै नभएर विकास, समृद्धि र महिला सशक्तीकरणको पक्षमा रहेका सबैका लागि सुखद पक्ष हो । यो सहकारीले महिला मात्रै नभएर सिंगो परिवारको सुख, दुःख, पीर, व्यथा, उन्नति, प्रगतिको सहयात्री बन्न सफल भएको छ । समृद्धिको यात्रामा सबैको साझा सहयात्री बन्दै आएको यो सहकारीले आगामी दिनमा पनि चुनौतीका हरेक पहाडहरु पन्छाउँदै सबै सामु उदाहरणीय छवि कायमै राख्ने विश्वास गर्न सकिन्छ । समाजका जागरुक केहि महिलाहरुको सक्रियतामा जन्मिएर दुःख र अभावमा पिल्सिएका महिलाहरुको पीर व्यथा हटाउन यो सहकारीले अघि सारेका विभिन्न तालिम, जागरणका कार्यक्रम, नेतृत्व विकास, सीपमूलक तालिम, आधुनिक कृषिका लागि मल, विऊ, औजार, उपकरण प्रदान, सामुहिक खेतीपाती गौरव गर्न लायक छ । रुपन्देहीका महिलासँगै सबैको प्रगतिको साझा मञ्च बन्न सफल सहकारीको आर्थिक उन्नति, समृद्धिको यात्रामा राज्य र सरोकारवाला निकायका हरेक तहले साथ, सहयोग, समर्थन गर्न जरुरी छ ।

जनताको आर्थिक प्रगति र समृद्धिको यात्रामा हरपल साथ, सहयोग र सहकार्य गर्दै आएको सक्रिय, जुझारु र सक्षम महिलाहरुको सक्रियतामा स्थापित र संचालित प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारीको रजत महोत्सवको अवसरमा हार्दिक मंगलमय शुभकामनासहित आगामी दिनमा उन्नति, प्रगति र समृद्धिको कामना गर्छु ।

**बैकुण्ठराज भण्डारी**
प्रकाशक र प्रधान सम्पादक
वर्तमान सहकारी आवाज परिवार

# प्रगतिशील महिला विकास
## बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

तिलोत्तमा नगरपालिका-१०, बेवरी, रुपन्देही
फोन: ०७१-५१०१५६



# हार्दिक धन्यवाद् तथा आभार



हाम्रै सहकारीलाई हामी सबैले दुःख, सुख गरेर २५ वर्षमा ल्याई पुराएका छौं । यो सहकारीले यतिबेला रजत महोत्सव मनाउने तयारीका साथ अघि बढिरहेको छ। यसै सन्दर्भमा सहकारी सम्बन्धि विविध विषयहरुमा छलफल, अन्तर्क्रिया, प्रतियोगिताहरु आयोजना गरिरहेका छौं । त्यतिमात्र होइन, रजत महोत्सवका अवसरमा हाम्रै गतिविधिहरुलाई समेटेर **प्रगतिशील रजत स्मारिका** प्रकाशन गरेका छौं। संस्थाको पच्चीस वर्षे यात्रा, यसको सामाजिक, आर्थिक, सांस्कृतिक प्रभाव र समाजलाई दिएको योगदानलाई समावेश गरी स्मारिका प्रकाशन गर्न पाउँदा हर्ष लागेको छ। सबैसँग आफ्नो संस्थाका गतिविधिहरुलाई साट्न र बाँड्न पाउँदा हामी र हाम्रो संस्था पुलकित छ । रजत महोत्सवका अवसरमा आयोजित विभिन्न प्रतियोगितामा विजयी एवम् सहभागी सबैमा हार्दिक धन्यवादसहित सम्मान गर्दछौं ।

यो संस्था स्थापना गर्ने संस्थापकहरु, पूर्वअध्यक्षहरु, वर्तमान कार्यसमितिका पदाधिकारीहरु, विभिन्न कालखण्डमा यस सहकारीमा रहेर नेतृत्व गर्ने सञ्चालकहरु, उपसमिति, सल्लाहकार समितिका मित्रहरु, शेयर सदस्यहरु, सहयोगी सरकारी तथा गैरसरकारी निकायहरु, डिभिजन सहकारी कार्यालय रुपन्देही, हाम्रो सहकारी स्थापना गर्न सहयोग गर्ने महिला विकास कार्यालय, रुपन्देही तथा स्वदेशी तथा विदेशी सहयोगी निकायहरु, स्थानीय बुद्धिजीविहरु, हामीलाई समयसमयमा दिशानिर्देश गर्ने सरोकारवाला संस्थाहरु, पुरस्कृत गर्ने विभिन्न तहका सरकारी तथा सामाजिक संघसंस्थाहरु र सबै शेयर सदस्यहरु लगायत यो स्मारिका प्रकाशनमा आफ्ना शुभकामना, लेख, रचना प्रदान गर्नुहुने तथा सम्पादन कार्यमा सहयोग गर्ने सबै मित्रहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै खाले न्यानो साथ, सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

स्मारिका पढेपछि आवश्यक रायसुझाव, प्रतिक्रिया र स्वस्थ समीक्षाको अपेक्षासहित...............।

**जमुना गिरी**
व्यवस्थापक

**सीता न्यौपाने (उपाध्याय)**
अध्यक्ष



# सुन्दर सपना

**सीता न्यौपाने (उपाध्याय)**
अध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

**प्रगतिशील सहकारी नै हामी महिलाहरुको प्रगतिको बाटो हो भन्ने विचार प्रदान गरेको छ। आफ्ना खुट्टामा आफै उभिन सक्नुपर्छ भनेर उत्साह थपिदिएको छ। ग्रामीण क्षेत्रमा रहेका महिलाहरुलाई गरिखाने बाटो खोलिदिएको छ। उद्यमी तथा व्यवसायी महिलाहरुलाई आर्थिक आधार र प्राविधिक समर्थन दिएको छ। बजार र बजारीकरणका बारेमा जानकारी दिएको छ। प्रविधिमैत्री सहकारीलाई जोड दिएको छ।**

प्रगतिशील महिला विकास सहकारी संस्था लिमिटेडले आफ्नो रजत महोत्सवका अवसरमा विभिन्न खालका बौद्धिक, शारीरिक प्रतियोगिता आयोजना गरी सम्पन्न गर्दैछ । संस्थाको रजत महोत्सवका अवसरमा प्रगतिशील रजत स्मारिका प्रकाशन भएको छ । यसमा सम्वद्ध सबैलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। हाम्रा समाजमा छरिएर रहेका पुँजीहरुलाई एकीकृत गर्दै आर्थिक उत्थान गर्ने मनसायका साथ सम्वत् २०५४ सालमा २६ जना संस्थापक रही स्थापना गरिएको यो सहकारीले आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध अधिकारका क्षेत्रमा मनग्य कामहरु गरेको छ । समाजमा विद्यमान अन्धविश्वास, रुढीवादी चिन्तन, विभेद तथा हिंसाहरुलाई न्यूनीकरण र व्यवस्थापनका लागि विशेष पहल गर्दै आएको सबैलाई जानकारी नै छ। डिभिजन सहकारी कार्यालय, रुपन्देहीको सहयोगमा यो सहकारी दर्ता हुँदा महिला विकास कार्यालय, रुपन्देहीको विशेष संयोजन र पहल रहेको बताउन पाउँदा खुसी लागेको छ। एकले थुकी सुकी, सयले थुकी नदी भन्ने उखानलाई चरितार्थ गर्दै आजको परिवेशसम्म यो सहकारीलाई यहाँ ल्याइ पुराउनका निम्ति विशेष एवम् महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने संस्थापकहरु, संस्थापक अध्यक्ष, पूर्वअध्यक्षहरु, सल्लाहकार, उपसमितिका साथीहरु र विभिन्न समयमा सहकारीका जिम्मेवारी वहन गर्नुहुने सहकारी अभियन्ताहरुप्रति यो अवसरमा नमन गर्दछु। उहाँहरुको सार्थक क्रियाशीलता र सहयोगप्रति नतमस्तक छु। संस्थाको २२ औं वार्षिक साधारण सभा एवम् नवौ अधिवेशन (२०७६ पौष १२ गते) बाट यस संस्थाको अध्यक्षमा चयन भएकी थिएँ। मैले पाएको जिम्मेवारीलाई मेरा अग्रज, मेरा समकालीन साथीहरु, शेयर सदस्यहरु र सरोकारवालाहरुका उत्प्रेरणा एवम् सहयोगले कुशलतापूर्वक सम्पन्न गर्न सक्छु भन्ने आत्मविश्वास छ। सोही अनुसार अघि बढिरहेकी छु। यही अवसरमा मेरै कार्यकालमा संस्थाको रजत महोत्सव मनाउने सुवर्ण अवसर प्राप्त हुँदा अपार खुसीको अनुभूति गरेकी छु । यसलाई सफल बनाउन सबैको उतिकै जिम्मेवारीपूर्ण दायित्व रहेको अवगत गराउँदछु।

सहकारी सहकार्य हो-साथीहरुसँगको, सरोकारवाला संघसंस्थाको । सहकारी त सहयात्रा हो-समकालीन साथीहरुसँगको, समिति, सल्लाहकार, उपसमिति र शेयर सदस्यहरुसँगको। सहकारी सहकार्य हो-कर्मचारी र छिमेकी सहकारीहरुसँग । यस अर्थमा सहकारीलाई मैले आर्थिक, सामाजिक, सांस्कृतिक

एवम् मनोवैज्ञानिक पक्षका रुपमा एकीकृत गर्न चाहन्छु।

म अध्यक्ष भएर सहकारीको नेतृत्वमा आइपुग्दा विश्वव्यापी समस्याका रुपमा आइपुगेको कोभिड-१९ ले अछुतो रहन सकेनौं । यसको विकराल रुप,मानवीय क्षति, मनोवैज्ञानिक असर, आर्थिक संकटका कारण सहकारीमा प्रत्यक्ष एवम् परोक्ष असर पुगेकै छ। हाम्रा शेयर सदस्यहरुका जीवनरक्षा गर्दै आर्थिक संकटबाट जोगाउनु मेरो टीमको पहिलो र मुख्य दायित्य रहन पुग्यो। हामीले वार्षिक योजना तयार गरी गर्न खोजेका सहकारी सम्बद्ध कार्यक्रमहरु कोभिडकै कारण स्थगन हुने पुगेका छन् र उल्लेखित उपलब्धिहरु हासिल गर्न नसकेको दुखका साथ बताउनै पर्नेछ। वर्तमान केही सहज भएको छ तर आर्थिक तरलताको संकुचन भएका कारण ससाना उद्यम,व्यवसायहरु समेत थला पर्न थालेका छन्। हाम्रा शेयर सदस्यहरुका गरीखाने उद्यम, व्यवसायहरुलाई माथि उकास्ने खालका आर्थिक योजनाहरु बनाउने,कार्यान्वयन गराउने र अनुहारमा खुसीका समृद्धि झल्काउनु आजको आवश्यकता ठहरिने छ । हामीले तयार पारेको संस्थाको रणनीतिक तथा आवधिक योजनाहरुलाई कार्यान्वयन गर्ने तयारीमा छौं । हाम्रो संस्थाले आफ्नो सेवालाई प्रभावकारी बनाउँदै, बढिभन्दा बढि सदस्यलाई प्रभावकारी सेवाको पहुँच पुराउने, सदस्य समुदाय तथा सदस्यका परिवारलाई आवश्यक विभिन्न सेवा उपलब्ध गराउन तथा पर्यावरणको समेत संरक्षण गर्ने परिकल्पना, ध्येय, लक्ष र उद्देश्य राखेको छ।

## हाम्रो संस्थाको परिकल्पना

**सदस्यको दिगो विकासमा समर्पित समृद्ध सहकारी**

**ध्येय**

- आफ्नो सदस्यलाई प्रतिस्पर्धी रुपमा वित्तीय तथा गैरवित्तीय सेवा उपलब्ध गराउने ।
- सदस्यलाई कृषि, उद्यमशीलताजस्ता क्षेत्रहरुमा कार्य गर्ने सीपको विकास, ब्यवसाय प्रवर्द्धन गर्न सहजीकरण गर्ने ।
- सदस्यलाई कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यमा सहयोग पुऱ्याउने ।
- सदस्यहरुलाई प्रविधिमा आधारित उत्कृष्ट वित्तीय तथा अन्य सेवाहरु उपलब्ध गराउने ।
- तालिम शिक्षा तथा सूचनाको माध्यमबाट सदस्य तथा समुदायका विभिन्न उमेर समूहका नागरिकहरुका सशक्तिकरणमा जोड दिने ।

**लक्ष्य**

- आफ्ना सदस्यलाई प्रतिस्पर्धीरुपमा वित्तीय तथा गैरवित्तीय सेवा उपलब्ध गराउने ।
- सदस्यहरुलाइ कृषि, उद्यमशीलता, वातावरण सीपजस्ता क्षेत्रमा विकास गर्न सहयोग पुऱ्याउन सहजीकरण गर्ने ।
- सूचना प्रविधिको विकास गरि सदस्यहरुलाई प्रविधिमा आधारित उत्कृष्ट सेवा प्रदान गर्ने ।

**उद्देश्यहरु :**

- रणनीति योजना अवधि पाँच वर्षभित्रमा कार्यक्षेत्रभित्र बसोबास गर्ने योग्यता पुगेका न्यूनतम तीस महिलालाई संस्थामा आवद्ध गर्ने ।
- सदस्यको माग आवश्यकता तथा क्षमतालाई मध्यनजर गर्दै वित्तीय सेवाहरुलाई विविधिकरण, परिमार्जन तथा नवीन सेवाको विस्तार गर्दै उत्कृष्ट सेवा प्रदान गर्ने ।
- वार्षिक रुपमा न्यूनतनम ५% सदस्यहरुलाई विभिन्न प्रकारका तालिम, अवलोकन भ्रमणमा सहभागी गराउने ।
- वार्षिक रुपमा न्यूनतम ५ विकास साझेदार, सहकारी तथा गैरसरकारी संस्था, नगरपालिका, प्रदेश सरकार, केन्द्रीय सरकारसँग समन्वय गरी कृषि, वातावरण, उद्यमशीलता सीप विकास जस्ता परियोजनाहरु सञ्चालन गर्ने ।
- रणनीतिक योजनाको अवधि पाँच वर्षमा मा सदस्यहरुलाई प्रविधिमा आधारित उत्कृष्ट न्यूनतम दुई सेवा प्रदान गर्ने ।
- वार्षिकरुपमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण न्यूनतम एक कार्यक्रम आयोजना गर्ने ।
- रणनीतिक योजना अवधिमा ज्येष्ठ नागरिकलाई सम्मान

स्वरुप अध्ययन, छलफल, अन्तरर्क्रिया गर्न एक ज्येष्ठ नागरिक विश्राम कक्ष निर्माणका लागि पहल गर्ने ।

- सदस्यहरुको वित्तीय तथा व्यवसायिक ज्ञान क्षमतामा वृद्धि गर्न वार्षिक रुपमा संस्थाको २० % सदस्यलाई वित्तीय तथा ब्यवसायिक साक्षरता तालिम प्रदान गर्ने ।
- वार्षिक रुपमा न्यूनतम तीन स्वास्थ्य सम्बन्धि साक्षरता कार्यक्रम तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- सहकारी संघहरुका तहगत संरचनामा आवद्ध हुने र अन्य विकास साझेदार सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय स्थापित गर्ने ।
- विद्यमान नीति, नियम निर्देशिकाहरु समयसापेक्ष परिमार्जन गरी अध्यावधिक गर्ने ।
- समान प्रकृतिका महिला सहकारीहरुसँग एकीकरणको पहल गर्ने ।

हाम्रो सहकारीले स्थापनादेखि गर्दै आएका कामहरुका बेलीविस्तार लगाउने समय र स्थान यहाँ अभाव नै हुनेछ । हाम्रा सहकारीका अग्रज अध्यक्षहरुले आफ्ना कालखण्डमा गर्नुभएका कामहरुका सविस्तार बयान गर्नुभएकै कारण म वर्तमान र भविष्यतर्फ उन्मुख भएकी छु । मेरो टीमले विगतका अध्यक्ष ज्यूहरुले तयार पार्नुभएका योजना, कार्यक्रमहरुलाई समयानुसार परिमार्जित र संशोधन गर्दै कार्यान्वयनमा अघि बढाएकै छ । त्यसका लागि उहाँसँग आवश्यक परामर्श र छलफललाई निरन्तरता दिएकी छु । संस्थाको विगतलाई टेकेर, वर्तमानलाई बुझेर भविष्यतर्फ उन्मुख हुने अभ्यास र प्रयत्नहरु थालेकी छु । त्यसका लागि वर्तमान कार्यसमिति, सल्लाहकारहरु, उपसमिति, एकाई समिति र शेयर सदस्यहरुसँग मिलेर अघि बढेकी छु ।

हामीले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग मिलेर महिला उद्यमशीलतालाई अघि बढाउँदै आर्थिक उपार्जनका कार्यक्रमहरुलाई पहिलो प्राथमिकतामा राखेका छौं । महिलाहरुलाई आइपर्ने विविध खालका समस्याहरुलाई सम्वोधन गर्ने काम गर्दै आएका छौं । आर्थिक पाटोलाई विशेष रुपमा हेरी सोही अनुसार कार्यान्वयन गर्दै आएका छौं । कोभिड,आर्थिक तरलताका संकुचन र बैंकले लगानी गर्न छाडेपछि हाम्रो सहकारीमा आर्थिक दबाब एक्कासी बढ्न गएको,समयमा भाखा नाघेको कर्जा उठाउन धौधौ परेको, नियमित बचत संकलनमा समस्या पर्दै गएको जानकारी गराउन चाहन्छु । यी सबै देशको बिग्रदो आर्थिक अवस्थाको प्रतिविम्ब हुन् । सुरुआती समयमा दिदीबहिनीहरु मिलेर मासिक १० रुपैयाँ संकलन गरी थालेको पेवाको विस्तारित रुप आजको प्रगतिशील सहकारी हो भन्दा गौरव लाग्ने गर्छ । महिलाहरुले गरेका साहस, त्याग र समपर्णले हामीलाई सहकारीको अभियानमा लाग्ने प्रेरणा थपिदिएको छ । दिदीबहिनीहरु, चुलोचौकाभित्रका बन्धन र क्रन्दनमात्र होइनन् बरु बन्धन र क्रन्दनलाई तोड्न सक्ने सक्षम र आँटिला महिला हुन् भनेर देखाउन सक्ने ठाउँमा पुगिसकेका छन् । त्यसैको परिणाम आजका हामी सक्षम, नेतृत्व महिला हौं । यो सहकारीले भविष्यमा सबै शेयर सदस्यहरुलाई समृद्धिको बाटो हिडाल्ने सुन्दर सपना बोकेको छ । सहकारीप्रति समर्पित हुने सन्देश प्रवाह गरेको छ । प्रगतिशील सहकारी नै हामी महिलाहरुको प्रगतिको बाटो हो भन्ने विचार प्रदान गरेको छ । आफ्ना खुट्टामा आफै उभिन सक्नुपर्छ भनेर उत्साह थपिदिएको छ । ग्रामीण क्षेत्रमा रहेका महिलाहरुलाई गरिखाने बाटो खोलिदिएको छ । उद्यमी तथा व्यवसायी महिलाहरुलाई आर्थिक आधार र प्राविधिक समर्थन दिएको छ । बजार र बजारीकरणका बारेमा जानकारी दिएको छ । प्रविधिमैत्री सहकारीलाई जोड दिएको छ ।

सहकारीलाई पूर्ण महिलामैत्री बनाउने काममा अग्रसरता देखाएको छ । सहकारी नै देशको अर्थतन्त्रको आधार हो भनेर सबै शेयर सदस्यहरुलाई अवगत गराएको छ । दिदीबहिनीहरुका घरायसी समस्या, कानूनी उल्झन, महिला हिंसा, मानवअधिकार र न्यायका लागि कार्यसम्पादनमा सहजीकरण गर्दै आजको अवस्थामा आइपुगेको जानकारी गराउन पाउँदा हर्षित छु ।

आज यो सहकारी दिदीबहिनीहरुका लागि साथी बनेको छ । गल्ती, कमजोरी हुँदा सिकाएको छ । दुःखमा सम्झाएको छ । समस्या पर्दा सघाएको छ । योजना तर्जुमामा साथ लिएको छ । दिदीबहिनीहरुका खुसीमा

रमाउने  र प्रगतिका लागि प्रेरित गरेको छ । सायद यही भएर त होला २५ वर्षको रजत महोत्सव मनाउँदै गर्दा दुई हजार सात सय सात शेयर सदस्यहरु हामीसँग समाहित भएका छन् ।

सहकारीमार्फत कर्जा लिएर दिदीबहिनीहरुले कुखुरापालन, बंगुरपालन, च्याउखेती, तरकारीखेती, गाई तथा भैसीपालन, गार्मेन्ट, टेलरिङ्गका उद्यम, व्यवसाय सञ्चालन गर्दै आएका छन् । उनीहरु हाम्रो सहकारीका अभिन्न अंग र प्रेरणाका स्रोत हुन् । उनीहरुलाई व्यवसायिक योजना निर्माण र कार्यान्वयनमा जोड दिने हाम्रो अभिप्राय रहेको छ । हामीले विभिन्न खालका निक्षेप संकलन गर्दै आएका छौं । बचतमा जोड दिएका छौं । शेयर सदस्यहरुको दुर्घटना वीमा गरिदिएका छौं । नवदुलही प्रवेश, नवशिशु प्रवेश कार्यक्रमलाई प्राथमिकता दिई सदस्यता अभिवृद्धि गर्ने कामलाई जोड दिएका छौं । शोक अनुदानलाई निरन्तरता दिएका छौं । त्यसैगरी हामीले राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघ, रुपन्देही, बचत तथा ऋण सहकारी संघ, लुम्बिनी विशिष्टिकृत सहकारी संघ र महिला उद्यमी उपभोक्ता सहकारी संघ, काठमाडौंको सदस्यता लिइ विविध खालका सेवा र सहयोग प्राप्त गर्दै आएका छौं । ती संघहरुमा हाम्रा पूर्वअध्यक्षहरुले प्रतिनिधित्व समेत गर्नुभएको छ । हामीले प्राप्त गरेको कार्यक्षेत्र (तिलोत्तमा नगरपालिकाका ७, ८, १०, ११ र १२ अनि देवदह नपाभित्रका वडा नं.३, ८ र ९) लाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै एक घर एक सहकारी सदस्यको नारालाई सार्थक बनाउने अभियानमा छौं । यसो गर्न सकिएमा हामीले हाम्रो गन्तव्य फेला पार्न सक्नेछौं । धेरै सदस्य, आर्थिक पक्ष बलियो र सोही अनुसारका योजना, कार्यक्रम तयारी र कार्यान्वयनमा सहज हुने भएकोले सदस्यता अभिवृद्धि गर्नु हाम्रो पहिलो दायित्व हुने आउँछ । यस सहकारीमा समाहित शेयर सदस्यहरुलाई सक्दो आर्थिक क्रियाकलापमा संलग्न गराउनका निम्ति उद्यमशीलता सम्बन्धी तालिम र तालिमपछि उद्यम सुरु गर्नका लागि आवश्यक कर्जाको प्रवन्ध गराउनु हाम्रो जिम्मेवारी ठहर्छ । हामीले आर्थिक, प्राविधिक एवम् सामाजिक जिम्मेवारी वहन गर्दै हाम्रो शेयर सदस्यहरुका जीवनमा आमूल परिवर्तन गर्नु नैतिक दायित्व पर्ने भएकोले सोही मुताविक हामी अग्रसर भएका छौं । संस्था आफैले कृषिसम्बन्धी उद्योग खोल्ने योजना गराएको सुनाउन पाउँदा खुसी लागेको छ । सरकारी,गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरुसँग हातेमालो गर्दै हाम्रो सहकारीलाई राम्रो सहकारी बनाउने प्रण गरेका छौं । समयसमयमा देशमा आर्थिक संकट,मन्दी वा संकुचन देखापर्न सक्छन् । त्यतिबेला सुझबुझका साथ राज्यका नीति, नियम र निर्देशनलाई पालना गर्दै सहकारीहरु अघि बढ्नुपर्ने भएकाले हाम्रो सहकारीले समेत राज्यको ऐन, कानून र निर्देशनहरुलाई पूर्णरुपमा पालना गर्दै शेयर सदस्यहरुको अधिकारको रक्षा गरी सहकारी मर्मलाई मर्न दिएका छैनौं । यतिबेला आर्थिक दृष्टिले देशको अवस्था संकटग्रस्त छ । सरकारको तीनखम्बे आर्थिक नीति अन्तर्गत सहकारी पनि एक हो । देशमा आर्थिक संकट पर्दा सहकारीमा समेत संकटको कालो बादल मडारिन सक्छ । त्यसैले हामीहरु स्वच्छ र स्वस्थ मनले संकटको घडीलाई पार लगाउने दिशामा अग्रसर हुनुपर्छ ।

देशमा धेरै सहकारीहरु डुब्दै गएको, सञ्चालकहरु भाग्दै गरेको, शेयर सदस्यहरुले आफूले लगेको कर्जा समयमा नबुझाएको, तिर्नेबेला भागेको, लुकेको, फरार सञ्चालकहरु पक्राउ परेका समाचारहरु दिनहुँ पढ्न पाइएका छन् । यस्ता समाचारहरुले हाम्रो सहकारीमा समेत असर पर्न सक्ने भएकाले समयमै हामीले हाम्रो सहकारीलाई आर्थिक अनुशासनभित्र राख्नुपर्ने देखिन्छ । हामी सोही अनुसार अघि बढिरहेका छौं ।

संस्थालाई पारदर्शी बनाएका छौं । शेयर सदस्यहरुप्रति उत्तरदायी छौं । सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरेका छौं । हामीले विगतमा प्राप्त गरेका मान, सम्मान, प्रशंसालाई कायम राख्दै थप उर्जाका साथ आफ्ना गतिविधिहरुलाई अघि बढाउँदै देशकै नमूना र उदाहरणीय सहकारी बनाउने सपना साँचेका छौं । यसलाई मूर्तरुप दिन हामी सबै कम्मर कसेर लाग्नुको विकल्प छैन !



# पूर्वअध्यक्षका नजरमा
# प्रगतिशील सहकारी

# हाम्रो सहकारी हाम्रै रजत यात्रा



**जमुना गिरी**
संस्थापक अध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

मासिक १० रुपैयाँ बचतबाट शुरु भएको हाम्रो सहकार्य, सहकारीमा परिणत भएपछि करोडौंको कारोवार गर्दै सबैको आर्थिक, सामाजिक एवम् सांस्कृतिक प्रगतिको सहयात्री बन्नु पक्कै गौरवको विषय हो । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारीको २५ वर्षे ऐतिहासिक क्षणमा आईपुग्दा उतिवेला चौरमा बसेर २६ जना महिलाहरुले दुई हजार छ सय रुपैयाँ शेयर पुँजी, मासिक बचत १० रुपैयाँ जम्मा गर्दै मेरो अगुवाईमा सहकारी जन्माएको स्मरणले मलाई गौरवान्वित बनाएको छ ।

गरिवी, अभाव, अशिक्षा, उत्पीडन, बेरोजगारी, विभेद, कुसंस्कारको जाँतोमा पिल्सिएका महिलाहरुसहित सिंगो परिवारको आर्थिक उन्नतिका लागि महिलाहरु कै सक्रियतामा महिला तथा बालबालिका कार्यालयद्वारा प्रवर्द्धन भई २०५४/०७/१० गते तत्कालीन डिभिजन सहकारी कार्यालय रुपन्देहीमा विधिवत दर्ता भई अगाडि बढेको कुरा तपाई हामी सबैलाई अवगत नै छ । महिलाहरुले व्यक्तिगत इच्छा चाहनाहरुलाई थाँती राख्दै हजारौं परिवारको सुख, दुःखको सहयात्री बनेर करोडौंको पुँजीमा परिणत भएकोमा मैले निकै सुखद् अनुभूति गरेकी छु । यो सहकारी रुपन्देहीको तिलोत्तमा १० मा मात्रै नभएर देशभरका सबै महिलाहरुका सामू उदाहरणीय बन्नुमा संस्थामा आवद्ध सबै पौरखी महिलाहरुका साथ, सहयोग, सक्रिय सहभागितावाट सम्भव भएको हो । प्रगतिशील सहकारीले महिला मात्रै नभएर परिवार, समाज र देशको आर्थिक उन्नति र उत्थानमा समेत अतुलनीय योगदान दिएको हामीले महसुस् गरेका छौ । संस्थाको २०७८/०७९ को अडिट रिपोर्ट अनुसार अहिले २ हजार ७ सय ७ महिला सदस्य छन् । २ हजार २ सय ६० बाल सदस्य रहेका छन् । कूल सम्पति २८ करोड ११ लाख २१ हजार ७ सय १९ रुपैयाँ पुगेको छ । सहकारीको कूल वचत २३ करोड २६ लाख ६८ हजार रुपैयाँ रहेको छ । यो सहकारीले २० करोड ५५ लाख कर्जा लगानी गरेको छ भने १ हजार ७५ जना ऋणी सदस्य रहेका छन् । संस्थाको शेयर पुँजी २ करोड २० लाख ८० हजार र जगेडा कोष ९४ लाख ६१ हजार ५ सय १९ रुपैयाँ रहेको छ । तरलता रकम ६ करोड २४ लाख ४१ हजार रहेको छ । यो सहकारीले बचतको व्याज दर ३ देखि १३ प्रतिशत दिन्छ भने ऋणको व्याजदर १० देखि १२ प्रतिशत लिदै आएको छ । ४४ लाख ७३ हजार खुद नाफा गरेको यो सहकारीले राज्यलाई आयकर वापत १ लाख ८९ हजार ८ सय १७ रुपैयाँ तिरेको छ । प्रगतिशीलको कार्यक्षेत्र तिलोत्तमाको ५ वटा वडा र देवदह नगरपालिकाको ३ वटा वडा कार्यक्षेत्र रहेको छ ।

गाउँले परिवेशमा सीमित महिलाहरुका सहभागितामा थोरै पूँजी बचत गरेर २५ औं बर्षको यात्रासम्म आईपुग्नु त्यति सजिलो थिएन । अत्यन्त न्यून आम्दानी भएका गरिव महिलाहरुले मुष्ठी वचतबाट उठेको चामल बेचेर जम्मा गरेको रकमले चामत्कारिक ढंगले प्रगति गर्नुमा उहाँहरुको माया, सद्भाव र सक्रिय सहयोगले सम्भव भएको हो । त्यसका लागि सरोकारवाला

सवै महिला र सहयोगदाताहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो सहकारी स्थापना हुनु अघि गरिव परिवारको घर परिवार र गाउँमा कोही विरामी परेमा, जन्मिएमा, विहे गर्दा, मर्दापर्दा, सुख, दुःख जे जस्तो सानो ठूलो व्यवहार आई परेमा,गाउँका साहु,महाजनको दैलोमा हात फैलाउनु पर्ने बाध्यता थियो । साहुबाट हेला, अपमान र तिरस्कारसहित चर्को व्याजदरमा लिएको रकम फिर्ता गर्न नसक्दा कतिपयको उठिवास भएको तितो यथार्थता हामी सबैले देखे भोगेको हौं । घरको मुलीले राम्रोसँग काम नगर्दा महिलाको काँधमा बालबच्चा हुर्काउने, घरधन्धा, चुल्होचौको, खेतवारी सबैतिरको जिम्मेवारी आई परेको अवस्थाले धेरै दिदीवहिनीहरुको जिन्दगी कष्टकर बनेको देख्दा मेरो मन, मस्तिष्कमा प्रगतिशील सहकारीको दियो बलेको थियो । यही दियोमा सबैले तेल थप्दै, सलेदो फेर्दै यहाँसम्म आइपुग्दाको यात्रा सुनाउन पाउँदा खुसी छु ।

घरवाहिर सामाजिक काम गर्नु त टाढाको कुरा, रुढीवादी संस्कारले जकडिएको समाजमा महिलाहरुले पति र परिवारका अन्य सदस्यहरुवाट कुटपीट, उत्पीडन सहनुपर्ने बाध्यता रहेको परिवेशमा सबै महिलाहरुलाई आर्थिक उत्थान र उन्नतिका लागि गोलबद्ध गर्नु कम चुनौतीपूर्ण थिएन । फेरिपनि हरेक चुनौती र समस्यासँग संघर्ष गर्ने अठोटका साथ मैले आफ्ना योजना दिदीवहिनी र आमाहरुसँग राख्दा उहाँहरुले सहर्ष स्वागत गर्दै जसरी साथ, सहयोग गर्नुभयो त्यसैको निरन्तरताले आज हामी २५ औं वर्षको अवसरमा रजत महोत्सव मनाउन सफल भएका छौं । गरीवी, अभाव, अशिक्षा, शोषण र उत्पीडनले पिल्सिएका महिला र घरपरिवारमा एक छाक टार्न त मुस्किल थियो भने बचतको कुरा त निकै परको । यस्तो अवस्थामा कतिपय दिदीवहिनीहरुले आफु र परिवारको गाँस कटाएर मुष्ठीबाट उठेको चामल वेचेर जम्मा गरेको रुपैयाँ संकलन गरी वचत गर्ने बानीको विकास गर्नु भएको थियो । बचतसँगै हामीले जीवनस्तर उकास्नका लागि बचतसँगै नियमित आम्दानीको ढोका पनि खोल्नका लागि सामुहिक सहकार्यमा जोड दियौं । त्यसका लागि तिलोत्तमा नगरपालिका युएनडीपी र संस्थाको संयुक्त साझेदारीको २० वटा कृषक समुहमा सामुहिक चक्लाबन्दी ६२ विघा जमिनमा आलुखेती, १७ वटा कृषक समुहमा सामुहिक तरकारीखेती, १० वटा कृषक समुहमा सामुहिक च्याउखेती लगायतका कार्यक्रम संचालन गरियो । आलु प्रवर्द्धन कार्यक्रम गरेर हाम्रो गाउँठाउँलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने अभियानमा हाम्रो सहकारीको साथ रह्यो ।

घरपरिवार र समाजमा गरिवीसँगै अशिक्षा, भेदभाव, कुरीति ठूलो चुनौतीको रुपमा रहेकोले त्यसका विरुद्ध प्रगतिशीलले अभियान चलायो । रकम लेनदेनमा मात्रै सीमित नरहेर समग्र महिलाहरुको हकहित, न्याय, समृद्धि, समानताका लागि अनेक जातीय, लैंगिक, आर्थिक, सामाजिक विभेदहरुका विरुद्ध बुलन्द आवाज उठाउँदै आएको छ । प्रगतिशीलले महिलाको स्वास्थ्यमा उतिकै चासो र चिन्ता लिदै उपचारमा सहयोग गर्दै आएको छ । पाठेघर खस्ने समस्यावाट पीडित महिलाहरुको स्वास्थ्य परीक्षण गरेर उपचार गर्ने, मातृशिशु सुरक्षाका लागि ध्यान दिने, गर्भवती, सुत्केरी, शिशुको स्याहार, सुरक्षा र पोषणमा सहयोग गर्दै आएको छ । समाज परिवर्तनमा उल्लेखनीय रचनात्मक काम गरेकोले धेरै निकायवाट पुरस्कृत भइसकेको छ ।

सहकारीमार्फत समृद्धिको काम गर्न सकिने सशक्त उदाहरण दिन सफल प्रगतिशील सहकारी, मेरो अगुवाईमा स्थापना भएपनि यसको सफलतामा कुशल नेतृत्व, सदस्य र कर्मचारीहरुको सामुहिक सक्रियता र योगदानमा सबैको हात रहेको छ । प्रगतिशील महिला विकासको प्रगतिलाई गौरवमय उचाईमा लैजान हजारौं महिला सदस्यहरुको मिहिनेत, पसिना, इमान्दारिता मिसिएको छ । स्थानीय समाजसेवी, राज्यका विभिन्न निकाय र पदाधिकारीहरुका, साथ, सहयोग र समर्थन रहेको छ । सहकारीको २५ वर्षे सुखद् यात्रामा हरपल सक्रिय साथ र सहयोग गर्नु हुने सम्पूर्ण सदस्य र शुभचिन्तकहरुप्रति हार्दिक आभारसहित आगामी दिनमा समेत सद्भाव र सहयोगको अपेक्षा गर्दछु ।



# प्रगतिशील सहकारीसँगै म

**पार्वती खत्री**
पूर्वअध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको संस्थापक सदस्य एवम् संस्थाको दोस्रो अध्यक्ष हुँदाका कथाव्यथा मसँगै थुप्रै छन् । संस्थापक अध्यक्ष जमुना गिरीसँगै झरि, बादल, वर्षात्, हूरि, बतास, जाडो, गर्मी नभनी संस्था दर्ता गर्न हिडेका अनेक हण्डरलाई विस्तार गरी लेख्ने नै हो भने एउटा सिंगो पुस्तक बन्न सक्छ । हामीले खोल्ने सहकारीका बारेमा दिदीबहिनीहरुलाई कुरा बुझाउन नसक्दा हैरान हुनु परेको,कुरा बुझेपनि सदस्य हुन नखोजेको, सदस्य हुनेले पनि तत्कालै विश्वास नगरेका तीतापीरा कुराले यतिबेला आफैलाई अनौठो लागेको छ । जीवनमा गरेका अनेक कर्महरुमध्ये यो सहकारीसँगको सहयात्रा, सहकार्य मेरा लागि बिर्सिनै नसकिने छन् । मलाई यो सहकारीले सहकारीमात्र बुझाएन,जीवन र जगतसँग भेटायो । जीवनको अर्थ र जगतको परिभाषा सिक्न बाध्य बनायो ।

सहकारीमा लागेर पैसा जम्मा गर्ने,कर्जा बाँड्ने काममा मात्र म सरिक भइनँ । त्यसको नेतृत्व तहमा पुगेर नेपाली समाजको दोस्रो दर्जामा रहेका वा पछाडि पारिएका महिलाहरुका हकहित र अधिकारका क्षेत्रमा समेत निरन्तर क्रियाशील हुने अवसर मिल्यो । बालअधिकार, मानवअधिकार, गर्भवती, सुत्केरी र पोषणबाट टाढा हुने परेका महिलाहरुका सन्दर्भमा सेवा,सहयोग र आवाज उठाउने काममा समेत मैले आफूलाई सहभागी गराउने अवसर मिलेको थियो । हाम्रै गाउँठाउँका महिलाहरुले श्रीमान्‌बाट ठगिन परेको,हेलाहोचोमा पर्न परेको,नागरिकता वा विहे दर्ता हुनबाट बञ्चित हुने परेका अवस्थाहरुलाई नजिबाट नियाल्दै उनीहरुका अधिकारलाई स्थापित गर्न कम्मर कसेर लागेको इतिहास आजपनि सम्झिरहेकी छु । बालविवाह न्यूनीकरण,महिला हिंसाविरुद्धको अभियानमा सबै दिदीबहिनीहरुसँग अघि बढेको ताजै छ मनमा । महिलाहरुलाई सहकारीका माध्यमबाट आर्थिक उपार्जनमा लगाएर उद्यमी बनाउन हाम्रो संस्थाले खेलेको भूमिकाप्रति मलाई आत्मसन्तोष मिलेको छ । गाउँमा स्वच्छ पिउने पानीको व्यवस्थापन,सरसफाइ र गरिवी न्यूनीकरणका लागि सहकारीका सहयोगले गरेका कामहरुप्रति मलाई गर्व महसुस् हुने गर्दछ । सहकारी शिक्षा, घरदैलो भेटघाट, सहकारी सम्बन्धी तालिम, गोष्ठी र सेमिनारमा सहभागी हुने अवसरले हाम्रा दिदीबहिनीहरुलाई सहकारीप्रति आकर्षण बढाएको थियो । मैले मेरो कार्यकालमा समितिका साथीहरु, कर्मचारी लगायतका साथीहरुबाट जेजस्ता सहयोग प्राप्त गरें,त्यसप्रति नतमस्तक छु । जीवनको एउटा कालखण्डमा फोटो झुण्ड्याउने अध्यक्षमात्र भइनँ म, बरु मैले साथीहरुसँगको सहकार्य र सहयात्रामा लागेर आजको गरिमामय सहकारी बनाउने अभियानमा सहयोगी बन्न सक्ने भएकी छु । अहिले हाम्रा गाउँठाउँमा प्रशस्तै सहकारीहरु छन् तरपनि मलाई मेरै सहकारी उत्कृष्ट,नौलो र प्रभावकारी लाग्ने गरेको छ । पुरानो भएर मात्र होइन,नयाँ उत्साह, उमंग र प्रविधिमैत्री सहकारी बन्न सकेको,मपनि संस्थापक हुँ र कुनै बेलाको अध्यक्ष थिएँ भन्ने कुराले मलाई सगरमाथामा पुगेको अनुभव हुन्छ ।

हाम्रो सहकारीले रजत वर्षको अवसरमा रजत महोत्सव मनाउँदैछ । यसको सन्दर्भमा रजत स्मारिका समेत प्रकाशन गरेको छ । यो परिवेशमा मैले आफ्ना इतिहासका कुरा लेख्न पाउँदा खुसी भएकी छु । वर्तमानमा सीता न्यौपानेको नेतृत्वमा सहकारीले गतिशीलता लिएको छ । भविष्यमा यो सहकारीले थप प्रगति,उन्नति गर्दै जाओस् । जीवन रहेसम्म यही सहकारीमा आफ्ना क्षमता,योग्यता प्रदर्शन गर्ने नै छु ।



# विगतलाई फर्केर हेर्दा

**दुर्गा आचार्य**
पूर्वअध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

कथित समाजले महिलाहरुलाई पोथीको उपमा दिएको छ । केही तर्क, विचार वा भावना अभिव्यक्त गर्दा महिलाहरुलाई ब्यङ्ग गरेर 'कति पोथी बासेको' भनिन्छ। पोथी बासेको राम्रो हुँदैन। मुख हुँदाहुँदै नाकले पानी पिउने, खुट्टा भए जुत्ता कति हो कति जस्ता महिला बिरोधी उखान,टुक्का कानै फुट्ने गरी सुनाइन्छन् ।

हामी बसेको समाजमा महिलालाई हिंसाको दृष्टिले हेर्नेमा मात्र होइन धेरै दिदीबहिनीको नागरिकता बनाइ दिन घरका परिवारको आनाकानी थियो। नागरिकता बनाई दियो भन्ने अंश र बंशमा दाबी गर्छे भन्ने गलत धारणा थियो । हाम्रो कार्यक्षेत्रमा आदिवासी, जनजाति, क्षेत्री, ब्राह्मण लगायत विभिन्न जातजातिको बसोबास रहेको छ । धेरै दिदीबहिनीहरु शिक्षाको उज्यालोबाट वञ्चित हुनुपरेको छ । चेतनाको कमीले गर्दा आफ्ना हकअधिकारबाट बञ्चित हुनुहुन्थ्यो ।

त्यसैले गर्दा उहाँहरुले आफ्नै कर्मलाई दोष दिने, हामीलाई किन नागरिकता चाहियो श्रीमान्को छँदैछ भन्नेमा विश्वस्त हुनुहुन्थ्यो । जब संस्थाले संस्थागत सुधारका काम गर्न थाल्यो तत्पश्चात बिनानागरिकता संस्थामा सदस्य बन्न नपाउने भएपछि नागरिकताको आवश्यकता र महत्व बुझ्न थाल्नु भयो । घरमा नागरिकता बनाउने कुरा गर्दा, झगडा हुने, नागरिकता किन चाहियो भन्ने, संस्थाले चलाख बनायो, बाठो बनायो । धेरै कुरा सिकायो भनेर संस्थालाई गाली गर्ने, यस्ता नाइकेहरु काम छैन भन्ने अनेक थरिका कुरा सिकाउने, घर भाँड्ने सहकारीमा किन बस्ने ? काम पाउँदैनन, अनेक कुरा सिकाउँछन् भनेर लाञ्छाना लगाउने र विभिन्न गलत उपमा दिने गरिन्थ्यो । तरपनि हामीले हरेस नखाई महिलाहरुलाई संगठित गर्दै गयौं । नागरिकता र बच्चाको जन्मदर्ता, विवाह दर्ता जस्ता कुरालाई प्राथमिकता लागि तत्कालीन मक्रहर गाविसमा गई सचिवसँग छलफल गरी जबसम्म विवाह दर्ता हुँदैन, बच्चाको जन्मदर्ता हुँदैन, गरिदैन तबसम्म अरूको काम सिफारिस नगरी दिन गरेको अनुरोधलाई सचिवले चासो लिई श्रीमान् श्रीमतीको विवाह दर्ता र नागरिकता आवश्यक पर्छ नत्र बच्चाको जन्मदर्ता हुँदैन भनेर काम गर्नुभयो । त्यसपछि धेरै दिदीबहिनीहरूको नागरिकता बन्यो । संस्थामा शेयर सदस्यको संख्या बढ्दै जान थाल्यो । सँगसँगै शेयर र बचत पनि बढ्यो ।

यसरी संस्थाले बचत र शेयरको दायरा फराकिलो बनाउँदा ऋणको माध्यमबाट सदस्यले आर्थिक गर्जो टार्ने, व्यवसाय सञ्चालन गर्ने छोराछोरीलाई पढाउने, वैदेशिक रोजगारमा जाने छोराछोरी, श्रीमान् श्रीमतीलाई ऋण उपलब्ध गराउने, आफूले के कामको लागि ऋण चाहिएको हो त्यहीअनुसार निवेदन आउँछ र सोही अनुसारनै ऋण उपलब्ध गराइयो । संस्थाले सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा कार्य गर्दै आएको छ । संस्था दिदीबहिनीको सहारा बनेको छ । जन्मदेखि मृत्युसम्म संस्थासँगै हुन्छ । जन्मदा खुसी बाँड्ने मृत्युहुँदा समवेदना प्रकट गर्ने र राहत सहयोग उपलब्ध गराउने गरेको छ । यसरी दुःखमा परेकालाई साथ र सहयोग एवम् अन्यायमा परेकालाई अन्यायका बिरुद्ध आवाज

उठाउने र सहयोग गर्ने गरेको छ । हिजो संस्थालाई हिंसाको दृष्टिकोणले हेर्ने दाजुभाइ, आज संस्थाले गरेको कामबाट प्रभावित भई संस्थाप्रति सकारात्मक हुँदै जानु भएको छ । सुखको अवस्थामा संस्थाले रु १०००।-बाट लगानी गर्न थालेकोमा समयक्रमसँगै सदस्य वृद्धिको साथै शेयर पूँजी र बचतमा वृद्धि भएको छ। ऋणको दायरा फराकिलो हुनुका साथै धेरै सदस्यहरु व्यवसायतर्फ उन्मुख हुनु भई आयआर्जन बढाउन सफल हुनुभएको छ । समाज र घर परिवारले महिलालाई हेर्ने दृष्टिकोण फेरिएको छ । समाजमा आत्मसम्मान बढेको छ। नेतृत्व गर्ने क्षमता बढेको छ। निर्णयमा पहुँच वृद्धि भएको छ।

यसरी सहकारी संस्थामा आबद्ध भएर समाजमा रुपान्तरणको लागि काम गरिरहँदा आफ्नो कार्यकालमा भए गरेका कामलाई संक्षिप्त रूपमा लिपिबद्ध गर्दछु । बचत गर्ने बानीको वृद्धिका साथै बचत निरन्तरता, फजुल खर्च कटौती गरी बचतलाई बढवा दिने उद्देश्यले ऐच्छिक, मासिक, पेन्सन, दैनिक तथा बालबचत संकलन तथा बीमाको व्यवस्था गरेको, कार्यक्षेत्र साविक मक्रहर गाविसमा मात्र नभई देवदह ६ र ८ केरवानी गाविसको वडा नम्बर ६ थप गरेको, आयमूलक व्यवसाय सञ्चालन वैकल्पिक उर्जा, शिक्षा, पारिवारिक स्वास्थ्य सुधार, विनाधितो सहुलियत ब्याजदरमा ऋण लगानी गरेको, संस्थाको शेयर सदस्यका छोराछोरीलाई सहभागी गराई बालक्लव गठन गरी क्लबका सदस्यहरुलाई उद्घोषण तालिम, वक्तृत्वकला प्रतियोगिता भित्तेपत्रिका लेखन तालिम दिइएको थियो । किशोरकिशोरी समूह गठन गरी सीपमूलक तालिम दिइएको थियो । राहत बचतको सुरुवात गरी रु १००।- प्रतिव्यक्ति उठाई मृत्यु पश्चात सदस्यको परिवारलाई रु.१०,००।- प्रदान गरी शोकसभा आयोजना गर्ने कार्यको थालनी गरेको, गोबरग्यास प्लान्ट निर्माण सुरु गरेको, सिलाईकटाई तालिम गरेको,बृद्धा तथा दीर्घरोगीलाई औषधि उपचार र अपांगता भएका व्यक्तिलाई परिचयपत्र बनाउन महिला तथा बालबालिका कार्यालयलाई सिफारिस गर्ने कामलाई जोड दिइएको थियो ।

सहकारीका सदस्यहरुलाई अवलोकन भ्रमण तथा चेतनामूलक ऱ्याली आयोजना गरेको,असहाय पीडित सदस्यलाई व्याज हर्जना मिनाहा गर्ने व्यवस्था गरेको, आधुनिक प्रविधिको विकाससँगै कम्प्युटरको माध्यमबाट लेखा राख्न सुरु गरेको, विभिन्न किसिमका चेतनामूलक कार्यक्रम, सीपमूलक कार्यक्रम तथा प्रतियोगिताको आयोजना गरेको, महिला सशक्तिकरण तथा विभिन्न दिवसका अवसरमा कार्यक्रमहरु सचालन गरिएको थियो । महिला तथा बालबालिका कार्यालय र डिभिजन सहकारी कार्यालयको सहयोगमा सहकारी शिक्षा, लेखा तथा सीपमूलक, आयमूलक तालिमहरुको आयोजना गरेको, महिला तथा बालबालिका कार्यालयको सहयोगमा महिला हिंसाविरुद्धको कार्यक्रम सञ्चालन गरिएको थियो। घरेलुहिंसाबाट पीडित महिला तथा पछाडि पारिएका वर्गका मानिसहरूलाई निःशुल्क कानूनी परामर्शको व्यवस्था गरेको, विभिन्न शिविर तथा अन्तर्क्रिया कार्यक्रमहरूको आयोजना भएका थिए । सिंचाईको लागि ढिकी पम्प गाडिएको, प्राकृतिक प्रकोप तथा आगलागी जस्ता समस्यामा परेकालाई आकस्मिक राहतकोषको व्यवस्था गरेको, फिनिडाको सहयोगमा पानीमा आर्सेनिक परीक्षण गरेको, जग्गा माग गरी जिल्ला विकास समिति र गाविसको सहयोगमा भवन निर्माण कोठा थप गरेको, बिक्रि कक्ष सञ्चालन गरिएको थियो। ऐन बनाउन, उद्योग सञ्चालन गरेको, रेमिट (विप्रेषण) सेवा सञ्चालनमा सहयोग भएको थियो । महिला तथा बालबालिका कार्यालयको सिफारिसमा २०६२/२०६३ मा राष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल भएको,महिला तथा बालबालिका कार्यालयबाट रु ५०,०००।- को सहयोग प्राप्त गरेको, महिला तथा बालबालिका कार्यालयबाट बिक्री कक्ष सञ्चालनको लागि रु

३,२५,०००।- सहयोग प्राप्त गरेको,मक्रहर गाविस कार्यालयबाट भवन निर्माणको लागि रु ८०,०००।- सहयोग प्राप्त गरेको,कारितास नेपालसँग समन्वय गरी १० वटा समुहमा महिला सशक्तिकरण र आयआर्जनको क्षेत्रमा रु १,४०,०००।- बराबरको काम गरेको र १० वटा समूहलाई घुम्तीको सञ्चालन गर्न रु १,२०,०००।- सहयोग प्राप्त भएको थियो । जसलाई कार्यान्वयन गरी ३ जना कर्मचारी परिचालन भएका थिए । तत्कालीन जिल्ला विकास समिति, रुपन्देहीबाट भवन निर्माणको लागि रु १,७३,०००।- सहयोग प्राप्त गरेको,सेन्टर फर माइक्रो फाइनान्सबाट एक थान कम्प्युटर प्राप्त भएको थियो ।

२०६८ कात्तिक १३ गतेदेखि २० गतेसम्म भारतको हरियाणाको अवलोकन भ्रमण तथा तालिममा म आफू सहभागी भएकी थिएँ । चेलीबेटी बेचबिखन तथा लागूपदार्थ दुर्व्यसनी सम्बन्धि तालिम, गोष्ठी र उपचारका लागि सेवा केन्द्रमा सिफारिस गर्न व्यवस्था गरेको,संस्थाको कार्यालय भवनमा रङरोगन गर्न जिल्ला विकास समितिबाट रु २,५०,०००।- सहयोग प्राप्त गरेको, ज्येष्ठ सदस्य सम्मान, संस्थापकलाई सम्मान, असल ऋणी सम्मान, उत्कृष्ट एकाइ अध्यक्ष सम्मान, उत्कृष्ट कर्मचारी सम्मान गर्ने प्रचलनको सुरुआत् गरिएको थियो । S.L.C र SEE मा उत्कृष्ट अङ्क ल्याउने सामुदायिक विद्यालय र संस्थागत विद्यालय १/१ जनालाई पुरस्कृत गर्ने कार्यको शुरुवात गरेको,२०६४ सालमा डिभिजन सरकारी कार्यालयबाट सहकारी दिवसको अवसरमा उत्कृष्ट अध्यक्षको रुपमा सम्मानित भएकी थिएँ । २०६९ मा प्रथमपटक स्मारिका प्रकाशन गर्दाको खुसी महसुस् आज पनि हुने गरेको छ । १० वर्षपछि रजत महोत्सवका अवसरमा पुनः स्मारिका प्रकाशन भएको खबरले म पुलकित छु ।

मैले संस्थाको नेतृत्व गरी रहँदा सहकारी अभियानद्वारा संस्थाको सदस्य परिवारको उन्नति,प्रगति र समाज रुपान्तरणका कुरा गर्दा तपाईहरुले जुन विश्वास र भरोसा गरी मलाई एक कार्यकालको सञ्चालक सदस्य दुई कार्यकालको लेखा सुपरीवेक्षण समितिको संयोजक, दुई कार्यकाल जिल्ला सहकारी संघको संचालक सदस्य, तीन कार्यकाल संस्थाको अध्यक्ष र साविक मक्रहर गाविसमा मेलमिलाप संयोजक भई काम गर्ने मौका दिनुभयो । यो अवसर र प्रदान गर्ने प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि., शेयर सदस्यज्यूहरु, संस्थाका कर्मचारी, शुभचिन्तक, शुभेच्छुकप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

संस्थाको उन्नति र प्रगतिमा सधैं हातेमालो गर्ने नै छु। संस्था बलियो बनाउने अभियानमा सधैं,सक्दो रुपमा क्रियाशील हुने नै छु । संस्थाबाट सिकेका कुराहरु आफ्नै घर, परिवार, समाज र राष्ट्रका निम्ति अर्पित गर्नेनै छु । संस्थाबाट प्राप्त ज्ञान, सीप र व्यवहारले मलाई समाजमा दुर्गा भनेर पहिचान दियो,परिचय दियो र सबैकाबीचमा प्रसिद्धि दिएको महसुस् गरेकी छु ।

**“संस्थाको उन्नति र प्रगतिमा सधैं हातेमालो गर्ने नै छु। संस्था बलियो बनाउने अभियानमा सधैं, सक्दो रुपमा क्रियाशील हुने नै छु। संस्थाबाट सिकेका कुराहरु आफ्नै घर, परिवार, समाज र राष्ट्रका निम्ति अर्पित गर्नेनै छु। संस्थाबाट प्राप्त ज्ञान,सीप र व्यवहारले मलाई समाजमा दुर्गा भनेर पहिचान दियो,परिचय दियो र सबैकाबीचमा प्रसिद्धि दिएको महसुस् गरेकी छु।”**

# आमाको दोस्रो रुप प्रगतिशील सहकारी



**राधा पोखरेल (थापा)**
पूर्वअध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

**संस्थाले भावी दिनहरुमा अशिक्षा, गरिबी निवारण, वेरोजगारी, सामाजिक विकृति, घरेलु हिंसा तथा समाजमा हुने विभिन्न खालका अपराधलाई हटाउँदै विकास निर्माणको क्षेत्रमा अझ बढी प्रभावकारी रुपमा कार्यसम्पादन गरी आफ्नो इतिहासलाई कायम राख्दै जोस,जाँगर र स्वःस्फूर्त रुपमा आफ्नो नाम वर्तमान र भविष्यका पानाहरुमा स्वर्णअक्षरमा लेख्न सकोस् ।**

संस्थामा आवद्ध भएको २५ वर्षको यात्रामा आफू नेतृत्वमा रहेर काम गर्दा शेयर सदस्यहरुले दिनु भएको जिम्मेवारीलाई मेरो, विवेक, क्षमता र सीपले भ्याएसम्म संस्थाको गरिमालाई उँचो राख्ने काम गरेको महसुस् गरेकी छु । संस्थाबाट प्रेरित भई कार्यसम्पादन गर्दा समयसापेक्ष नीति, निर्माण गर्दै कर्मचारी, सञ्चालक तथा उपसमितिहरुका लागि तालिमको आयोजना गरी संस्थालाई राष्ट्रियरुपमा स्थापित गर्न सफल भएका छौं । यो खुसी यसै स्मारिकामार्फत बाँड्न चाहन्छु ।

संस्थाको पहिचान लक्ष्य र उद्देश्य प्राप्तिका लागि गरिएका सकारात्मक प्रयासहरुले हामीलाई खुसी एवम् अवसर प्रदान गरेका छन् । संस्थाको पञ्चवर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा लागेका छौं । त्यसैगरी विभिन्न तालिम तथा कार्यक्रम संचालन गर्दै सञ्जाल विस्तार, लक्षित समूह पहिचान सेवामा प्रवर्द्धन र सुधारका कामलाई अघि बढाएका थियौं ।

हाम्रै कार्यक्षेत्रका तथ्यांक संकलन, तालिम, गोष्ठी तथा विभिन्न प्रतियोगिता सञ्चालन गर्दै विकास निर्माण तथा कार्यपहिचान तथा समुचित परिचालन, सेयर बिक्री, बचत संकलन गरि आयआर्जनको क्षेत्रमा ऋण लगानी गरी शेयर सदस्यका आर्थिक हैसियतमा टेवा पुराएका थियौं ।

हामीले संस्थाको नीति तथा कार्यविधिहरु तयार गरेका थियौं । जसमध्ये संस्थागत नीति,बचत नीति, सेयर बिक्री, आर्थिक तथा प्रशासनिक नियमावली र कर्मचारी नीति हुन् ।

संस्थागत क्षमता अभिवृद्धि अन्तर्गत सञ्चालक समिति लेखा समिति, कर्मचारीलाई संस्थागत विकास र व्यवस्थापन तालिम उच्चस्तरीय नेतृत्व विकास तालिम, संस्थाको नीति नियम सहकारी ऐन, नियमावलीको बारेमा जानकारी, कर्मचारी क्षमता अभिवृद्धिका कार्यक्रमले संस्थालाई फाइदा पुगेका थिए । आधाभूत

लेखापाल तथा अनुगमन तालिमहरु,आवश्यकता अनुसार संस्थागत विकासका तालिमहरु सञ्चालन भएका थिए । संस्थाको संस्थागत नीति, नियमको बारेमा इकाई समितिका पदाधिकारीहरुलाई आधारभूत तालिमहरु दिइएको थियो । नेतृत्व विकास, अध्ययन, अवलोकन, भ्रमण, धितो मूल्यांकन तालिम, व्यवसायिक योजना निर्माण तथा लेखन तालिम, परिवर्तनका लागि आधारशिला तालिमले सहकारीले फड्को मारेको थियो ।

सहकारी ऐन, नियम र सिद्धान्तको परिपालन गर्दै डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट,रुपन्देही जिल्ला उत्कृष्ट व्यवस्थापकको रुपमा २०७१ सालमा व्यवस्थापक जमुना गिरी सम्मानित हुनु भएको थियो । त्यसैगरी डिभिजन सहकारी कार्यालय भैरहवाबाट संस्थाको अध्यक्ष म राधा पोखरेल (थापा) सहकारी ऐन नियम र सिद्धान्तको परिपालना गरेकोमा उत्कृष्ट महिला सहकारी सञ्चालकको रुपमा २०७३ मा सम्मानित भएकी थिएँ । राष्ट्रिय सहकारी संघ, नेपालले ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी व्यवसायी पुरस्कारबाट पुरस्कृत भएको खबरले हामी उत्साहित भएका थियौं । ग्रामीण तहमा बसोबास गर्ने जनता, जोसँग सूचनामा प्रत्यक्ष रुपमा सहभागिता छैन, त्यस्ता जनतालाई सस्तो दरमा इन्टरनेटको पहुँचका लागि नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको सहयोगमा सामुदायिक सूचना केन्द्र स्थापना गरिएको थियो । संस्थाले वातावरण सरसफाइ कार्यक्रम र गोबरग्यास प्लान्ट निर्माणमा विशेष कार्यक्रम सञ्चालन गरेको थियो ।

> **राष्ट्रिय सहकारी संघ, नेपालले ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा लुम्बिनी प्रदेशको उत्कृष्ट सहकारी व्यवसायी पुरस्कारबाट पुरस्कृत भएको खबरले हामी उत्साहित भएका थियौं ।**

यो संस्थाले राष्ट्रिय पुरस्कार तथा विभिन्न विधामा पुरस्कार प्राप्त गर्न सफल भएता पनि बढ्दो महिला हिंसा, मानव वेचबिखन लागूपदार्थ ओसारपसार तथा सेवनका कारण राष्ट्रकै चुनौतीको रुपमा रहेको यस समस्यालाई हामीले केही हदसम्म भएपनि न्यूनीकरण गर्दै अगाडि बढिरहेको परिस्थिति र शेयर सदस्यहरुमा बचत गर्नुपर्छ भन्ने बानीको साथसाथै विभिन्न घरेलु तथा व्यवसाय र सीपमूलक तालिममा संलग्न गरी आर्थिक रूपान्तरणको लक्ष्य लिएको थियो । जसका लागि सीपमूलक तालिम तथा कार्यक्रमहरु संचालन भएका थिए ।

जिल्लास्तरीय समन्वयात्मक गोष्ठी संचालन, गा.वि.स स्तरीय सञ्जाल गठन,महिला हिंसा विरुद्धको १६ दिने अभियान, घुम्ती कानुनी शिविर,महिला हकअधिकार सम्बन्धी तालिम, महिला हिंसाविरुद्धको अभियान, लैंगिक समानताका लागि तालिम, लैंगिक सचेतना, समविकास सम्बन्धि तालिमहरु संचालन गरिएका थिए । कोष ब्यवस्थापन तथा लेखा सम्बन्धि तालिमहरु संचालन भएपछि हाम्रो सहकारी सञ्चालनमा सहजता प्राप्त भएको थियो ।

बालअधिकार तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु, आधारभूत स्वास्थ्य तथा सरसफाइ सम्बन्धि तालिमहरु, दिवसीय कार्यक्रमहरु संचालन,

अन्तर्राष्ट्रिय लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्धको अभियान, दिवस (चेतनामूलक कार्यक्रम), विश्व स्तनपान सप्ताह कार्यक्रम, एच.आई.भी एड्स र बचत तथा आयआर्जनको सम्बन्धी पटकपटक तीजगीत प्रतियोगिताहरु सञ्चालन गरिएका थिए । जसले सहकारीमा नयाँ आयाम थपेको थियो ।

माहुरीपालन, कुखुरापालन, बंगुरपालन तथा कृषिसम्बन्धी विभिन्न तालिमहरु संचालन,महिला अधिकार शान्ति तथा मानवअधिकार सम्बन्धी पटकपटक सचेतनामूलक कार्यक्रम तथा तालिम संचालन हुँदा शेयर सदस्यहरु ती विषयमा सचेत हुने सकेका थिए । सहकारी सञ्चालक, इकाई तथा कर्मचारीका लागि काम, कर्तव्य तथा अधिकार सम्बन्धि तालिमहरु सञ्चालन र उद्घोषण तालिम संचालन भएका थिए । लघुउद्यम विकास सम्बन्धि तालिमहरु, किशोरी जीवन उपयोगी शिक्षा तालिमहरु, आवश्यकता अनुसार सहकारी शिविरहरु, सञ्चालक समिति, लेखा समिति, शिक्षा तथा कर्मचारीहरूको नेतृत्व विकास तथा सकारात्मक सोच सम्बन्धि तालिमहरुबाट संस्थाका सदस्यहरुको अधिकतम हित भएका थिए ।

आधारभूत व्यवस्थापन तालिमहरु,संस्थाको अवस्था विश्लेषण तथा रणनीति पत्र तर्जुमा, कार्यशाला कार्यक्रमहरु गरिएको, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि साझा कार्ययोजना कार्य सल्लाह, गोष्ठीहरुको आयोजना भएका थिए । मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम, आँखा शिविर संचालन, पाठेघरको क्यान्सर सम्बन्धी शिविर सञ्चालन, "महिला सशक्तिकरणमा प्रगतिशीलको भूमिका" विषयक तीजगीत प्रतियोगिताहरुले हामीमा नयाँ आयाम र उर्जा पैदा भएका थिए ।

समुदायमा आधारित संरक्षण प्रणाली, न्यायका लागि निगरानी समूह गठन तथा समूहका सदस्यहरुलाई समुदायमा आधारित संरक्षण प्रणाली सम्बन्धि तालिमहरु सञ्चालन (१९ वटा निगरानी समूह गठन) गरिएको थियो ।

बालअधिकार सम्मान तथा नवप्रतिभा किशोरी समिति बालसदस्यहरुलाई तालिम सञ्चालन, तिलोत्तमा वडा नम्बर ११ को सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन तथा कानूनी साक्षरता तालिम संचालनले शेयर सदस्यहरुलाई फाइदा पुगेको थियो ।

महिलाहरुलाई १५ दिने चुरा बनाउने तालिम संचालन, परिवर्तनका लागि आधारशीला तालिम, तीन महिने व्युटीपार्लर तालिम, उद्घोषण तालिम संचालन (नवप्रतिभा किशोरी समूहलाई), ज्येष्ठ सदस्य भ्रमण तथा सम्मान कार्यक्रम संचालन भएका थिए । शेयर सदस्यको भ्रमण तथा सम्मान कार्यक्रमहरु संचालन, सञ्चालक समिति, लेखा समिति, तथा ऋण परिचालन उपसमिति सल्लाहकार ईकाइ समिति, कर्मचारीहरुलाई पटकपटक अध्ययन अवलोकन भ्रमणहरुले हामी सबैमा पुनर्ताजगी गराएको थियो ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गरिएको (कर्मचारीका लागि) कर्मचारी स्थायी गरिएको थियो । जिल्लास्तरीय तीजगीत प्रतियोगिताहरुमा प्रथम हुन सफल हुँदा हामी धेरै खुसी भएका थियौं । सरल माइक्रो फाइनान्स डेभलपमेण्ट सेन्टर लिमिटेड तथा इन्टिग्रेटेड डेभलपमेन्ट फाउनडेसन वंगलादेशको संयुक्त आयोजनामा लघुवित्त सम्बन्धी १२ दिने अध्ययन, अवलोकन भ्रमण कार्यक्रममा संस्थाकोतर्फबाट मैले अवसर प्राप्त गरेकी थिएँ ।

सदस्यहरुमा आइपर्ने विपत्ति वा दुर्घटना लगायतका आर्थिक अभावका लागि सदस्यकै सहभागितामा सदस्यहरूको सुरक्षाको लागि सुरक्षा योजना कार्यक्रम संचालन गर्ने योजना तयार पारेका थियौं । यसरी संस्थाको दीर्घकालीन योजनाहरुको लक्ष्य प्राप्त गर्नका लागि निरन्तर रुपमा कार्यक्रम

संचालन गर्दै साँच्ची नै कार्यक्षेत्रमा क्रियाशील हुने सकेको र हाम्रा दिदीबहिनीहरु आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा गुणात्मक तरिकाले परिवर्तन ल्याउँदै गर्दा तथा विभिन्न मानव बेचबिखन तथा महिला हिंसा विरुद्धका अभियानको क्रममा उद्धार तथा न्यायको लागि सम्बन्धित निकायमा पुऱ्याई केश मेलमिलाप तथा कारबाही गरिएका केही उदाहरणहरु छन् ।

आज हाम्रो संस्थाले  त्यो अवस्था पार गरी यहाँसम्म आइपुग्दा महिला हकअधिकार तथा आयआर्जनको क्षेत्रमा काम गर्ने स्थापित नेतृत्वदायी तथा अगुवा सहकारी संस्था बनेको छ । विभिन्न हिसाबले हिंसामा परेका दिदीबहिनीलाई न्याय दिलाउँदा भोग्नु परेका दुःख, कष्ट र अप्ठ्याराहरु अर्थात उहाँहरुले भोग्नुपरेका घटनाले सधैं मुटु चहराई रहन्छ । न्याय दिलाए पश्चात उहाँहरूको मुहारमा देखिने खुसीका रेखाहरुले साँच्चै चहराइरहेको घाउमा मलम लगाइएको महसुस हामीलाई हुँदोरहेछ ।

समाजले पछाडि परेका दिदीबहिनीलाई व्यवसाय तथा लघु उद्यमतर्फ उन्मुख गराई उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्न र यस समाजमा रहेका विसंगति र विकृति विरुद्ध अविरलरुपमा सकारात्मक सोचको विकास गर्न लागि रह्यौं  । जसले गर्दा समाजमा अहिले महिला तथा बालबालिकामाथि हुने हिंसा न्यूनीकरण भएको देख्दा खुशी लाग्दो रहेछ ।  सदस्य घरमा जाँदा बाहिरैबाट अगेनाको अगाडि देखिने घरहरु अहिले साना-साना पक्की घर निर्माण भएका छन् । सदस्यहरुले केही न केही व्यवसाय गर्नुभएको छ ।  ममा रहेको क्षमता साँच्चै दिदीबहिनीको परिवर्तनका लागि खर्चिन पाउँदा म साँच्चै खुसी भएकी छु । मैले जहिले पनि भन्ने गर्छु-मेरी आमाको दोस्रोरुप प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था हो । क्षमता हुँदाहुँदै पनि निस्कृय हुने परेको मेरो जीवनमा प्लटफर्मको रुपमा भनौं वा मेरो पुनर्जन्मको रुपमा रह्यो यो सहकारी । यसले मलाई समाजमा राधा थापा भनेर चिनिन सफल बनायो । यसको नेतृत्वमा रहेर काम गर्दा मैले कहिले कुनै सम्झौता गरिनँ । दिलैदेखि लागिपरें । हरेक सदस्यको लागि हिमाल जस्तै अटल रूपमा खटिरहें । मैले भन्ने गर्थे-आदरणीय सदस्यज्यूहरु मलाई अप्ठ्यारो परे के हुन्छ, मलाई थाहा छैन । तर हजुरहरूको हरेक दुःखमा चाहे दिनमा होस् वा रातमा मलाई सम्झिनु । जसरी नि तपाईहरुको सहयोगमा उपस्थित हुने छु ।

संस्थामा आवद्ध भएको यो २५ वर्षको यात्रामा शेयर सदस्यहरुले दिनुभएको जिम्मेवारीलाई मेरो, विवेक, क्षमता र हैसियतले भ्याएसम्म संस्थाको गरिमालाई उँचो राख्ने अभिप्रायले प्रेरित भएकाले सम्पादन गर्दै आएँ । जसका फलस्वरुप २६ जना सेयर सदस्यबाट शुरु गरेको यो संस्था मेरो नेतृत्वमा रहँदा अति नै क्रियाशील थियो र अहिले पनि छ  ।

प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तिलोत्तमा १० बेवरी, रुपन्देहीले २५औ वर्ष तथा रजत महोत्सवको सुखद अवसरमा स्मारिका प्रकाशन गरेकोमा हामी ज्यादै खुशी भएका छौं । यस संस्थाले महिलाहरु कोहीभन्दा कम छैनन् । परिश्रमको फल मिठो हुन्छ भन्ने कथनलाई सार्थक तुल्याउँदै उदाहरणीय कार्य गर्दै आएको छ । यस संस्थाले भावी दिनहरुमा अशिक्षा,गरिबी निवारण, बेरोजगारी, सामाजिक विकृति, घरेलु हिंसा तथा समाजमा हुने विभिन्न खालका अपराधलाई हटाउँदै विकास निर्माणको क्षेत्रमा अझ बढी प्रभावकारी रुपमा कार्यसम्पादन गरी आफ्नो इतिहासलाई कायम राख्दै जोस, जाँगर र स्वःस्फूर्त रुपमा आफ्नो नाम वर्तमान र भविष्यका पानाहरुमा स्वर्णअक्षरमा लेख्न सकोस् ।

# सहकारी अभियानमा महिला र महिला सहकारी



**डा. खगराज शर्मा**
अध्यक्ष, लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि., रुपन्देही

प्रजातान्त्रिक पद्धतिवाट नियन्त्रित स्वेच्छित सहभागितावाट गठित स्वतन्त्र संगठन जसले सदस्यहरुका साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाको परिपूर्ति गर्दछ । यसैलाई सहकारी भनिनछ भनेर अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले परिभाषित गरेको छ। निश्चित भौगोलिक क्षेत्रमा वसोबास गर्ने निश्चित वर्ग र पेसासँग सम्बन्धित मानिसहरु जसले आफ्ना आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताको परिपूर्ति गर्न एक सहज र सरल माध्यमका रुपमा सहकारीलाई लिने गर्दछन् । सहकारी क्षेत्र वहुआयामिक गरिवी निवारणमा होस वा संयुक्त राष्ट्रसंघले अगाडि सारेको दिगो विकास लक्ष्य प्राप्तिको एजेण्डालाई अगाडि वढाउने सन्दर्भमा होस् यो निकै महत्वपूर्ण रहेको कुरा सवै क्षेत्रवाट आइरहेको छ। विशेष गरी तत्कालीन सरकारले महिला विकास अभियान अगाडि वढाउने सन्दर्भमा वि.स २०३९/४० तिर ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्थापन कार्यक्रम विभिन्न जिल्लामा सञ्चालनमा ल्याएको थियो । जुन वि.स २०३८ मा हरेक जिल्लामा स्थापना गरिएका महिला विकास शाखामार्फत सञ्चालित गरिएको पाईन्छ । वि.स २०४६ को जनआन्दोलन पश्चात देशमा वहुदलीय व्यवस्थाको पुनःआगमन पश्चात महिलाहरुको सशक्तिकरण, आत्मनर्भिरता र अधिकारका क्षेत्रमा कार्य गर्ने गरी सरकारी तथा गैरसरकारी क्षेत्रवाट पनि विभिन्न कार्यक्रमहरु सञ्चालनमा आए।

यसरी सरकारी तथा गैरसरकारी क्षेत्रवाट महिलाहरुको सशक्तिकरण, रोजगारी र अधिकारका क्षेत्रमा कार्य गर्नका निम्ति विभिन्न स्थानहरुमा समुहहरु निर्माण गर्ने, उनीहरुलाई आयआर्जनका तालिमहरु प्रदान गर्ने, आयआर्जनवाट आर्जित रकमको केही हिस्सा वचत गर्न सिकाउने आदि कार्यहरु गरिदै आए। परिणाम स्वरुप महिलाहरुमा संगठित भई आफ्ना आवाजहरु वुलन्द गर्ने, आर्थिक,सामाजिक अधिकारका निम्ति संगठित हुदै जाने कुराको पनि क्रमशः विकास र विस्तार हुँदै गएको पाईन्छ। यसरी संगठित गरिएका समुहहरुलाई दिगोपन दिन, उनीहरुले गरेका वचत रकमहरुको सुरक्षा प्रदान गर्नका लागि स्थायी प्रकृतिका संस्थागत संरचनाको आवश्यकता महसुस् गरियो परिणामस्वरुप महिला सहकारी संस्थाहरुका नामवाट सहकारीहरुको स्थापना र सञ्चालनका लागि प्रेरणा प्रदान गर्ने कार्यहरु भए र देशका विभिन्न स्थानमा महिला विकास सहकारी संस्थाहरु अधिकांश रुपमा वचत तथा ऋण र केही वहुउद्देश्यीय लगायत अन्य विषयगत उद्देश्यवाट समेत स्थापनाको लहर नै चल्यो । सामाजिक संघ संस्थाहरुद्वारा गठन गरिएका महिला समुहहरुका वचत रकमहरुको सुरक्षाका लागि पनि महिला सहकारी संस्था स्थापना भए अर्थात् महिला समुहहरु नै सहकारीमा परिणत भएको पाईन्छ । कतिपय समाजका जागरुक अगुवा व्यक्तिहरुका अगुवाई र पहलकदमीमा पनि ग्रामीण महिलाहरुको हक, हित र अधिकार स्थापित गर्दै उनीहरुमा जागरण ल्याउन पनि यस्ता सहकारी संस्थहरु स्थापना गरिएको देखिन्छ । पछिल्लो समयमा महिला सहकारी संस्थाको यथार्थ संख्या वाहिर नआएको भएपनि केही वर्ष पुरानो तथ्यांक अनुसार नेपालमा करिव ४ हजारभन्दा वढी महिला सहकारी संस्थाहरु रहेको अवस्था छ। निश्चित कार्यक्षेत्रभित्र रहेका सबै व्यक्तिहरुलाई बिना कुनै भेदभाव सहकारीको सदस्य बनाउन पर्ने भन्ने सहकारी सिद्धान्त मूल्य र कानुनहरुमा उल्लेख भए पनि हालसम्म नेपालमा

कानुनहरुले नै महिला सहकारीको स्थापना र सञ्चालनका लागि छुट दिई रहेको अवस्था छ।

महिला सहकारी संस्थाको स्थापना होस् वा सहकारी संस्थामा महिला सहभागिता होस् नेपालको सन्दर्भमा निकै उत्साहप्रद अवस्था रहेको छ । हामीले सहकारीमा महिला सहभागिताको विषयलाई हेर्ने हो भने सहकारी विभागद्वारा वि.स २०७७ मा प्रकाशित तथ्यांक अनुसार नेपालमा रहेको कुल सहकारी सदस्य संख्या ७३,०७,४६२ मध्ये महिला सदस्यको संख्या ५६ प्रतिशत रहेको पाईन्छ । जुन तथ्यांकलाई प्रदेशगतरुपमा हेर्ने हो भने सोही स्रोत अनुसार प्रदेश नं. एकमा ५३ प्रतिशत, मधेस प्रदेशमा ४५ प्रतिशत, वाग्मति प्रदेशमा ५४ प्रतिशत, गण्डकी प्रदेशमा ५७ प्रतिशत, लुम्विनी प्रदेशमा ६३ प्रतिशत, कर्णाली प्रदेशमा ६७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ५७ प्रतिशत महिला सदस्यहरु सहकारी संस्थामा रहेको अवस्था देखिन्छ । यो तथ्यांकलाई नेपालको जनसंख्या २०७८ अनुसार विश्लेषण गर्ने हो भने कूल जनसंख्यामा सहकारी सदस्यको प्रतिशत २५ रहेको छ भने कुल महिला जनसंख्यामा महिला सहकारी सदस्यको प्रतिशत २७.५ हुने जान्छ । यसरी नेपालको सहकारी अभियानमा महिलाहरुको सहभागिता व्यापक र तीव्र वन्दै गएको छ।

संयुक्त राष्ट्रसंघले अगाडि सारेको दिगो विकास लक्ष्यको १७ वटा लक्ष्यमध्ये पाँचौ लक्ष्य लैगिक समानता र महिला सशक्तिकरण एउटा लक्ष्य हो । जुन लक्ष्य पूरा गर्न सहकारी संस्थाहरुमार्फत महिलाहरुको वित्तीय स्रोतमा पहुँच वृद्धि, लैगिक हिंसाविरुद्ध चेतना अभिवृद्धि विभिन्न भेला सभा एवम् चेतनामूलक ऱ्यालीहरु शिक्षा र तालिम आदिमार्फत प्रजनन् स्वस्थ्य र अधिकार स्थापनाका लागि दवावहरु वढाएर एवम् समग्र आर्थिक,सामाजिक र आत्मनिर्भरताको अधिकार स्थापित गरेर जाने सन्दर्भमा सहकारी संस्थाहरुको ठूलो योगदान रहेको देखिन्छ।

सहकारी संस्थामार्फत महिलाहरुको क्रमशः नेतृत्व विकास एवम् नेतृत्वमा पहुँच अभिवृद्धि समेत हुँदै गएको पाइन्छ । नेपालको संविधान २०७२ ले दिएका अधिकार स्थापना गर्ने सवाल होस् वा सवै राजनीतिक व्यवस्था अनुसार स्थानीय, प्रदेश र केन्द्रीय तहमा महिलाको अनिवार्य सहभागिताका सन्दर्भमा नेतृत्व विकासका निम्ति सहकारी संस्थाहरुवाट प्रारम्भ हुँदै गएको नेतृत्वले नै बढि भन्दा वढी स्थान प्राप्त गर्न सकेको देखिन्छ । पछिल्लो तथ्यांक अनुसार पनि सहकारी संस्थाहरुको सञ्चालन गर्नमा हुने नेतृत्व तहमा महिला सहभागिता करिव ४० प्रतिशत रहेको देखिन्छ। सहकारी क्षेत्रको कूल प्रत्यक्ष रोजगारीमा ४८ प्रतिशत महिला कर्मचारीहरुको उपस्थिति देखिन्छ । जुन कुराले पनि सहकारी संस्थाहरुमार्फत नै महिलाहरुमा पुनःजागरण ल्याउनमा अहम् भूमिका रहेको छ।

महिलाहरुलाई नेतृत्वमा पुऱ्याउन तथा विभिन्न व्यवसायिक कार्यहरुमा सहभागिता अभिवृद्धि गर्नका निम्ति सहकारी ऐन २०७४ ले केही विशेष व्यवस्थाहरु गरेको छ । ऐनको दफा ४१ को (२) मा नेतृत्व तहमा भएसम्म तेत्तीस प्रतिशत् महिला सहभागिता अनिवार्य गरेको छ। दफा ३९ को (४) मा एकीकरण गर्ने सवालमा समेत महिला सहकारीलाई सोही प्रकृतिको सहकारीमा हुने सक्ने एकीकरणलाई सहज र सुनिश्चित गरिएको छ । त्यस्तै दफा ७८ को (७) मा छुटको सन्दर्भमा पनि ग्रामीण महिलाहरुलाई सहकारी खेती एवम् श्रम र सीपमा आधारित उद्योगहरु स्थापनाका सन्दर्भमा लाग्ने जुनसुकै कर वा अन्य शुल्कमा छुट प्रदान गर्नुका साथै सहुलियतपूर्ण ऋणका निम्ति प्राथमिकतामा राखेको छ। यसरी नेपालको सहकारी अभियानमा महिलाको उपस्थिति प्रभावकारी रहेको, नेतृत्व तहमा पनि वृद्धि भई रहेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सहकारी नेतृत्वमा महिलाहरुको उपस्थिति रहेको हुँदा सहकारी अभियानमा महिला सहकारी र महिला सदस्यको विशेष र महत्वपूर्ण भूमिका रहेको स्पष्ट देखिन्छ । महिला सहकारीमार्फत महिला जाँगरण,उत्प्रेरणा,समान अधिकार,दायित्व र दिगो विकासको अभियानमा समेत ऐक्यवद्धता प्रकट हुँदै आएका छन्। महिलाहरु पछि पर्नुका अनेक कारणहरुमध्ये आर्थिक अधिकारबाट वञ्चित र नेतृत्वमा पहुँच हुने नसक्नु सबैले स्वीकार गरेका विषय हुन् तर आज यी विषयमा नेपाली महिलाहरु प्रखर एवम् खरोरुपमा उत्रन सक्नुको मूलप्रेरणा महिला सहकारीलाई मान्न सकिन्छ।



# सामाजिक रूपान्तरणमा खटिएका प्रगतिशील पाइला

**इन्दिरा अर्याल**
शैक्षिक तथा सामाजिक अभियन्ता

"आफ्नै पैसा बचत गऱ्यो । आफैले बचत गरेको पैसालाई ब्याज तिरेर निकाल्यो । सहकारी भन्ने पनि त्यस्तै हो । खासै अर्थ छैन । बरु बैंकमा मुद्दतिमा राख्ने र वीमा गर्ने कुरा राम्रो ।" बचत र ऋणको मात्रै काम गर्ने सहकारी सदस्यहरू र अन्य व्यक्तिबाट आजभोलि यस्ता कुरा सुनिन्छन् । तर कतिपय सहकारी यस्तो भनाइ र मान्यताभन्दा धेरै माथि छन् । यसैमध्ये आफ्ना सदस्यहरूको बहुपक्षीय हितमा काम गर्दै उनीहरूलाई प्रगतिको बाटोमा लाग्न सघाइरहेको सहकारी हो, "प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.बेवरी, रुपन्देहीमा स्थापित यो सहकारीले आफ्नो सहकारीका सदस्यलाई मात्रै होइन आफू वरपरको समुदाय र जिल्लाका अन्य सहकारी (खासगरी महिला सहकारी) हरूलाई समेत साथ, हौसला, मार्गदर्शन र प्रेरणा दिइरहेको छ ।

यो वर्ष सहकारीको रजत वर्ष हो । सहकारी कति वर्षको भयो भन्ने भन्दा पनि उसले के गऱ्यो भन्ने कुरा बढी महत्वपूर्ण हुन आउँछ । प्रगतिशीलको २५ वर्ष खास गरी समुदायमा पछाडि पारिएका महिलाको जीवनस्तर र पहिचानमाथि उकास्ने प्रयास गर्न र सामाजिक रुपान्तरणका अनेक पक्षमा समुदायसँग हातेमालो गर्नमा खर्च भएको देखिन्छ । २६ जना सदस्यले महिनाको १० रुपैयाँ जम्मा गर्दै शुरु भएको यो सहकारीको सदस्य संख्या अहिले २ हजार ७ सय ७ पुगेको छ । मासिक १०० देखि ५०० रूपैयाँसम्म बचत गर्ने यो सहकारीमा पूँजीको विकाससँगै सदस्यको आत्मसम्मान, स्वाभिमान र आत्मनिर्भरता बढेको छ । समुदायका महिलामा र किशोरीहरूको नेतृत्व विकासमा सहकारीले ठूलो लगानी गरेको छ ।

२०५७ सालमा मैले रेडियो लुम्बिनीमा काम गर्न थालेदेखि नै प्रगतिशील सहकारीको नाम सुन्न थालें । महिलाको भलाइमा काम गर्न चाहने म महिलै महिलाको सहकारी छ भन्ने थाहा पाएपछि उहाँहरूले गरेको कामबारे चासो राख्न थालें । सहकारीले गरेका कार्यक्रमका बारेमा हातले लेखेका टिपोट आउँथे । हामी त्यसलाई समाचार बनाएर पढ्थ्यौं । त्यो समाचार पढ्दा धेरै आनन्द लाग्थ्यो । विस्तारै उहाँहरूले गर्ने औपचारिक कार्यक्रम तथा तालिममा समाचार बनाउने निम्ता आउन थाल्यो । साविक मक्रहरका बस्ती बस्तीमा प्रगतिशील सहकारीसँग सहकार्य गरेर गरेका कामको कथा सुन्ने र सुनाउने मौका मिल्यो । सामाजिक रुपान्तरणका लागि स्थापित सामुदायिक रेडियो ,रेडियो लुम्बिनी र पछाडि पारिएका महिला अनि उनीहरूको परिवारमा केन्द्रित प्रगतिशील सहकारीका धेरै कार्य तथा उद्देश्य मिल्न थाले । एक अर्कामा हातेमालो गर्दै हामी अगाडि बढ्यौं । सहकारीले गरेका समुह गठन, बचत, ऋण परिचालन र तालिम, गोष्ठीमार्फत आएको परिवर्तनका कथा रेडियोबाट सुन्ने र सुनाउने कार्यले रेडियो सुन्ने अन्य व्यक्ति र समुदायमा समेत अभिप्रेरणा जाग्न थाल्यो ।

सम्पर्क र समन्वय बढ्दै गएपछि सामुदायिक रेडियो लुम्बिनी समेत उहाँहरूका असल साथी बन्यो । हामीले प्रसारित गर्ने हरेक समाचार तथा कर्यक्रम सुन्ने, प्रतिक्रिया दिने अनि रेडियोले सञ्चालन गर्ने कार्यक्रमहरुमा भौतिकरुपमा सहकारीका सदस्यहरुको उपस्थिति

बढ्यो । विस्तारै रेडियोलाई टिकाउन पर्छ भन्दै सूचना सन्देश र विज्ञापन प्रसारणको माध्यमबाट सहकारीले सामुदायिक रेडियोसँग सहकार्य वढायो । खासगरी लैगिक हिंसा ,महिला र किशोरी सशक्तिकरण लगायतको विषयमा रेडियोले गर्ने कार्यक्रमहरुमा उहाँहरुको दरिलो साथ रह्यो । हरेक दिवस,पर्व तथा अवसरहरुमा धेरै थोरै बजेट छुट्याएर चेतनामूलक सन्देश बजाउन सहकारी तयार रहन्थ्यो । कतिबेला हामीले भूलेको समयमा पनि यो वेला यो सन्देश प्रसारण गरौं न । हामी पनि हातेमालो गर्छौं भन्नु भयो । समुदायको हितमा गरिने सन्देश प्रवाह तथा स्थानीय महिलाका संघर्ष र सफलताका कथा प्रसारण गर्न दुबै संस्थाले कहिल्यै आर्थिक नाफा घाटा हेरेनौं । विगत सम्झँदै गर्दा म यस कार्यमा मनैदेखि लाग्नु हुने प्रगतिशील सहकारीका स्थापनादेखि हालसम्मका अध्यक्षज्यूहरु जमुनाकुमारी गिरी ,पार्वती खत्री,दुर्गा आचार्य, राधा थापा तथा सीता न्यौपानेप्रति मनैदेखि सम्मान व्यक्त गर्दछु । उहाँहरुको साधारणपना अनि सहकारीप्रतिको लगाव र खटाइ सिंगो महिला टिमले अनुकरण र गौरव गर्न लायक बन्यो । रात साँझ,दिवस पर्व सबै चटारोका बीच कहिले साइकल त कहिले स्कुटरमा चढेर रेडियोसम्म नै आएर ती सूचना ,सन्देश,कार्यक्रम र समाचारका सामग्री टिपाउनु हुने उहाँहरुको अनुहार अहिले पनि सम्झिरहेकी छु । खासमा उहाँहरुको यो प्रयास सामाजिक रुपान्तरणको लागि रेडियोले सञ्चालन गरेको अभियानको लागि निकै महत्वपूर्ण थियो । प्रगतिशील सहकारीबाट नेतृत्वदायी भूमिका लिदै अगाडि बढेका महिलाहरु स्थानीय तहको निर्वाचनमा जनप्रतिनिधि (महिला सदस्य, कार्यपालिका सदस्य, न्यायिक समिति सदस्य) हुनु भएको छ । प्रगतिशीलबाटै सुरु भएको नेतृत्वको पाइला वडाध्यक्ष, उपप्रमुख तथा समानुपातिक सांसदको दावेदारमा पुग्न सकेको छ । केही दिदीहरु सहकारी तथा आफु संलग्न पार्टीको प्रदेश तथा केन्द्रको नेतृत्वमा पुग्नु भएको छ । अन्य सहकारीको अध्यक्ष र व्यवस्थापक हुँदै विभिन्न संस्थाको नेतृत्वमा पुग्नु भएको छ । सहकारीकै प्रयासले कतिको बिग्रेको घरायसी सम्बन्ध जुटेको छ । सामान्य खर्चको लागि पैसा माग्दा कुटाइ पिटाइ सहनुपर्ने वाध्यताका धेरै दिदीबैनी अहिले उद्यमशील बन्दै सम्पत्तिको मालिक बन्नु भएको छ । पूर्वअध्यक्ष दुर्गा आचार्य प्रगतिशील सहकारीलाई जिन्दगीलाई सत्मार्गमा डोऱ्याउने मार्गदर्शक ठान्नुहुन्छ भने, राधा थापा प्रगतिशील सहकारी परिवारबाट आफूले आमासरहको माया पाएकोले सहकारीलाई आमाको दोस्रो रुप ठान्नु हुन्छ । जमुनाकुमारी गिरी,पार्वती खत्री र सीता न्यौपाने समुदायको लागि खट्न, हिम्मत नहार्ने र हरेश नखाने बन्न सहकारीले सघाएको बताउनु हुन्छ । हो ! सहकारीको कर्मले समुदायका धेरैलाई र मलाई समेत पछाडि पारिएका महिलाका संघर्ष र सफलताको कथा सुन्न र सुनाउन प्रेरित गरेको छ ।

रजत महोत्सवको अवसरमा संस्थाले अन्य २० वटा सहकारीका अध्यक्ष, सचिवलाई उपस्थित गराएर महिला सहकारीको विकास, सुशासन र एकीकरणको सम्बन्धमा छलफल गऱ्यो । यसले पनि देखाउँछ यो सहकारी अन्य महिला सहकारीको अभिभावक नै बनेको छ । सहकारीको सञ्चालक समिति र विभिन्न उपसमितिमा रहनु भएका दिदीबहिनीको नेतृत्व गति हेर्दा लाग्छ -यससँग आबद्ध अझै धेरै दिदीबहिनीलाई जिल्ला, प्रदेश र राष्ट्रकै नेतृत्वमा पुगेको देख्न पाइने छ ।

**“सहकारीको सञ्चालक समिति र विभिन्न उपसमितिमा रहनु भएका दिदीबहिनीको नेतृत्व गति हेर्दा लाग्छ –यससँग आबद्ध अझै धेरै दिदीबहिनीलाई जिल्ला, प्रदेश र राष्ट्रकै नेतृत्वमा पुगेको देख्न पाइने छ ।”**

❀❀❀



# सामाजिक समस्याको गाँठो फुकाउने साझा चौतारी: प्रगतिशील सहकारी

**मीनाक्षी न्यौपाने**
सञ्चार तथा महिला अधिकारकर्मी

> **तिलोत्तमा तथा देवदह नगरपालिकामा आफ्नो कार्यक्षेत्र रहेको यस संस्थाले सामाजिक रुपान्तरणका लागि महिलाहरुको निर्णायक भूमिका, पारिवारिक, व्यक्तिगत तथा सामाजिक सवालका सार्वजनिक बहसमा अर्थपूर्ण सहभागिताका लागि पृष्ठपोषण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।**

यस प्रगतिशील संस्थासँग मेरो परिचय सामाजिक अभियानले जोडेको हो । सामाजिक विषयमा चासो राख्ने र केही काम गर्न चाहना राख्ने हुनाले संस्थासँग मेरो भावनात्मक सम्वन्ध रहेको छ । सामान्यतया सहकारी संस्थाले सानो सानो पुँजीलाई एकीकृत बनाउने,पुँजीको परिचालन गर्नेमा मात्र सीमित राखेको पाइन्छ । प्रगतिशील सहकारीको सञ्चालन केवल पुँजी संकलनमात्र नभएर यसले सामाजिक रुपान्तरणमा दरिलो भूमिका खेल्न सक्ने पक्षलाई उजागर गरेको छ । जसअन्तर्गत अभियानात्मक क्रियाकलाप जस्तै हिंसाविरुद्धको अभियान,महिला दिवस लगायतका सचेतनामूलक अभियानमा प्रत्यक्ष संलग्नता रहेको छ।

प्रगतिशील सहकारीले सहकारीहरुबीच अन्य सहकारी संस्थाभन्दा भिन्न परिचय बनाएको छ । संस्थाको कूल पुँजी र लगानीको क्षेत्र तथा यसको परिचालनमा महिला नेतृत्वको खटाइ प्रशंसनीय छ । महिला नेतृत्वको लगावबाट नै यो सम्भव भएको हो। यो मेरो लागि अर्को आकर्षणको विषय हो। महिलाको शत्रु महिला नै हुन्। महिला, महिला मिल्न सक्दैनन्। महिला भनेका झगडाका बीऊ हुन् भन्नेहरुका लागि प्रतिशील सहकारीले गतिलो जवाफ दिएको छ।

महिलाहरु एकै पटकमा धेरैतिर काम गर्न सक्दछन्। घर, परिवार सम्हाल्दै पेसा व्यवसाय तथा स्वरोजागारको क्षेत्रमा काम गर्ने महिलाहरुको लागि प्रगितिशील सहकारी उदाहरण बन्दै छ। सहकारीले सञ्चालन गरेको पुँजी परिचालन, लगानी तथा अभियानात्मक कार्य प्रभावकारी छ नै, अब भने यत्तिले मात्रै पुग्ने स्थिति देखिँदैन । महिलाहरुको दिगो आर्थिक रुपान्तरणका लागि फरक रणनीतिमा अगाडि बढ्न जरुरी रहेको छ। हिजो घरभित्र मात्र सीमित महिलाको ठूलो संख्यालाई सहकारीले बाहिर ल्याउन सक्षम भएको छ। आफ्नो नाममा पुँजी नभएर समस्यामा परेका फजुल खर्च घटाएर बचत गर्न सिकाउँदै आर्थिकरुपमा उनीहरुको हैसियत बढाइदिएको छ। यो हैसियत अनि परिवारलाई ऋण आवश्यक पर्दा महिलाको सहकारीबाट रकम निकाल्न पाएपछि

खाँचो पर्दा महिला सहकारीबाट रकम निकाल्न सकेपछि परिवारमा पनि उनीहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ।

महिलालाई दोश्रो दर्जाका रुपमा व्याख्या गर्ने हाम्रो समाजलाई महिलाको मात्रै नेतृत्वले कसरी आर्थिक अनुशासन तथा संस्थागत विकास गर्न सकिन्छ भन्ने विषय यस संस्थाले एउटा दरिलो उदाहरणको रुपमा स्थापित गराउनको लागि सक्षम भएको छ। यो रातारात भएको पक्कै होइन। यसका लागि २५ औं वर्षको निरन्तर प्रयास तथा मिहिनेत, एकअर्काको दरिलो साथले सम्भव भएको हो।

**"महिलाको शत्रु महिला नै हुन्। महिला, महिला मिल्न सक्दैनन्। महिला भनेका झगडाका बीऊ हुन् भन्नेहरुका लागि प्रतिशील सहकारीले गतिलो जवाफ दिएको छ।"**

अहिलेको समयमा पनि महिला तथा किशोरीहरु कुनै न कुनै हिंसा भोगेर बाँच्न बाध्य रहेका छन। हानिकारक सामाजिक मूल्यमान्यताहरुले समाज आक्रान्त नै छ। जसमा महिलाहरु नै यस प्रकारको मूल्यमान्यताको सिकार भइरहेका छन् भने महिला स्वम् यस प्रकारको मूल्यमान्यतालाइ विनाप्रश्न स्वीकारेर अगाडि बढिरहेको पाइन्छ। तिलोत्तमा तथा देवदह नगरपालिकामा आफ्नो कार्यक्षेत्र रहेको यस संस्थाले सामाजिक रुपान्तरणका लागि महिलाहरुको निर्णायक भूमिका, पारिवारिक ,व्यक्तिगत तथा सामाजिक सवालका सार्वजनिक बहसमा अर्थपूर्ण सहभागिताका लागि पृष्ठपोषण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। महिलाहरुको आर्थिक रुपान्तरण र यसको सकारात्मक प्रभावका विषयमा आफुलाई अझै दह्रो रुपमा प्रस्तुत गर्नुपर्नेछ। समाजमा रहेको जातीय तथा सामाजिक विभेदविरुद्ध एकजुट हुने गरि आगामी कार्यक्रमहरु लक्षित हुनुपर्ने देखिन्छ। संस्थाले आपूरना सदस्यहरुका परिवारका सदस्य गुमाउनु पर्दाका पीडामा हातेमालो गर्नका लागि विविध कार्यक्रम तथा योजनाहरु कार्यान्वयन गर्दै आइरहेको छ। कुनैपनि सदस्य तथा उनका परिवारमा परेका सामाजिक लथा लैगिंक विभेद न्यूनीकरणमा समयमै सुनुवाई तथा उपचारका लागि संस्थाले काम गरिरहेको छ।

यसलाई अझै साझा बनाई संस्थालाई सबैको साझा चौतारीका रुपमा विकास गर्दै लैजानुपर्ने आवश्यकता देखिन्छ। त्यसका लागि संस्थाले संयन्त्र सञ्जालको निर्माण गरेर अगाडि बढ्न सक्छ। कानुनी तथा अन्य निकायसम्म पुग्नको लागि पुलको काम गर्न सक्छ। सहकारी संस्था-संस्था वीचको एकीकरणको सवाल आइरहेको छ। यो समयक्रमसँगै आवश्यक रहेतापनि यहाँहरुले महिलाहरुद्वारा संचालित सहकारीबीचमात्र एकीकरण गर्नेगरि बढाएको छलफल सह्रानीय रहेको छ। यसले महिलाहरुकै नेतृत्वलाई अगाडि लैजाने छ।

संस्थाले चाल्ने सामाजिक रुपान्तरणको अभियानमा म र म संलग्न संस्था सधैं हातेमालो गर्न तयार रहने छु। सहकारीका सबै सदस्य ज्यूहरुमा रजत महोत्सवका अवसरमा हार्दिक शुभकामना।



# महिलाहरूका लागि महिलाकै सहकारी: प्रगतिशील सहकारी

**प्रकाश गौतम**
कार्यालय प्रमुख, लुम्बिनी मिडिया हव प्रा.लि.

> **संस्था चलाउन चुनौती त छँदै थियो । घरपरिवारका पेचिला वाणी, कटाक्ष शब्द, छरछिमेकका सहनै नसकिने व्यवहारलाई चिर्दै अगाडि बढेका उनीहरु गन्तव्यमा पुग्नका लागि साहस गरिरहे। तत्कालीन माओवादी द्वन्द्व र देशको बिग्रँदो अवस्थाले समेत संस्था कमजोर बन्दै थियो। तत्कालीन सञ्चालक र सदस्य महिलाहरुले अफिसभित्रै बसेर काम गर्नुपर्ने बाध्यकारी तितो सत्य छँदैछ।**

सहकारीकै इतिहासमा एउटा गर्विलो नाम हो प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड । यसले महिलाहरुका आर्थिक अवस्था सुधार्न, शेयर सदस्यहरुलाई स्वरोजगारी बनाउन, अन्याय र अत्याचारमा परेका महिलाहरुलाई न्याय दिने अभियानमा आफ्नो नाम स्वर्णअक्षरले लेखेको छ।

एउटा टुकीमूनिको गाउँ, अशिक्षित समाज र साँगुरो घेराभित्रका २६ जना दिदीबहिनीहरुका साहस, हिम्मत र बलले स्थापना भएको यो सहकारीले आर्थिक, सामाजिक रुपमा फड्को मारेको देख्दा आज अनौठो मान्नु पर्दैन । त्यतिबेला यो संस्था स्थापना गर्नु फलामको चिउरा चपाउनु सरह थियो । महिला विकास कार्यालयको सहयोगमा स्थापना भएको यो सहकारी, सुरुका दिनमा निकै चुनौतीका साथ अगाडि बढिरहेको ताजा इतिहास छ। पुरुष प्रधान समाज, सबै क्षेत्रमा पुरुषहरुकै हालीमुहाली। अहिलेपनि उस्तै छ। त्यतिबेलाको त कुरै नगरौ । घरभित्र चुलोचौकोको काम नसकी जतिसुकै शिक्षित र व्यवस्थित भएपनि महिलाहरु घरबाहिर निस्कन सक्ने अवस्था थिएन। यसले पनि प्रमाणित गर्दछ कि तत्कालीन समयमा महिलाहरुले महिलाहरुको लागि भनेर स्थापना गरेको संस्था चलाउन कति गाह्रो थियो? जतिसुकै गाह्रो र अप्ठयारो भएपनि संस्था स्थापना गरि चलाउँछौ भनी मैदानमा उत्रिएका सहकारी अभियन्ताहरुले हिम्मत हारेनन् । निरन्तर आफना बालबच्चालाई काखमा च्यापेर अनि घरपरिवारका अवरोधलाई हटाउँदै संस्था सञ्चालनका निम्ति हिम्मत गरे।

संस्था चलाउन चुनौती त छँदै थियो । घरपरिवारका पेचिला वाणी, कटाक्ष शब्द, छरछिमेकका सहनै नसकिने व्यवहारलाई चिर्दै अगाडि बढेका उनीहरु गन्तव्यमा पुग्नका लागि साहस गरिरहे । तत्कालीन

माओवादी द्वन्द्व र देशको बिग्रँदो अवस्थाले समेत संस्था कमजोर बन्दै थियो। तत्कालीन सञ्चालक र सदस्य महिलाहरुले अफिसभित्रै बसेर काम गर्नुपर्ने बाध्यकारी तितो सत्य छँदैछ। तैपनि संस्थाको प्रगतिका लागि उनीहरु निरन्तर अग्रसर भइरहे र आजको अवस्थामा आइपुगेका छन्। यतिबेला महिलाहरुले आफू संस्थाको सदस्य हुन् पाएकोमा गर्व गरेका छन्। संस्थाले महिलाहरुको आर्थिक सामाजिक र भौतिक विकासमा खेलेको भूमिकाले सदस्यहरुलाई थप उर्जा मिलेको छ।

विपन्न तथा ग्रामीण क्षेत्रमा स्थापना भएको यो सहकारीले महिलाहरुको आर्थिक विषयमा महत्वपूर्ण भूमिका खेलेको छ। हिजाका दिनमा सानोभन्दा सानो खर्चका लागि श्रीमान् तथा घरपरिवारसँग पैसा माग्नुपर्ने दिदीबहिनीहरुले मासिक बचत आफै गर्छन्। बचतपछि ऋण लिदै व्यापार व्यवसायमा लगानी गरी आयआर्जनमा सहभागी भएका छन्। ग्रामीण क्षेत्रको आर्थिक विकासको लागि यो अभ्यास कुनै चानेचुने कुरा होइन। यसकारण परनिर्भरता घटेको छ। परिवारका अरुसँग सानो कुराको लागि हात थाप्नु पर्ने र शरण पर्नुपर्ने अवस्थाको अन्त्य हुँदैछ। दिदीबहिनीहरु विस्तारै आत्मनिर्भर बन्दैछन्। त्यसैले प्रगतिशील सहकारीले महिलाहरुका अधिकारको लागि खेलेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन। ग्रामीण क्षेत्रमा स्थापना भई सञ्चालित यो सहकारी, दिदीबहिनीहरुका लागि दुःख सुःखको साथी बनिरहेको छ। घरपरिवारको झगडा होस् वा छिमेकीसँग वा महिलाहरुको आवाजको लागि सहकारीले सधैं आफूलाई न्यायाधीशका रुपमा दर्ज गरेकै कारण आज यो सहकारी अब्बल साबित भइरहेको छ। महिलाहरुका साथी महिला नै हुनुपर्छ भन्दै जहाँ समस्या, त्यहाँ प्रगतिशील भन्ने मान्यता संस्थाले स्थापित गरेको छ। जसका कारण अन्याय र विभेदमा परेका महिलाहरु संस्थामा न्याय माग्न आउने गरेका छन्। सम्भवतः रुपन्देहीमा महिलाहरुले महिलाहरुकै लागि स्थापना गरेको सबैभन्दा ठूलो सहकारी हो प्रगतिशील सहकारी। जसको कार्यसम्पादन र कामबाट जिल्लामामात्र होइन देश, विदेशमा यसको चर्चा हुने गरेको छ। सहकारीले विभिन्न संघसंस्थासँग समन्वय गरेर अधिकार न्याय र आर्थिक विकासको लागि गरेको योगदानले संस्था, समाजका चौतर्फी बिषयमा अगाडि छ भन्ने सन्देश प्रवाह गरेको छ।

**“ महिलाहरुका साथी महिला नै हुनुपर्छ भन्दै जहाँ समस्या, त्यहाँ प्रगतिशील भन्ने मान्यता संस्थाले स्थापित गरेको छ। जसका कारण अन्याय र विभेदमा परेका महिलाहरु संस्थामा न्याय मागन आउने गरेका छन्। सम्भवतः रुपन्देहीमा महिलाहरुले महिलाहरुकै लागि स्थापना गरेको सबैभन्दा ठूलो सहकारी हो प्रगतिशील सहकारी। ”**



# पहिलेको पेवा अहिलेको प्रगतिशील

**वेद गिरी**
सामाजिक अभियन्ता

> **पैसा देख्न नपाउने आमा, दिदीबहिनीलाई जटिल अवस्था थियो। महिला अगाडि बढेको देख्न,सुन्न अझ् घरको पैसा बाहिर राख्ने कुरा त पक्कै गाह्रो र दुःखद् थियो नै। गरिव घरपरिवारलाई झनै दुःख थियो।**

२०/२५ वर्ष पहिला साविक मक्रहरमा सहकारीहरु थिएनन् वा भएपनि अत्यन्तै कम थिए। दिदीबहिनी, आमा, भाउजूहरुका एउटा समुह थियो। त्यो महिला समूह, पेवाका नामले प्रख्यात थियो। पेवा समूहमा आमा, भाउजुहरु र दिदीबहिनीहरु लुकीलुकी गएर पैसा जम्मा गर्थे। उनीहरुले पेवामा मासिक बचत गरेको घरमा थाहा भएपछि उधुम मच्चिन्थ्यो। झगडाको सीमा हुन्थेन। उनीहरुमाथि अनेक गालीगलौज सुरु हुन्थ्यो।

मासिक रु १० रुपैयाँ जम्मा गर्दा नि गाह्रो हुने अवस्था थियो। पैसा देख्न नपाउने आमा, दिदीबहिनीलाई जटिल अवस्था थियो। महिला अगाडि बढेको देख्न,सुन्न अझ् घरको पैसा बाहिर राख्ने कुरा त पक्कै गाह्रो र दुःखद् थियो नै। गरिव घरपरिवारलाई झनै दुःख थियो। त्यसका बारेमा हामीलाई खासै ज्ञान थिएन। मक्रहर गाउँमा माइतीघर हुने जमुना कंडेल हुनुहुन्थ्यो। उहाँ महिला विकास कार्यालय रुपन्देहीसँग आवद्ध हुनु हुँदोरहेछ। उहाँकै पहलकदमीले महिला पेवामा बसेमा बाख्रा पाल्न दिन्छ रे ! बसौँ भन्थे दिदीबहिनी र आमाहरुले। महिला पेवामा गयो कि गाली गलौज हुन्थ्यो। गाउँमा कचहरी नै बस्नुपर्थ्यो। हामीले देखे भोगेकै हुन् ती सबै परिवेशहरु।

बिस्तारै देशमा परिवर्तन आयो। गाउँघरमा सहकारी भन्ने शब्द स्थापित हुँदै गयो। समुहमा पैसा जम्मा गर्ने, खाँचो पर्दा पुनः ब्याज सापटीमा पाउने चलन हुन थाल्यो। त्यो बेला, मानिसहरूमा राजनीतिक ध्रुवीकरण हुन थाल्यो। महिला पेवाबाट प्रगतिशील शब्द राखेर सहकारी बनाउँदा झन पहाड नै खसेजस्तो हुन गयो। यसको बारेमा नानाथरी कुप्रचार हुन थाले। विशेष गरी मक्रहर, बेवरी, बुधबारे, कुमारी, मन्द्राहनी

गाउँमा बढी नै थियो । यहाँसम्मकी प्रगतिशील शब्दलाई कम्युनिस्ट देख्ने बुझ्ने घरका त समुहमा बस्नै नखोज्ने अवस्था आयो । प्रगतिशील सहकारीमा बस्ने र नबस्ने बीचमा पानी बाराबारको स्थिति आयो । महिला पेवामा बस्न हुँदैन, खत्तम पार्छ भन्ने गलत सन्देश थियो ।

गाउँमा भगडा हुँदा त्यसको सहजीकरणको लागि महिला पेवालाई बोलाउने विशेष चलन थियो । महिलामाथि हुने हरेक हिंसाका घटनामा महिला पेवा सहयोगी साबित हुँदै गयो । बिस्तारै यो समुह,समुदायको लागि राम्रो हुँदै गयो ।

त्यो बेलाका फटाहा साहुको चर्को ब्याज,मिटर ब्याजीहरुको त आँखाकै तारो नै थियो प्रगतिशील सहकारी । महिला पेवाबाट प्रगतिशील शब्दावली राखेर सहकारी बनाउँदा सारै दुःख लाग्दो अवस्था सहन परेको थियो । त्यतिबेलाका शब्द वाणहरु सुन्न लायक थिएनन् । त्यो बेलामा स्थानीय जनप्रतिनिधिलाई कार्यक्रममा निमन्त्रणा गरेर बोलाउँदा उपस्थिति नहुने अवस्था थियो । असहयोग हुने, गर्ने अवस्था थियो । अहिले संस्थाको कार्यालय भएको स्थानमा वर्खामा बाढी पसेर नोक्सान गर्ने हुनाले साविक मक्रहर गाविस भवन नजिक खाली जमिनमा संस्थाको भवन निर्माण गर्न दिदीबहिनीहरुले माग्दा पुरुषवादी चिन्तन भएकाहरुले यो संस्था आयो भने गाउँघर, समाज बिगार्छ भनेर हल्ला गराए अनि जग्गा दिएनन् । गाउँघरमा बाख्रा, आलु प्रवर्द्धन र शिशुस्याहारबाट परिचित संस्था, महिला-पुरुष साक्षरता कक्षाबाट लेख्न पढ्नका लागि सहजीकरण गरेको संस्थाको नाममा परिचित थियो ।

**“ महिला पेवाबाट प्रगतिशील शब्दावली राखेर सहकारी बनाउँदा सारै दुःख लाग्दो अवस्था सहन परेको थियो । त्यतिबेलाका शब्द वाणहरु सुन्न लायक थिएनन् । त्यो बेलामा स्थानीय जनप्रतिनिधिलाई कार्यक्रममा निमन्त्रणा गरेर बोलाउँदा उपस्थिति नहुने अवस्था थियो । ”**

महिला पेवाले स्वास्थ्य सरसफाइमा एक घर एक शौचालय निर्माण गर्ने गराउने काममा पहल गरेको थियो । यो संस्थाले शौचालयका लागि रिङको फर्मा निर्माण गरेर गाउँमा नै रिङ बनाइ शौचालय निर्माण गरेकाले शौचालय बनाउने संस्थाका नाममा कतिपयले सदस्यता लिने गरेका थिए ।

अचेल प्रगतिशील सहकारी एकल, दुःख पाएका महिलाहरुका न्यायका लागि शरण लिने घर भएको छ । कानुनी र सामाजिकरूपमा महिलाहरुलाई सहयोग गरेकै कारण आज आमाबाट बुहारी र बुहारीबाट नातिनीका आकर्षणबिन्दू बनेको छ । पुरानो महिला पेवा, अहिलेको प्रगतिशील महिला सहकारी बनेको छ ।

# प्रगतिशील सहकारीको प्रगतिशीलता



**दलबहादुर गुरुङ**
सहकारी अभियन्ता

रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं.१० को वेबरी गाउँमा प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आफ्नै भवनसहितको कार्यालय छ। तिलोत्तमा नगरपालिकामा रहेका वडा नं. ७, ८, १०, ११ र १२ अनि देवदह नगरपालिकाभित्रका वडा नं. ३,८ र ९ गरी समग्रमा दुई नगरपालिकाभित्रका ८ वटा वडामा यो सहकारीले आफ्नो आर्थिक गतिविधि सञ्चालन गर्दै आएको छ।

महिलाहरुमात्र शेयर सदस्य रहेको यो संस्थाको नेतृत्व समेत महिलाहरुले नै गर्दै आएका छन्। महिलाहरुलाई आर्थिक रुपमा दरिलो, सांस्कृतिक रुपमा सम्पन्न र सामाजिक रुपमा व्यवहारिक बनाउनका निम्ति यो संस्थाको गठन भएको सहजै अनुमान गर्न सकिन्छ। यस क्षेत्रमा रहेका विविध भाषा, संस्कृति, संस्कार, रहनसहन, धर्म, परम्परा, वर्ग र वर्णलाई समेटेर गठन गरिएको यो सहकारी समाजको अनुपम प्रतिविम्व समेत हो।

सहकारी भनेको परम्परागत अर्मपर्म, ऐचोपैचौं, लेनदेनमात्र होइन, सामाजिक, सांस्कृतिक एवम् आर्थिक गतिशीलता हो। यसले मानिसको दैनिकी टार्ने र जीवन गुजार्ने अवस्थासँग सरोकार राख्दछ। मानवीय जीवनको पर्याय नै यतिबेला सहकारी बन्न खोजेको छ। सहकारीका कारण मानव जीवनको उत्थान भएको छ। त्यो पनि सर्वपक्षीय रुपमा।

सहकारीले समाज चिनाउँछ, समाजका आर्थिक पाटोसँग साइनो गाँस्न सिकाउँछ। सहयात्रा र सहकार्यमा निरन्तर अघि बढाउन प्रयास र प्रयत्न गराउँछ। सहकारीले पैसाको मात्र कारोबार गर्दैन,बरु यसले शेयर सदस्यहरुलाई समाजका हरेक पक्षहरुसँग नजिक गराई घनिष्ट सम्बन्ध गाँस्न अभिप्रेरित गराउँछ।

प्रगतिशील सहकारीको ऐतिहासिक पृष्ठभूमि अतिनै कष्टकर र उत्प्रेरक पाइन्छ। संस्था दर्ता गर्न हिडेका कहाली लाग्दा क्षण, दुःख, पीडा, समुदायका महिलाहरुलाई संगठित गर्नका लागि खेलिएका रोमाञ्चक अविस्मरणीय अभ्यासहरुले यतिबेला पनि आङ जिरिङ बनाउँछ। भाँडामा पकाउन थालिएको चामलबाट दैनिक साँझ, विहान मुठ्ठी/मुठ्ठी निकालेर संकलन गरिएको चामल एकमुष्ठ बेचेर आएको पैसाले महिनामा १० रुपैयाँका दरले जम्मा गर्दै आजको अवस्थामा आइपुगेको कुरा कुनै फिल्मको काल्पनिक स्टोरी जस्तै लाग्न सक्छ, यो कुराले उत्प्रेरणा थपेको महसुस् हुन्छ।

संस्थापक अध्यक्ष जमुना गिरी, पूर्वअध्यक्षहरु पार्वती खत्री, दुर्गाकुमारी आचार्य, राधा थापा र वर्तमान अध्यक्ष सीता न्यौपानेको नेतृत्वदायी भूमिका यो सहकारीका निम्ति कोसेढुंगो सावित हुनेछन्। सहकारी जीवनको कालखण्डमा उनीहरुका अद्वितीय योगदान अमूल्य एवम् अनुपम रुपमा स्थापित हुनेछन्। घरधन्दा,पारिवारिक झमेला,सामाजिक उत्तरदायित्वहरुलाई व्यवस्थापन गर्दै आआफ्ना कालखण्डमा सहकारीलाई उन्नतशील र प्रगतिउन्मुख गराउन उनीहरुले खेलेको भूमिका र गरेको लगानी कदापी कसैले भुल्ने छैनन्।

सहकारीमा उनीहरुले महिलाको स्वास्थ्यलाई ख्याल गरेका छन् । महिलाहिंसा विरुद्धको अभियानमा सचेत र सजग गराएका छन् । खानेपानी, पोषण, गर्भवती र सुत्केरी महिलाहरुको स्वास्थ्यमा प्रत्यक्ष सहयोग पुग्ने काममा हातेमालो गरेका छन् । प्रगतिशील सहकारीलाई जिउँदाका जन्ती र मर्दाका मलामी बनाएका छन् । बच्चा जन्मिदा खुसी साट्न पुगेका छन् भने आशौच बार्नेहरुका बीचमा शोक, समवेदना प्रकट गर्न पुगेका कारणले नै यो सहकारीको सांस्कृतिक एवम् सामाजिक सम्बन्ध छ दरिलो छ भन्न सकिन्छ ।

**"प्रगतिशील सहकारीलाई जिउँदाका जन्ती र मर्दाका मलामी बनाएका छन् । बच्चा जन्मिदा खुसी साट्न पुगेका छन् भने आशौच बार्नेहरुका बीचमा शोक, समवेदना प्रकट गर्न पुगेका कारणले नै यो सहकारीको सांस्कृतिक एवम् सामाजिक सम्बन्ध छ ।"**

महिला 'पहिला' बनाउने अभियानमा सरिक प्रगतिशील सहकारी यो क्षेत्रकै नमूना सहकारी हो । राष्ट्रिय, प्रादेशिक, जिल्ला एवम् स्थानीय तह,निकायबाट समेत यो सहकारी पुरस्कृत भइसकेको छ । यी पुरस्कारले सहकारीलाई उत्कृष्टतातर्फ उन्मुख बनाएको छ । सबैको सहकारी र सवल सहकारी बन्ने अभियानमा यो सहकारी अग्रणी स्थानमा छ । स्थानीय सुदखोरीहरुबाट बचाउन,महिलाहरुलाई आर्थिक मामिलामा अग्रसर बनाउन, आफ्नो खुट्टामा आफै उभिन सक्ने क्षमता आर्जन गराउन र महिलाहरुले अवसर प्राप्त गरेमा अनुपम र उदाहरणीय नेतृत्व गर्न सक्छन् भन्ने प्रमाणको अर्को नाम नै प्रगतिशील महिला सहकारी हो ।

स्थानीय उमेर पुगेका महिलाहरुका नागरिकता बनाउन,बच्चाहरुको जन्म दर्ता र विहे भएर आएका चेलीबेटीहरुको विहे दर्ता गराउन समेत यो सहकारीले खेलेको भूमिकाले समाजप्रतिको कर्तव्यनिष्ठा सहजै अनुमान गर्न सकिन्छ । सहकारीले स्थानीय महिलाहरुलाई एकीकृत गर्दै सहकारीमा गोलबन्द गरी आम्दानीको बाटोमा क्रियाशील गराएको भेटिन्छ । यही सहकारीबाट सहुलियत दरमा कर्जा लिई स्वरोजगारी बनेको, समृद्धिको यात्रामा सरिक भएको, श्रीमान्को कोटको खल्ती छाम्नु पर्ने बाध्यकारी अवस्थाबाट महिलाहरुले मुक्ति पाएको सन्देश रजत स्मारिकाबाट प्रवाहित गराउन पाउँदा खुसी लागेको छ ।

हामीले सहकारीलाई पैसा थुप्राउने, कर्जा लगानी गर्ने थलोका रुपमामात्र बुझ्यौ तर प्रगतिशील महिला सहकारीले यस्तो पुरातन शैली र कामको प्रकृतिलाई नै परिवर्तन गराइदियो । समाजप्रति वफादार, संस्कृतिप्रति सचेत र स्वास्थ्यप्रति गम्भीर रहन सिकायो । यसैले यो सहकारी सबैका निम्ति सहकारी पाठशाला हुन सक्ने छ । सहकारीका सिद्धान्त र मूल्य, मान्यतालाई घोकेरमात्र सहकारीको उन्नति,प्रगति सम्भव छैन । त्यसको व्यवहारिक प्रयोग र कार्यान्वयन आजको खाँचो हो ।

यो सहकारीले रजत महोत्सव मनाउन आइपुग्दै गर्दा अनेकन घुम्तिहरु काट्यो होला ! ती घुम्तिहरुमा कहिलेकाँही कुनै किसिमका दुघर्टना भए होलान् । पीडाका पोखरीमा परेर तैरनु पर्ने बाध्यकारी अवस्थाहरु आइपरे होलान् । आज ती सबै समस्या,उल्झन,बाध्यताहरुलाई व्यवस्थापन गर्दै उज्यालो रजत महोत्सव मनाउने ढोकामा आइपुगेको प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई लाखौं शुभेच्छा । सफलतालाई संगाल्दै र असफलतालाई हटाउँदै जाओस् । कामना ।



# व्यवहारमै प्रगतिशील र गतिशील सहकारी

**यादव अर्याल**, शैक्षिक अभियन्ता

> **सीप जान्नेले, नजान्नेलाई सिकाएको छ । हुनेले नहुनेलाई सहयोग गर्न सिकाएको छ । नेतृत्व विकास गर्ने अवसर दिएको छ । यही कारणले मानिसको सीप, क्षमता र आत्मविश्वास बढेको छ । आयआर्जनमा सहयोग पुगेको छ ।**

रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नम्बर १० वेवरीमा आफ्नो कार्यालय स्थापना गरी समाजको उन्नति प्रगतिको कामना गरी अगाडि बढेको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो २५औं वसन्त पार गरी रजत महोत्सव मनाउने तरखरमा जुटि रहँदा यो संस्थाले समाज र देशलाई दिएको सकारात्मक सन्देशको बारेमा केही चर्चा गर्न मन लागेको छ।

सहकारी संस्थामा एउटै लक्ष्य र उद्देश्य बोकेका सीमित साधन, स्रोत भएका गरिबीको मार खेपी रहेका, भोगी रहेका, सामाजिक तथा आर्थिकरुपमा विपन्न वर्गका मानिसलाई संगठित गरी बचत तथा ऋणको मध्यमबाट व्यवसाय गरी आयआर्जन गर्न प्रेरित गरेर एक्लै गर्न नसक्ने कामलाई समूहमा आवद्ध गराई केही गर्न सक्ने बनाएको छ । सीप जान्नेले, नजान्नेलाई सिकाएको छ। हुनेले नहुनेलाई सहयोग गर्न सिकाएको छ । नेतृत्व विकास गर्ने अवसर दिएको छ । यही कारणले मानिसको सीप, क्षमता र आत्मविश्वास बढेको छ। आयआर्जनमा सहयोग पुगेको छ। यसरी गरी प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले गरिवी निवारण र आयआर्जन क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय छ भन्ने मेरो बुझाई छ।

हाम्रो समाज पितृसत्तात्मक सोचबाट ग्रसित छ। यहाँ लिङ्गको आधारमा भेदभाव गरिन्छ। व्यवहार गरिन्छ । पुरुषप्रधान देश भएकै कारण, समाजमा गर्ने व्यवहार, घर-परिवारले गर्ने व्यवहार, हेर्ने दृष्टिकोण सम्पत्तिमाथिको एकल अधिकार, स्वतन्त्रताको विषयमा यो समाजले आवाज उठाउँदै आएको छ। लैङ्गिक हिंसा सामाजिक अपराध हो । यो समाज र देश विकासको बाधक हो भनि विभिन्न चेतनामूलक कार्यक्रम गरेको हामीले देखेका छौं । जसले गर्दा समाजमा लैङ्गिक हिंसा कम हुँदै गएको छ । आज हाम्रो समाजमा घरपरिवारमा महिलालाई हेर्ने दृष्टिकोण

परिवर्तन भएको छ । पारिवारिक निर्णयमा सहभागी गराइ सल्लाह लिईन्छ। स्वतन्त्रतापूर्वक हिँडडुल, नेतृत्वदायी भूमिका निर्वाह गर्ने जस्ता विषयमा परिवारको सहयोग साथै अब महिलाले केही गर्न सक्छन् भन्ने भावनाको विकास भएको छ । जसले गर्दा महिला दिदीबहिनी, आमाको आत्मबल र आत्मनिर्भर बढाउन संस्थाले खेलको भूमिको प्रशंसा योग्य छ । जसले लैङ्गिक हिंसा र असमानता अन्त्य गर्ने महत्वपूर्ण भूमिका खेलेको छ।

सहकारी संस्था सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रणमा गरिएको र स्वतन्त्र संस्था हो । यहाँ कुनै जात, भाषा, धर्म, लिङ्गको आधारमा विभेद गरिँदैन । सहकारी सबैको हो भन्ने कुरा यो २५औं वर्षको यात्राले पुष्टि गरेको छ । यसरी यो संस्थाका सञ्चालक,कर्मचारीको सुझबुझ राम्रो भएकै कारण यो संस्थाले सामाजिक द्वन्द्व र विभेदमा कमी ल्याउन महत्वपूर्ण भूमिका खेलेको अनुभूति भएको छ । यो संस्थाले समाजमा रहेको दिदीबहिनीहरुलाई त्यो कठिन परिस्थितिमा पनि संगठित गरी बचत गर्ने बानीको विकास गरी छरिएर रहेको पुँजीलाई एकीकृत गरी राष्ट्रिय पुँजी निर्माण गरेर बचत तथा ऋण माध्यमबाट सदस्यहरुलाई सहुलियत दरमा ब्याज व्यवस्था गरी व्यवसायिक बनाई आयआर्जनमा महत्वपूर्ण योगदान गरेको छ। जसले गर्दा संस्थाले आफूलाई यस क्षेत्रको आर्थिक उन्नतिको आधार भएको सन्देश दिन सफल भएको छ।

**यसरी यो संस्थाका सञ्चालक,कर्मचारीको सुझबुझ राम्रो भएकै कारण यो संस्थाले सामाजिक द्वन्द्व र विभेदमा कमी ल्याउन महत्वपूर्ण भूमिका खेलेको अनुभूति भएको छ।**

संस्थाले सामाजमा मिलेर बस्न, एकले अर्कालाई सहयोग गर्न, आपत, विपतमा परेकालाई आर्थिक सहयोग गर्ने अन्यायमा परेकालाई न्याय दिलाउने जस्ता सामुदायिक वातावरण सिर्जना गर्ने काम गर्न सफल भएको छ । समाजको दिगो विकासको लागि ज्ञान, सीप र क्षमता प्रस्फुटनको लागि पुऱ्याएको योगदान होस वा समाजलाई सहकारीको माध्यमबाट आत्मनिर्भरताको बाटोमा अग्रसर गराएको प्रसंग त्यतिकै महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको कारण साहु,महाजनको चर्को ब्याज लिनबाट सदस्यमुक्त भएका छन् ।

संस्थाले कारोबारको दायरा बढाउँदै जाँदा व्यवसायी बन्ने र स्थानीयस्तरमा केही हदसम्म रोजगारी सिर्जना गर्न सफल भएको छ । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले आफूलाई आफ्नो कार्यक्षेत्रमा मात्रै हैन जिल्ला भरिमात्रै हैन, राष्ट्रिय रुपमा नै आफ्नो उपस्थिति जनाई सकेको हामी सबैले देखेका छौँ । प्रगतिशील नामले संकेत गरेको छ कि यो संस्था, व्यवहारमा प्रगतिशील र गतिशील छ । जब संस्थाले आफूलाई अन्तर्राष्ट्रियस्तरमा पनि पहिचान बनाउन सकोस् । संस्थाको २५औं वर्षगाँठ र रजत महोत्सवको अवसरमा सरोकारवाला सबैप्रति सम्मान र शुभकामना ।



# उज्यालोको खोजीमा

**लक्ष्मी विश्वकर्मा**
उपाध्यक्ष, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

> **संस्थाहरु नहुँदा हामीहरुले उन्नति प्रगति गर्न सकेनौं । हामीलाई डोराउने कोही भएनन् । त्यसैपनि हामी महिला सबैका हेलाका पात्र थियौं । आर्थिक अधिकार हामी महिलामा थिएन । केही गर्ने सोच, तरिका र सामर्थ्य नहुँदा कुवाको भ्यागुता भएका थियौं हामी । त्यसैले हामी उज्यालोको खोजीमा थियौं तर गन्तव्यहीन जस्तै भेटिन्थौं ।**

करिव २०/२५ वर्ष अघि मक्रहरका विकट बस्तीहरुमा साना झुप्राहरु थिए । फुस र खपटाका घरहरु देखिन्थे । बाटाहरु साँघुरा थिए । घरघरि साइकिल दौडिन्थे । लडिया र गाडाहरुले तराईका गाउँको झल्को दिन्थे । गाउँमा पाँच कक्षासम्म पढ्ने स्कूल थिए । पढ्ने महिलाहरु कमै भेटिन्थे । पढ्नुपर्छ भन्ने चेतना थिएन गाउँमा । हुने खानेहरु पढ्थे ।

गाउँमा भूमिहीन दलित, अव्यवस्थित र सुकुम्बासी बस्तीहरु अझैपनि छन् । उतिबेला नहुने कुरै भएन । विभिन्न जातजाति, भाषाभाषी, वर्ग, वर्ण र लिङ्गका मानिसहरुको बाक्ला बस्ती आज पनि भेटिन्छन् । गाउँमा शौचालय थिएनन् । मैदान जाने चलन थियो । सफा, स्वच्छ पिउने पानी थिएन उतिबेला । रोगव्याधिले मानिसहरु आक्रान्त थिए । स्वास्थ्य चौकीहरु गाउँमा थिएनन् । सरसफाइको अभाव व्याप्त थियो । यी सबै गरिवी र चेतना अभावका प्रतिफल थिए ।

खेतीपाती गर्न सिंचाईको व्यवस्था थिएन । मजदूरी गर्न गाउँमा मौका थिएन । टाढा टाढा जानुपर्थ्यो । गाउँमा कुनैपनि प्रकारका समूह तथा संस्थाहरु नहुँदा हामीहरुले उन्नति प्रगति गर्न सकेनौं । हामीलाई डोराउने कोही भएनन् । त्यसैपनि हामी महिला सबैका हेलाका पात्र थियौं । आर्थिक अधिकार हामी महिलामा थिएन । केही गर्ने सोच,तरिका र सामर्थ्य नहुँदा 'कुवाको भ्यागुता' भएका थियौं । त्यसैले हामी उज्यालोको खोजीमा थियौं तर गन्तव्यहीनजस्तै भेटिन्थ्यौं ।

२०५४ सालको कार्तिक १० गते प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था खुल्यो । गाउँमै समूह बनाएर मासिक १० रुपैयाँ जम्मा गर्ने चलनको सुरुआत् भयो तर सबै महिलाहरु समूहमा संलग्न हुने सक्ने अवस्था रहेन । कतिपयले आर्थिक कमजोरी देखाए भने कतिको घरपरिवारले समूहमा बस्ने अनुमति

नै दिएनन् । अशिक्षित दिदीबहिनीहरुलाई समूहमा आवद्ध गराउनु त्यतिबेला चानेचुने कुरै थिएन। आज ती अतीत सम्झिदा अनौठो र विरह लाग्छ।

गाउँमा सहकारी आएपछि हामीहरु खुसी भयौं । सहकारीले हाम्रा अधिकारका सम्बोधन गर्दै गयो। बालबालिका पढाउनु पर्छ भन्यो। सुई/खोपका बारेमा जानकारी गराउँदै स्वास्थ्य केन्द्रमा जाने सल्लाह दियो । स्वच्छ पिउनेपानीको प्रवन्ध मिलाइ दियो । सुलभ शौचालय निर्माणमा सहयोग गरेको बिर्सिएका छैनौं । बालस्वास्थ्य, आँखा शिविर, गर्भवती महिला र सुत्केरी आमालाई पोषण शिक्षा दियो । महिलाहरुलाई प्रजनन् शिक्षा दिनुपर्छ भनेर लागिरह्यो।

महिला हिंसा विरुद्धमा, नागरिकता बनाइदिने काममा सहयोग, विवाह दर्ता, जन्मदर्ता गराइदिने कामलाई प्राथमिकता दियो । सबै महिलाहरुलाई चेतनामूलक कार्यक्रमहरुमा सरिक गरायो। विभिन्न दिवसहरु सञ्चालन गरी हकअधिकारका बारेमा बोल्न सिकायो। त्यसैको परिणाम स्वरुप आज म तिलोत्तमा नगरपालिकामा जनप्रतिनिधिको हैसियतमा छु । यतिबेला म संस्थाको उपाध्यक्ष छु । समिति, उपसमिति, एकाइ समितिमा रहेर काम गर्दाको अनुभवले मलाई महिला अधिकारकर्मीमात्र होइन । जनप्रतिनिधि हुने अवसर जुराइ दियो।

मलाई मेरो सहकारीप्रति गर्व छ । मेरो सहकारीप्रति म नतमस्तक छु। आज म जहाँ छु,यही सहकारीकै देन हो। गाउँको मुहार फेर्ने यो सहकारीको उपाध्यक्ष हुँभन्दा आत्मगौरव लाग्छ।

अहिले हाम्रो सहकारीले महिलाहरुलाई सुलभ तथा सस्तो दरमा कर्जा प्रवाह गरेको छ । कर्जा लिइ महिलाहरुले आ-आफ्ना उद्यम,व्यवसाय

> **मलाई मेरो सहकारीप्रति गर्व छ। मेरो सहकारीप्रति म नतमस्तक छु। आज म जहाँ छु, यही सहकारीकै देन हो। गाउँको मुहार फेर्ने यो सहकारीको उपाध्यक्ष हुँ भन्दा आत्मगौरव लाग्छ।**

सञ्चालन गरेका छन् । उनीहरुका उद्यम,व्यवसायले हामीलाई उत्साहित तुल्याएको छ । हामीले हाम्रा उद्यमी,व्यवसायीहरुका काम देखेर खुसी हुने मौका पाएका छौं र उदाहरण दिने अवसर मिलेको छ।

गाउँमा अझै पनि कर्जाका अभावले उद्यम, व्यवसाय गर्न नसकेका महिलाहरु छन्। समूहमा आवद्ध गराउनु पर्ने धेरै दिदीबहिनीहरु छन् । उनीहरुलाई हाम्रै सहकारीमा ऐक्यवद्धता गराउनु जरुरी छ। यो सहकारीमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने पूर्वअध्यक्ष, सञ्चालकहरुप्रति सम्मान गर्न मन लागेको छ। वर्तमान नेतृत्वसँग आफूलाई प्रगतिशील सहकारीको विकासमा हातेमालो गर्ने अभियन्ताका रुपमा परिचित गराउन पाउँदा सुखानुभूति मिलेको छ।

❀❀❀

# सफलता र चुनौतीको आँगनमा प्रगतिशील सहकारी



**कला अधिकारी**, लेखापाल, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

समयको विकासक्रम सँगै नेपालमा धेरै प्रकारका सरकारी तथा गैरसरकारी संघसंस्थाहरु स्थापना भएका छन् । स्थापित संघसंस्थाहरुमध्ये हाम्रो समाजमा महिलाहरुका सफलता र चुनौतीका आँगनमा दरिलो संस्थाको रुपमा महिला सहकारीलाई लिन सकिन्छ । महिला सहकारीहरुले महिलाहरुका आर्थिक,सामाजिक तथा खस्कदो जीवनस्तर उकास्नका लागि टेवा पुऱ्याएको देखिन्छ । जसमध्ये एउटा नमूना र उदाहरणीय सहकारीका रुपमा लिन सकिन्छ हाम्रै प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई पनि ।

मानवजातिको उत्पत्ति भएदेखि नै महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् भनियो । यो केवल भनाइमामात्र सीमित रह्यो । यसलाई व्यवहारमा कहिं, कतै लागू नगर्ने प्रक्रियाले हाम्रो समाजमा रुढिवादी परम्परा, अशिक्षा र पुरुष वर्चस्व समाजले एकछत्र राज गरेको अवस्था पाउँछौं । सबै खाले विभेद अन्त्य गर्नका लागि प्रगतिशील महिला सहकारी स्थापना हुनु चुनौतीपूर्ण थियो र आज पनि छ । आजको प्रगतिशील सहकारीको सफलता र यसको चम्किलो मुहार यसै देखिएको कदापि होइन । हिजो सहकारी गठन गर्दा सायद यस्तो कल्पना समेत गर्नुभएको थिएन होला,संस्थापकहरुले ।

मक्रहरका विकट बस्तीहरुमा सहकारीका अगुवाहरुले तत्कालीन समयमा खेलेका भूमिका दरिलो इतिहास र भविष्यको पाठ हुन सक्छ । उहाँहरुका सफल नेतृत्व,अग्रगामी विचार,महिलाहरुलाई एकीकृत गर्ने क्षमता र समाजसँग मुकाबिला गर्ने अदम्य शाहसले यस क्षेत्रमा गरिमाको रुपले प्रगतिशील सहकारी रहेको कसैले भुल्न सक्ने छैनन । २५ वर्षको दौरानमा अनेक दुःख,सुखका घुम्तिहरु काटेको छ सहकारीले । समाजमा रहेका महिलाहरुलाई आर्थिक रुपमा माथि उठाएको छ । सामाजिक रुपमा सक्षम बनाउँदै आएको छ । सांस्कृतिक र मनोवैज्ञानिक रुपमा हरेक महिलालाई समाजमा स्थापित हुने खालका नैतिक उर्जा थपेको छ । चुल्होचौकाबाट बाहिर निकालेर समाजकै हितका निम्ति महिलाहरुलाई एकताको डोरीमा बाटेको छ ।

मेरी प्यारी प्रगतिशील
हार्दिक बधाई छ तिमीलाई
तिम्रो इतिहासको
म अञ्जान पात्र हुँ
वर्तमानको सारथि
र
भविष्यको सपना हुँ
उमेरले सँगसँगै छौं
तर
तिमी सगरमाथा चढ्दैछौ
म
नाम्चे बसेर
तिम्रो प्रगतिको कामना गरिरहेकी छु
तिम्रो रजत महोत्सवमा
म,तिमी र हामी
खुसीले हाँसिरहेका छौं ।
उमंगले नाँचिरहेका छौं ।



# संघर्ष र सफलताका कथा

(प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाबाट कर्जा,
साथ र सहयोग लिई उद्यम, व्यवसाय गरेका महिलाहरुका)

# प्रगतिशीलको साथले
# प्रगतिको बाटोमा सोनु



**“ काम गर्ने इच्छाशक्ति भए केही गर्छु भन्नेलाई धेरै धन पनि नचाँहिने रहेछ । थोरै आर्थिक लगानीबाट सुरु भएको व्यवसायले अहिले दैनिक आम्दानी दिन थालेको छ । सुरुमा थोरै आम्दानी हुन्थ्यो । अहिले बिस्तारै सेवाग्राही र आम्दानीको अवस्था बढ्दै छ । ”**

चिटिक्क परेको सानो घर । त्यो घरभित्र खुसी देखिन्छ सानो परिवार । घरका २ प्रिय सन्तान छोरा अध्ययन गर्न विद्यालय गए र आएको देख्न पाइन्छ । चुलोचौको, सन्तानको रेखदेख, घर परिवारको सबै बन्दोबस्त मिलाउँछिन् एक पौरखी महिला । घरभित्र मात्रै सीमित हुनुहुन्न, घरको नियमित काम सकेर मैले पनि केही गर्न सक्नुपर्छ, आर्थिक हिसाबले सक्षम हुनुपर्छ भन्ने हिम्मतका साथ उनी आफैंले चलाएको घर नजिकै सानो लगानीमा कुटानी पिसानीको मिल छ । उनका श्रीमान् रोजगारीको लागि परदेश पसेका छन् । एक महिलाले गाउँभरिका दिदीबहिनी तथा सिङ्गो समुदायलाई हिम्मत हार्नु हुन्न, हामी महिला सक्षम बन्नुपर्छ भन्दै समुदायमा सन्देश बाँड्छिन् ।

उनी हुन् रुपन्देहीको तिलोत्तमा-८, प्रदीपनगर डाँडाकी सोनु क्षेत्री । घर परिवारसँगै आम्दानीका लागि म केही गर्न चाहन्छु भन्ने सोनुको पौरख देखेर छिमेकीले प्रशंसा गर्छन् । उनको उद्यम हेर्न अन्यत्रबाट पनि आउँछन् । सानो लगानीमा राखेको मिलमा दैनिक प्रयोग हुने खाद्य सामग्री कुटानी पिसानीका लागि गाउँलेहरु आउँछन् । जहाँ पिठो, मसला लगायतका खाद्य सामग्री पिसानी हुन्छ । कुखुरा तथा बस्तुभाउको दाना समेत कुटानी पिसानी सोनुले गर्छिन । आजभन्दा दुई वर्ष अगाडि एक लाख लगानीमा यो व्यवसाय सुरु भएको हो । त्यो रकम २५ वर्ष पहिलेदेखि यता निरन्तर महिलाहरुकै अधिकार र आर्थिक अवस्था सुधार गर्ने हेतूले स्थापना भएको प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले ऋण लगानी गरेको हो । सुरुमा थोरै शेयर रकम, त्यसपछि मासिक रू ५०० का दरले बचत गरेकी सोनुले बचत गरेको ६ महिनापछि ऋणका लागि संस्थामा निवेदन दिइन् । त्यसपछि सहकारीको स्वीकृतपछि कर्जा प्रवाह गरियो । कर्जा प्राप्त गरेपछि उनमा उत्साह थपियो । अब केही गर्नुपर्छ भन्ने भावना

जागृत भयो । आर्थिक रुपमा सक्षम बन्नुपर्छ । कुनै व्यवसाय सुरु गर्नैपर्छ भन्ने हुट्हुटीले निद्रा नलागेको उनी बताउँछिन् । काम गर्ने इच्छाशक्ति भए केही गर्छु भन्नेलाई धेरै धन पनि नचाहिने रहेछ । थोरै आर्थिक लगानीबाट सुरु भएको व्यवसायले अहिले दैनिक आम्दानी दिन थालेको छ । सुरुमा थौरै आम्दानी हुन्थ्यो । अहिले बिस्तारै सेवाग्राही र आम्दानीको अवस्था बढ्दै छ ।

सहकारीबाट ऋण लिएर कुटानी पिसानी मिल व्यवसाय सुरु गरेकी सोनुले छोटो समयमै ऋण तिरीसकेकी छन् । सफलता हात पर्न थालेपछि व्यवसाय बढाउँदै लैजाने सोच बनाएकी उनले अहिले पनि पुनः ऋण लिदै कुटानी पिसानीसँगै मसलाजन्य बस्तु उत्पादन र बजारीकरण गर्ने सोचका साथ अगाडि बढेकी छन् । बजारबाट मसलाजन्य कच्चापदार्थ लिएर पिस्न सुरु गरेकी सोनुले अचेल बेसार र जिरा धनियाँबाट मसला बनाएर व्यापार गर्न थालिसकेकी छन् । जसबाट आम्दानी मात्र बढेको छैन, हिजोको दिनमा खाद्यान्न कुटानी पिसानी गर्दा केही खाली बस्नु पर्ने अवस्था थियो । आज काममा व्यस्त हुने वातावरण मिलेको छ । व्यस्तता र आम्दानी देखेर छिमेकी दङ्ग छन् । पहिले छोराको सामान्य नास्ताको लागि समेत श्रीमान्सँग आश गर्नुपर्ने अवस्था थियो । आज आफैले कमाएको पैसा दिन पाएकी छु- खुसी मुद्रामा आफ्ना भावना व्यक्त गर्छिन् सोनु ।

**मैले कमाएको पैसाले घरपरिवार चलेको छ । प्रफुल्ल मुद्रा सोनुले भनिन । सोनुको कुटानी पिसानीमात्र होइन मसलाजन्य बस्तुको उत्पादन र व्यापारीलाई थप व्यवस्थित र विस्तार गर्ने लक्ष्य छ । हिजो कतै असफल भइन्छ कि भन्ने आशंकाका बीच सुरु गरेको मिल, आज राम्रो भएपछि उनमा उत्साह र साहसको वर्षा भएको छ ।**

काम सानो ठूलो भन्ने नहुने रहेछ । जब काम गर्नुपर्छ भन्ने कुरा मनमा आउँछ अनि काम सुरु गरिन्छ । त्यही कामले सम्मान दिने रहेछ । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारीको ऋण लगानीबाट मिल सुरु गरेकी उनले थपिन् । अहिले दैनिक रु. ५०० भन्दा माथि आम्दानी गर्ने गरेकी छु । चाडपर्वको समयमा दैनिक रु. २००० देखि रु २५०० सम्म हुने गर्छ । यसले आफुलाई सन्तुष्टि मिलेको छ । श्रीमान् बिदेश हुनुहुन्छ । उहाँले कमाएको पैसा खर्च गर्नुपरेको छैन । मैले कमाएको पैसाले घरपरिवार चलेको छ- प्रफुल्ल मुद्रामा सोनुले भनिन । सोनुको कुटानी पिसानीमात्र होइन मसलाजन्य बस्तुको उत्पादन र व्यापारीलाई थप व्यवस्थित र विस्तार गर्ने लक्ष्य छ । हिजो कतै असफल भइन्छ कि भन्ने आशंकाका बीच सुरु गरेको मिल, आज राम्रो भएपछि उनमा उत्साह र साहसको वर्षा भएको छ । अन्त्यमा सोनुले भनिन- मैले आर्थिक उपार्जनको लागि केही गर्छुभन्दा सहयोगी बन्ने मेरो सहकारी, सधैं धन्यवाद्को पात्र बनिरहनेछ । संस्थाको उन्नतिको कामना गर्छु ।



# कुखुरासँगै रमाएकी सुशीला

**मनमा आँट, कामप्रतिको लगाव, आफूले आफैंलाई  गर्ने विश्वास भए जस्तोसुकै उल्झन् पार लगाउन सकिन्छ । त्यसमाथि घरपरिवार र समाजको लोकप्रिय संस्थाको सहयोग भयो भने सफल हुन समय लाग्दैन ।**

काम गर्ने इच्छाशक्ति भयो भने जुनसुकै चुनौती पनि पार लगाउन सकिन्छ । निरन्तरको लगनशीलताले जस्तोसुकै अप्ठ्यारो पर्खाल भत्काउन सकिन्छ । जुनसुकै कार्यसम्पादन गर्दा चुनौतीहरु आउँछन् । व्यवसाय सञ्चाल गर्दा चुनौती नआउने कुरै भएन । त्यसमा पनि हाम्रो समाजमा महिलाले व्यवसाय सुरु गर्न खोजिन् भने सुरु गर्नभन्दा पहिल्लै समस्या र चुनौतीको भारी बोकाइन्छ । मनमा आँट, कामप्रतिको लगाव, आफूले आफैलाई  गर्ने विश्वास भए जस्तोसुकै उल्झन् पार लगाउन सकिन्छ । त्यसमाथि घरपरिवार र समाजको लोकप्रिय संस्थाको सहयोग भयो भने सफल हुन समय लाग्दैन । यस्तै परिवारमा र संस्थामा प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्थाको सहयोगले सफल भएको नाम हो सुशीला घिमिरे ।

रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं.-११, कालिकास्थान शिवालय टोलमा कुखुरापालन व्यवसाय र कुखुराको अण्डाको व्यापार गर्ने सोच बनाएकी सुशीलालाई व्यवसाय गर्न कम चुनौती थिएन । विवाह भएर आउँदै गर्दा श्रीमानूले नै सोही व्यवसाय जिम्मा दिए । नयाँ ठाउँ नयाँ परिवेशसँगै सुशीलाको लागि नयाँ व्यवसायमा होमिनु भनेको फलामको चिउरा चपाउनु सरह थियो । कुखुरा त्यसमाथि पनि अण्डा पार्ने लेयर्स जातको कुखुरा सानो लगानीले हुने कुरै भएन । यसलाई निरन्तरता दिन निकै चुनौती थियो । जतिसुकै चुनौती भएपनि उनले म गर्न सक्छु भन्दै हिम्मत जुटाइन् । कहिले श्रीमानूसँग कहिले माइतीसँग रकम मागेर त कहिले साथीसँग पैसा सापट गरेर व्यवसायलाई निरन्तरता दिँदै गइन् । धौधौले चल्यो व्यवसाय । व्यवसायकै सिलसिलामा सारथि

बन्दै जोडियो प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था । सुरुसुरुमा संस्थाबाट कति ऋण लिए भन्ने याद नभएको सुशीला बताउँछिन् । पहिलो ऋण तिरेपछि उत्साह आयो । काम गरे तिर्न सकिदो रहेछ भन्ने लाग्यो- उनले भनिन् । सहकारीमा शेयर सदस्य रहेकी सुशीलाको व्यवसायको लागि संस्थाले पटकपटक लगानी गऱ्यो । लिएको ऋण तिर्दै गइन् । व्यवसायबाट आम्दानी हुँदै गयो । सहकारीबाट बढीमा ३ लाखसम्म ऋण लिएकी उनले व्यवसायमा ठूलो हुँदै गर्दा सधैं दुःखमा ढाडस दिने अभिभावक बनेको बताउँछिन् ।

व्यवसाय सञ्चालन गरेको १६/१७ वर्ष भैसकेको छ । अहिले त्यही व्यवसायबाट घरखेत जोडिएको छ। नयाँ खोर थपिएको छ। खोरसँगै कुखुरा थपिएका छन् । आम्दानी बढेको छ । घरमा खुसी थपिएको छ । सुशीलालाई आफ्नै कुखुरासँग समय बिताएको पत्तो हुँदैन । १४/१५ लाख लगानीबाट सुरु गरिएको कुखुरापालन व्यवसायमा ४०/४५ लाख लगानी भएको छ। कुखुरापालन व्यवसायमा धेरै चुनौती हुन्छन् । कहिले रोग तथा खराब मौसमका कारण खोरै रित्तिन सक्छ । भएभरका लगानी डुब्न सक्छ । यो कुरा थाहा हुँदाहुँदै पनि सुशीलाले चुनौतीलाई स्वीकार गरिन् । सफल हुँदै अगाडि बढिन् । हिम्मत र मेहनत गर्न सके महिला आर्थिक हिसाबले सफल हुने सक्छन् भन्ने उदाहरण पेश गरेकी सुशीलालाई घरपरिवार पूर्णसाथ छ । समुदायको हौसला छ । सहकारीको आड् भरोसा छ । व्यवसायबाट आम्दानी हुँदा महिनामा ३ लाखसम्म हुने गरेको उनको अनुभव छ ।

आफूले दुःख गरेर कमाएको कमाइको महत्व फरक हुने रहेछ । देशमा केही हुँदैन भनेर बिदेश जाने

> **आफूले दुःख गरेर कमाएको कमाइको महत्व फरक हुने रहेछ। देशमा केही हुँदैन भनेर बिदेश जाने दाजुभाइ दिदीबहिनी प्रसस्तै देखिन्छन् र आफूले व्यवसाय सञ्चालन गरेको ठाउँका अधिकांश मानिस रोजगारीको सिलसिलामा बिदेश छन्। केही गर्ने हिम्मत, बिदेश जाँदाको लगानी र मेहनत भए देशमै केही गर्न सकिन्छ।**

दाजुभाइ दिदीबहिनी प्रसस्तै देखिन्छन् र आफूले व्यवसाय सञ्चालन गरेको ठाउँका अधिकांश मानिस रोजगारीको सिलसिलामा बिदेश छन् । केही गर्ने हिम्मत, बिदेश जाँदाको लगानी र मेहनत भए देशमै केही गर्न सकिन्छ । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले लगानी गर्छ । उनी भन्छिन्- देशमै केही गर्छु भन्नेलाई थोरै लगानीबाट व्यवसाय सुरु गर्न सकिन्छ । सानोबाट सुरु गरे पनि मन, वचन र कर्मले निरन्तर सोही काममा लाग्न सके सफल हुने उनको बिश्वास छ । उनी आफूजस्ता दिदीबहिनीलाई केही नगरी त्यसै समय फाल्नुभन्दा केही गर्न सुझाव दिन्छिन् ।

# प्रगतिशील सहकारी
# बैंक पनि, साथी पनि



**प्रगतिशील सहकारीले सञ्चालन गर्ने उत्प्रेरणामूलक तालीममा सहभागी भएपछि आफूमा परिवर्तन आएको र समाजलाई केही योगदान दिनसक्ने हिम्मत आएको उनी बताउँछिन् ।**

बैङ्कमा कारोबार कसरी गरिन्छ ? कसरी खाता खोल्ने ? बचत तथा ऋणको काम कसरी गर्ने ? त्यो पनि थाहा छैन । आफुलाई बैंक र बैंकिङ कारोबारको विषयमा जानकारी नभएको तिलोत्तमा नगरपालिका वडा नं. ११ रामनगरकी बिष्णु खत्री बताउँछिन् । गाउँमा प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था छ । सहकारीमै बचत तथा ऋणको काम हुने गरेको छ । हामीलाई किन चाहियो बैङ्क ? बचत, ऋण मात्र होइन बिदेशबाट पैसा आए वा कसैलाई पठाउनु परेपनि सहकारीबाटै काम हुन्छ । समाजका सबै जसो छिमेकी, इष्टमित्र सहकारी मै भेटिन्छन् । मेरो लागि सहकारी बैंक पनि, साथी पनि भएको छ- खत्रीले भन्छिन् ।

खत्रीले फ्रेस हाउस सञ्चालन गरेकी छिन् । सानो लगानी भए पुग्ने, घरमै व्यवसाय गर्न सकिने र राम्रो आम्दानी हुने भएकोले फ्रेस हाउस चलाएको उनको भनाइ छ । व्यवसायमा परिवारको साथ छ । श्रीमान्ले कुखुरा ल्याइदिन्छन् । कुखुरालाई सफा गरी काट्ने र बेच्ने काम उनले गर्छिन । अन्य धेरै सहकारी संस्थामा शेयर सदस्य रहेकी खत्रीलाई व्यवसायी बनाएको भने प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले हो । वि.सं. २०५६ सालमा सहकारीको सदस्य भएकी खत्रीले सहकारी भन्ने थाहा नहुँदा नै विश्वासिला साथीहरू सहकारीप्रति लगाव भएको देखेर आफु सदस्य भएको बताउँछिन् । मासिक ५ रुपैयाँको दरले पनि बचत गर्न नसकेर ५ जनाले पालैपालो गरेर ५ महिनामा २५ रुपैयाँ जनतन उठाएर बचत गर्ने गरेको उनको सम्झनामा छ । हिजोको दुःखमा साथ दिएको कारण सहकारी भनेपछि भित्रैबाट माया लाग्ने र सहि उद्देश्यका साथ सहकारीबाट ऋण लिएपछि लक्ष्य हासिल गर्ने गरी मेहनत गर्नुपर्ने उनी बताउँछिन् । प्रगतिशील सहकारीले गरेको सहयोग र कामको विषयमा खत्री भन्छिन्- अरु सहकारीले बचत र ऋणको मात्र काम गर्छन् । प्रगतिशील

सहकारीले बचत र ऋणसँगै महिलाहरुलाई कसरी स्वावलम्बी बनाउने सकिन्छ, आर्थिक हिसाबले कसरी बलियो बनाउने र अन्यायमा परेका महिला दिदीबहिनीलाई न्याय सम्पादन गर्नमा समेत सहकारीले साथ दिएको छ। जसका कारण घरवार टुटेको अवस्थामा पुगेका दिदी बहिनीहरुको अधिकार दिलाउन काम गरेको, न्याय दिने आधिकारिक निकाय नभए पनि सहजकर्ताको भूमिका खेलेको, बिग्रन लाएको घर परिवारहरुलाई जुटाइदिएको कारण पनि अरु सहकारीभन्दा यो सहकारीको फरक पहिचान रहेको छ।

**"प्रगतिशील सहकारीले बचत र ऋणसँगै महिलाहरुलाई कसरी स्वावलम्बी बनाउन सकिन्छ, आर्थिक हिसाबले कसरी बलियो बनाउने र अन्यायमा परेका महिला दिदीबहिनीलाई न्याय सम्पादनमा समेत साथ दिएको छ ।"**

बचत गर्न सुरु गरेको ३ वर्षपछि २०५९ सालमा आफूले प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाबाट ऋण लिएको सो रकमबाट टीभी र भिसीआर (भिडीयो देखाउने मेसिन) किनेर भाडामा लगाएको उनी बताउँछिन् । ठुलाबडा कहाँ विवाह तथा पूण्यकर्ममा टिभि र भिसीआर भाडामा लगाएर भिडियो देखाउँदै आम्दानी गरेका उनका श्रीमानूले लिएको सो ऋण समयमै तिरेका थिए। सहकारीबाट सस्तो व्याजदरमा ऋण लिएर आफूमात्र होइन श्रीमानूले समेत व्यवसाय सुरु गर्नु भएको छ भन्दै खत्रीले खुसी व्यक्त गरिन् । कुनैपनि सकारात्मक कर्म गर्नमा महिला पछि पर्नु हुँदैन भनेर प्रगतिशील सहकारीले हौसला दिएको छ। प्रगतिशील सहकारीबाट नै ३ महिने सिलाइ कटाई तालीम लिएर फुर्सदमा सिलाइ कटाई समेत गरेको बताउँदै खत्रीले सहकारीले समय समयमा धेरै जीवनोपयोगी सीपमूलक तालीम सञ्चालन गरेको बताउँछिन्। धेरै कुराको अनुभव र सहकारीको राम्रोसँग महत्व बुझेकी खत्री अहिले समाजका हरेक कामको नेतृत्व समेत गर्छिन । आमा समुह, टोल विकास संस्थाको काममा सक्रिय हुन्छिन् । आफू जस्ता महिलाले गरे समाज परिवर्तन गर्न सकिन्छ भन्ने उनलाई लागेको छ । प्रगतिशील सहकारीले सञ्चालन गर्ने उत्प्रेरणामूलक तालीममा सहभागी भएपछि आफूमा परिवर्तन आएको र समाजलाई केही योगदान दिनसक्ने हिम्मत आएको उनी बताउँछिन् । जसका कारण व्यापार व्यवसायका साथै संघ संस्थामा रहेर सामाजिक कामसँगै गरेकी छिन् । फ्रेस हाउसको व्यवसायबाट दैनिक ५०० देखि १००० आम्दानी गरेकी छिन् । आम्दानीबाट परिवारको नियमित खर्च चलाउन सजिलो भएको छ । सहकारीकै माध्यमबाट सक्रिय भएको सम्झिन्छन् । अहिले सहकारीमै आबद्ध भएकै कारण हामीलाई चल्न सजिलो भएको छ। मान्छेको अगाडि बोल्न सक्ने भएकी छु। आफूसँग भएको पैसा बचत भएको छ भने चाहिएको बेला ऋण पाइएको छ। हाम्रा आमाहरुको पालामा पनि यस्ता सहकारी भएका भए आमा दिदीहरुले दुःख पाउनु पर्ने थिएन होला भन्दै विगत सम्झिएर आँशु झार्न्छिन् ।

❁❁❁

# प्रगतिकोद्वार प्रगतिशील सहकारी



**साना साना झुप्रा घरका बीचमा सुरु गरिएका पसल सुरु गर्दाका उज्याला अँध्यारा क्षणहरु, रंगिन सपनाहरु, आफ्ना आँखा वरिपरि अहिले पनि घुमि रहन्छन् । यो वास्तविक कथा हो ।**

एउटा गाउँमा, ट्याङ्की जस्तैमा सानो किराना पसल छ। गाउँलेले आफै नामाकरण गरेर भन्न थालेका हुन् 'टङ्की' । जसको जम्मा १ हजार रुपैयाँ लगानी गरेर सुरु गरिएको थियो । यो २०५४ सालको कुरा हो । साना साना झुप्रा घरका बीचमा सुरु गरिएका पसल सुरु गर्दाका उज्याला अँध्यारा क्षणहरु, रंगिन सपनाहरु आफ्ना आँखा वरिपरि अहिले पनि घुमि रहन्छन् । यो वास्तविक कथा हो, तत्कालीन मक्रहर गा.वि.स. वडा नं. ८ हाल तिलोत्तमा नगरपालिका वडा नं. ११ मृगौली गाउँको हो। टंकीबाट सुरु भएको सो किराना पसल अहिले २ तल्ला घरमा व्यवस्थित तरिकाले निरन्तर चलिरहेको छ । नयाँ व्यवस्थापनपछि स्थान भने सरेको छ। हिजो मृगौली गाउँको सो सानो पसल विस्तारित स्वरुप अहिले रामनगरमा छ । पसल र ठाउँ मात्र परिवर्तन भएको छैन, पसल सञ्चालन गर्ने सुवास र नर्मदा गिरीको दिनाचर्या फेरिएको छ। दैनिकी व्यस्तता पनि बढेको छ। जब २०६० सालमा सुवास नर्मदा विवाह बन्धनमा बाँधिए तब सुवासको व्यापारमा हात र साथ थपियो । हात र साथ मात्र थपिएको होइन, आत्मविश्वास थपियो। केही गर्नुपर्छ, गरौं भन्ने सुवासको श्वरमा श्वर थपियो।

विवाह लगत्तै प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा नर्मदले रु. १०० लगानी गरेर शेयर सदस्य भइन् । रु. १०० मासिक बचत गर्ने गरेकी नर्मदाले एक वर्षमै रु. ५० हजार ऋण पाइन्। चलिरहेको किराना पसलो अलवा नास्ता पसल पनि चलाउने निर्णय गरिन् । त्यसपछि दुई रथको गतिशील पाङ्ग्रा सुवास नर्मदाले किराना पसल र नास्ता पसलको गाडी हुँइकाउन थाले । दुवै पसलको व्यापारको रफ्तार निरन्तर सन्तुलित हिसाबले चलिरहेको छ। दुई चालक सुवास र नर्मदाले निरन्तर हाँकिरहेका छन् । पारिवारिक सामीप्यता र पसलको

व्यापारमा कुनै गिरावट आएको छैन। दुई पसल र मानवीय जिन्दगी रंगिन छ। सानो किराना पसलबाट सुरु गरेको व्यवसाय अर्डर अनुसार खाना र नास्ता मात्र होइन हरिया तरकारी, फलफूल र दुध, दही समेतले सेवाग्राहीलाई तानिरहेको छ। नर्मदा भन्छिन्- व्यापार व्यवसाय राम्रोसँग चलेको छ। व्यवसाय गर्दा दैनिक १०/१५ हजारको नियमित कारोवार हुन्छ। कहिले अझ बढी पनि हुन्छ। त्यसबाट घरपरिवार मात्र चलेको छैन। दैनिक जसो बचत हुने गरेको छ। सोही व्यापार व्यवसाय सुरु गरेपछि ठूलो घर र जग्गा जोडिएको छ। टंकीबाट सुरु गरेको व्यापार व्यवसाय अहिले २ तल्लाको घरमा पनि अटाइ नअटाई छ। सवारीसाधन जोडिएका छन्। आर्थिक उन्नति मात्र भएको छैन सामाजिक प्रतिष्ठा पनि यही व्यापारले नै बढाएको छ। व्यापार व्यवसायको साथै श्रीमान्/श्रीमतीको विभिन्न सामाजिक संघ-संस्थामा समानान्तर आबद्धता छ। सामाज सेवा गर्दै व्यापार व्यवसायमा आत्मसन्तुष्टि थपिएको छ।

व्यापार व्यवसायमा रमाएकी नर्मदा भन्छिन्- इमानदारिका साथ भन्नुपर्छ, यो सबै प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको सहयोगले भएको हो। हिजोका दिनहरुमा सस्तो ब्याज दरमा ऋण नदिएको भए, हौसला नदिएको भए, तत्कालीन समयमा हाम्रो आर्थिक अवस्थाले भेट्ने नै थिएन। व्यापार व्यवसायको लागि पटकपटक सस्तो व्याजदरमा ऋण लिने व्यापार गरि तिर्ने गरेको नर्मदाको भनाइ छ। ५० हजार ऋणबाट व्यवसाय अघि बढेको बताउने उनले अहिले पनि व्यापार र घर घडेरीको लागि प्रगतिशील सहकारीले धितोमा आफुलाई १५ लाख ऋण लगानी गरेको बताईन्। उनी भन्छिन्- प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले हामी जस्ता सानो आर्थिक अवस्था भएका व्यवसायीहरुलाई धेरै ठुलो सहयोग गरेको छ। महिलाले केही गर्न सक्दैनन् भन्ने साँगुरो चिन्तनलाई हटाइदिएको छ।

> **"हाम्रो समाजमा सहकारीले दिएको व्यक्तित्व, नेतृत्व तथा सीपमूलक तालिम र सस्तो व्याजको ऋण सहयोगले धेरै महिला आर्थिक हिसाबले आत्मनिर्भर बनेका छन्।"**

हाम्रो समाजमा सहकारीले दिएको व्यक्तित्व, नेतृत्व तथा सीपमूलक तालिम र सस्तो व्याजको ऋण सहयोगले धेरै महिला आर्थिक हिसाबले आत्मनिर्भर बनेका छन्। जसको कारण सानो कामको लागि रकम पाउने आशामा श्रीमान्, घर परिवार, माइती तथा कसैको अगाडि शिर निहुराउनु परेको छैन। बरु आफूले सहयोग गर्ने अवस्था बनेको छ। त्यसमाथि प्रगतिशीलले सामाजिक न्याय दिलाउन र अन्यायमा परेका महिला दिदीबहिनीहरुलाई न्यायको समेत पहल गरेको छ। त्यसले गर्दा पनि अहिले गरिब, विपन्न तथा पिछडिएका ठाउँका दिदीबहिनीको वास्तविक सारथि र प्रगतिकोद्वार प्रगतिशील सहकारी बनेको व्यवसायी नर्मदाको ठहर छ।

✿✿✿

# सहकारीले फेरिदिएको चेहरा



**आफूले केही गर्छुभन्दा पनि आफ्नो लागि भएर पनि केही नभए जस्तो जिन्दगी थियो । मान्छेहरुको बीचमा बसेपनि एक्लो भएको महसुस हुन्थ्यो । त्यतिबेला गाउँकै एक दिदीले सहकारीले सहयोग गर्ने, फाइदै फाइदा दिने कुरा गर्नुभयो ।**

घरमै सानो पसल थियो । व्यवसायमा लगानी नभएकै कारण पानीबिनाको माछा झैं थियो पसलको जिन्दगी । कम चल्ने गर्थ्यो । धन हुनेहरु कहाँ ऋण माग्न जाँदा सित्तैमा दिनुपर्ने झैं गर्थे । कसैले ऋण नदिने दिई हालेपनि अचाक्ली चर्को ब्याजको भारी बोक्नुपर्ने भएकोले समस्या थियो । आफू सुकुम्बासी बस्तीमा बसेकै कारण सामाजिक दृष्टिकोणमा गरिबीको सूचीमा राख्थे । व्यापार व्यवसायका लागि आफ्नो घर जग्गा भएर पनि धितोमा राख्न पाइँदैन थियो । आफूले केही गर्छुभन्दा पनि आफ्नो लागि भएर पनि केही नभए जस्तो जिन्दगी थियो । मान्छेहरुको बीचमा बसेपनि एक्लो भएको महसुस् हुन्थ्यो । त्यतिबेला गाउँकै एक दिदीले सहकारीले सहयोग गर्ने, फाइदै फाइदा दिने कुरा गर्नुभयो । थोरै-थोरै बचत गर्दै जाने आफूलाई चाहिएको बेला सस्तो ब्याजदरमा ऋण पनि निकाल्न पाइन्छ र महिलाहरुकै सक्र्यतामा खोलिएको सहकारी हो भनेपछि मपनि घर सल्लाह गरेर हुन्छ भन्दिएँ ! सहकारीमा नियमित बचतको यात्रा सुरु गरे भन्दै खुसी चेहरामा देखिने तिलोत्तमा शान्तिनगर कान्छी बजारमा बस्दै आयुसा टेलर्स सञ्चालन गर्ने भारती दर्जीको यो वास्तविकता हो ।

महिलाहरुले, महिलाहरुका लागि सुरु गरेको सहकारी भनेपछि माया लाग्ने दर्जीको भनाइ छ । सहकारीमा बचत गर्न पुग्दा, दिदीबहिनीका कुरा सुन्दा, सहकारीका विषयमा बुझ्दै जाँदा उत्साहको बाढी आउने उनी बताउँछिन् । केही समयको बचत पछि दर्जीले वि.सं. २०७५ सालमा आफूले चलाउँदै आएको टेलर्सको स्तरोन्नतिका लागि ऋण लिने निधो गरिन् । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट रू. १ लाख रुपैयाँ, सस्तो ब्याजदरमा ऋण लिइन् । पहिले सानो भएको टेलर्स ठूलो र व्यवस्थित बनाउन सुरु गरिन् । व्यापारिक हिसाबले उपयुक्त ठाउँ पनि

सारिन । हिजोका दिनमा अरुले ल्याएका कपडा मात्र सिलाउने उनी पसलमा कपडा पनि सँगै राख्न थालिन् । अहिले पसलको स्वरुप नै फेरिएको छ। हिजो गाउँभित्र रहेको टेलर्स आज कान्छी बजार चोकमा छ। आजभन्दा १५ वर्ष अघि श्रीमान्ले सुरु गरेको यो व्यवसाय अहिले उनको विबाह र सहकारीको लगानीसँगै ठूलो भएको छ। त्यही सिलाइ-कटाईको व्यापारबाट घर परिवारको दैनिकी चलेको छ। हिजो सामान्य घरमा बस्दै आएका उनीहरु अहिले पसलकै आम्दानीबाटै चिटिक्कै परेको नयाँ घर बनाएर छोराछोरीसँगै रमाइरहेका छन्। घर मात्रै नयाँ बनेको छैन, सोच, चिन्तन पनि फराकिलो भएको छ । हिजो आर्थिक उपार्जन नहुँदाभन्दा अहिले समाजले गर्ने ब्यवहार, हेर्ने दृष्टिकोणमा सुधार आएको छ। श्रीमान्ले सुरु गरेको व्यवसायमा अहिले भारतीको लगाव र लगानी छ। पसिना र खुसी छ। दैनिक आम्दानीको दर बढेको छ । श्रीमान् श्रीमतीले रातदिन काम गर्दा पनि कामको चापले गर्दा थप एक जनालाई रोजगारी दिएका छन् ।

हिजोको त्यो अवस्था दैनिक पसलको व्यापार र भारतीको जोडीको लगाब र परिश्रम देखेर आज प्रगतिशील सहकारी समेत खुसी छ । हिजो घरभित्र सिमित पेशा अहिले व्यस्त चोकमा व्यवसायिक बनेको र दर्जी परिवार उद्यमी बनेको देख्दा संस्थाको उद्देश्य पूरा भएको सहकारी सञ्चालक बताउँछन् । यता आरती पनि दुःखको वास्तविक सारथि प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड रहेको बताउँछिन् । घरपरिवार, छिमेकी तथा बैङ्क कसैले ऋण सहयोग गर्न नसकेको अवस्थामा सहकारीले आफूलाई सस्तो ब्याजमा ऋण दिएको छ । यसबाट आफु धेरै खुसी रहेको भन्दै उनले संस्थालाई कहिलै धन्यवाद दिएर नसकिने बताइन् । संस्थाले बचत गर्ने बानी पनि सिकाएको बताउँछिन् । गाउँले दिदीबहिनीको दुःखको सच्चा साथी बनेको उनी बताउँछिन् । भारतीका श्रीमान्ले सहकारीलाई धन्यवाद दिदै संस्थाले बचत गर्न सिकाएको, आर्थिक अनुशासन सिकाएको बताउँछन् । सहकारीले ऋण लगानी गर्‍यो। त्यतिमात्र गरेन, घरभित्र रहेकी आफ्नी श्रीमतीलाई र आफुलाई व्यवसाय गर्दै आम्दानी गर्न सिकाएको छ । जसका कारण आफू र आफ्नो परिवार आज राम्रोसँग अगाडि बढेको छ। खुसी र रंगिन चेहरामा भारती थप्छिन्- हामी दुवैजना यो व्यवसायमा लागेपछि दैनिक आम्दानी बढेको छ। खर्च कटाएर दैनिक कम्तिमा १ हजारदेखि ३ हजार बचत हुने गरेको छ। हाम्रो जीवनमा सहयोगी बनेकोमा प्रगतिशील सहकारीलाई धेरैधेरै धन्यवाद् !

**हिजो घरभित्र सीमित पेसा अहिले व्यस्त चोकमा व्यवसायिक बनेको र दर्जी परिवार उद्यमी बनेको देख्दा संस्थाको उद्देश्य पुरा भएको सहकारी सञ्चालक बताउँछन् । यता भारती पनि दुःखको वास्तविक सारथि प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड रहेको बताउँछिन् ।**

# व्यापार-अपार



केही समय घरको सटरबाट सुरु गरेको व्यापारमा कारोबार नहुने र उधारोमा बढी जान थालेपछि जैसी, हाटबजारतिर लागेकी हुन्। व्यापार सुरु गर्दा श्रीमान् बिदेशमा थिए। हाट जहाँ लाग्छ त्यहीं जानु पर्ने भएपछि परदेश भएका श्रीमान्लाई केही गरौँला भनेर जैसीले स्वदेश फर्काएकी हुन्।

नेपाली समाजमा घरभित्रको काम महिलाले गर्ने र घर बाहिरको काम पुरुषले गर्नुपर्छ भन्ने संस्कार छ। यदि घरभित्रको काम पुरुष र घर बाहिरको काम महिलाले गर्छिन भने घरका अन्य सदस्यले मात्र होइन समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ। यहि समाजमा यस्ता यस्तो उदाहरणीय, खुसी परिवार पनि छ, जसले समाजको पुरातन नजर भत्काइ दिएको छ। यस्ता महिला पनि छन् जसले पौरख गर्छन्- आफनो परिवार र श्रीमान्लाई आफै कमाएर खुसी पार्छन। यस्तै एक उद्यमशील पात्र हुन् रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १०, शान्तिनगर बस्ने सीतामाया जैसी।

श्रीमान्, १ छोरा र २ छोरी रहेको जैसीको पारिवारिक जीवन अरुकोभन्दा फरक छ। जैसीले हाटबजारमा श्रृङ्गारका समान बेच्छिन्। उनलाई परिवारको साथ र सहयोग छ। सबैभन्दा बढि सहयोग छोरीले गर्छिन। छोरीले बजारसम्म सामान पुऱ्याइदिन्छिन् र आमासँगै सामान बेच्छिन्। वि.सं. २०३५ सालमा जन्मिएकी जैसीले १६ वर्ष अघि रु. २५ हजारको लगानीबाट ब्यापार सुरु गरेकी हुन्। केही समय घरको सटरबाट सुरु गरेको व्यापारमा कारोबार नहुने र उधारोमा बढी जान थालेपछि जैसी, हाटबजारतिर लागेकी हुन्। व्यापार सुरु गर्दा श्रीमान् बिदेशमा थिए। हाट जहाँ लाग्छ त्यहीं जानु पर्ने भएपछि परदेश भएका श्रीमान्लाई केही गरौँला भनेर जैसीले स्वदेश फर्काएकी हुन्। बजार बजारमा समान पुऱ्याउन थालेपछि ब्यापार पनि बढेर गयो। बिदेशबाट श्रीमान् आएपछि साथ र पैसाको अभाव जैसीलाई भएन। अहिले श्रीमान् घरै बस्छन्, समाज सेवा गर्छन्। साँझ, विहान घरको काममा साथ दिन्छन्। सीताका आमाछोरी बजार जान्छन्। महिलाका श्रृगांरका सामान बेच्छन्। आम्दानीबाट घरखर्च चलाएर नियमित बचतको अलवा श्रीमान्को पकेट खर्च समेत चलेको छ। मैले परिवार तथा श्रीमान्का लागि यति धेरै

गरे भन्ने कत्ति पनि घमण्ड छैन जैसीमा । छ त बरु मैले केही गर्न सके भन्ने गर्व ।

सीताको अवस्थालाई सुधार ल्याउने सहयोग गर्ने, म पनि केही गर्न सक्छु भन्न सिकाउने अरु कोही होइन, प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हो । वि.सं. २०६१ सालमा शेयर सदस्य भएर २०६३ सालमा संस्थाबाट ऋण लिएर जैसीले व्यवसाय सुरु गरेकी हुन् । त्यो बेला रु. २५ हजारबाट सुरु गरेको व्यापार दिनप्रतिदिन फस्टाउँदै गयो । जैसीले संस्थाबाट लिएको सस्तो ब्याजको ऋण तिर्दै, पुनः लिदै फेरि तिर्दै व्यापार विस्तार गरेकी हुन् । जैसीको व्यापार-अपार चलिरहेको छ । अहिलेसम्म ऋण लिदै व्यापार विस्तार गर्दै तिर्दै, पुनः लिदै तिर्दै गर्छिन् । उनलाई मन खुसी हुने गरी व्यापार गर्न सहकारीले साथ दिएको छ । पसलको पुँजी बढ्दै गएको छ । दैनिक ब्यापारसँगै नियमित बचत गर्छिन् ।

**जैसीले संस्थाबाट लिएको सस्तो ब्याजको ऋण तिर्दै, पुनः लिदै फेरि तिर्दै व्यापार विस्तार गरेकी हुन् । जैसीको व्यापार-अपार चलिरहेको छ । अहिलेसम्म ऋण लिदै व्यापार विस्तार गर्दै तिर्दै, पुनः लिदै तिर्दै गर्छिन । उनलाई मन खुसी हुने गरी व्यापार गर्न सहकारीले साथ दिएको छ । पसलमा पुँजी बढ्दै गएको छ । दैनिक ब्यापारसँगै नियमित बचत गर्छिन् ।**

व्यापारबाटै घरपरिवार चल्नुको साथसाथै छोराछारीको लालनपालन तथा गुणस्तरीय पढाइ यही व्यापारबाट सम्भव भएको हो । त्यो बेला श्रीमान्को बिदेशको कमाइ बचाउन सफल सीता अहिले घरको सबै खर्च चलाउँदै नयाँ सुन्दर घर बनाउने तयारी गर्दैछिन् । हुन त दैनिक जसो बजारमा सामान पुऱ्याउने र व्यापार गर्ने उनको दैनिकी छ । उनी भन्छिन्- ऋण चाहिने रहेछ । ऋणले लगनशील बनाउँदो रहेछ । मेहनती बनाउने रहेछ । प्रगतिको ढोका फराकिलो हुने रहेछ । व्यक्तिगतभन्दा सहकारीबाट ऋण लिने गरेको उनको भनाइ छ । सहकारीबाट लिएको ऋण एकैपटक तिर्नु नपर्ने, ब्याजदर सस्तो, मासिक ब्याज बुझाए हुने । ३/३ महिनामा थोरैरथोरै किस्ता बुझाएपछि ऋण तिर्न पनि सारै सजिलो हुने उनको अनुभव छ । सीतामाया जैसीले आफ्नो सफलताको श्रेय प्रगतिशील सहकारीलाई नै दिदै धन्यवाद् व्यक्त गर्छिन । उनी भन्छिन् - सहकारीमा रहेका महिलाहरु बचत तथा ऋण लिने मात्र गर्न सक्ने भएका छैनन् । हाम्रो सहकारी हामी महिलाहरुको सर्वाङ्गीर्ण विकासको सच्चा सहयात्री बनेको छ । जसका कारण उद्यमी बन्न, अर्थोपार्जनसहित परिवार चलाउन, महिला सशक्तिकरण गराउन, एकताको सूत्रमा बाँधिन सिकेर सक्षम समाज निर्माण गर्न सफल भएका छौं ।

# सुखमा सबै दु:खमा सहकारी



**परिवार नै कृषि र पशुपालन कर्ममा व्यस्त छ । कृषक भएपनि आफ्नो निजी जग्गा जमिन छैन । आफ्नो नभएपनि छरछिमेकीको जमिन अधियाँ ठेक्कामा लिएका छन् । जहाँ ताजा तरकारी, मकै, धान, गहुँ तथा मौसम अनुसारको उत्पादन हुन्छ ।**

हेर्दा सामान्य तर सुन्दर परिवार । ससुरा, श्रीमान्, छोराछोरी र आफू गरी ५ जनाको परिवार, एउटै छानामूनि बस्छन् । परिवारमा कुनै तड्कभड्क छैन । बिहान सबेरै एकै समयमा उठ्छन् र आफ्नो आफ्नो काम सुरु गर्छन् । कसैलाई यो गर त्यो गर भन्नु पर्दैन । परिवार नै कृषि र पशुपालन कर्ममा व्यस्त छ । कृषक भएपनि आफ्नो निजी जग्गा जमिन छैन । आफ्नो नभएपनि छरछिमेकीको जमिन अधियाँ ठेक्कामा लिएका छन् । जहाँ ताजा तरकारी, मकै, धान, गहुँ तथा मौसम अनुसारको उत्पादन हुन्छ । केही साहुलाई बुझाउँछन् र केही घरखर्च चलाउँछन् । बाँकी बजारसम्म पुऱ्याएर बिक्री गर्छन् । जसबाट परिवार चलाउन, सुख दुःख साट्न खासै समस्या छैन ।

सो परिवारले कृषिसँगै पशुपालन समानान्तर गरेका छन् । पशुपालनमा सबै सदस्य खटिन्छन् । कृषि र पशुपालनमा सधैं जसो ब्यस्त हुने यो परिवार, तिलोत्तमा नगरपालिका वडा नं. १० बेवरी निवासी शान्ति चौधरीको हो । पुस्तौंदेखि कृषिकर्ममा होमिएको यो परिवार, भैंसीपालनमा भने १५ वर्ष अघिबाट होमिएको हो । वि.सं. २०६१ सालमा चौधरी जब प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको शेयर सदस्य बनिन् तब सहकारीमा आबद्ध महिलाहरुको आँट, जाँगर र उत्साह देखेपछि केही नगरी बस्न सकिनन् । अरु दिदीबहीनीहरुले यो गर्छु, त्यो गर्छु भनेको सुन्दा आफूलाई पनि केही गर्नुपर्छ भन्ने उत्साह भएको चौधरी बताउँछिन् । आफूजस्तै दिदीबहिनीको सफलता देखेपछि सधैजसो कृषिकर्म गर्ने उनको परिवारसँग उनले सल्लाह गरिन् । कृषि र पशुपालन एक आपसमा सम्बन्धित भएकोले परिवारले सहजै हुन्छ, भन्यो । त्यसपछि चौधरीको मनमा थप उत्साह, जोस, जाँगर थपियो र

सहकारीमा ऋण माग गरिन् । चौधरीको योजना सुनेपछि सहकारी संस्थाका जिम्मेवार पदाधिकारीबाट प्रस्ताव स्वीकृत भएपछि कृषिसँगै अर्को व्यवसाय भैंसीपालन सुरु भयो । आजभन्दा १६ वर्ष अगाडि रु. १५ हजारबाट सुरु गरिएको भैंसीपालन व्यवसायबाट राम्रो आम्दानी भएको छ । सहकारीबाट ल्याएको ऋण तिरियो । व्यवसाय ठूलो बनाउने सोंच भए मुताबिक पटकपटक ऋण ल्याउँदै तिर्दै गरेकी चौधरीको गोठमा अहिले ११ वटा भैंसी छन् । जसबाट घर परिवारको दैनिकी राम्रोसँग चलेको छ । नियमित बचत भएको छ । छोराछोरीको पढाईदेखि सबै खर्च पशुपालन व्यवसायबाट सम्भव भएको चौधरी बताउँछिन् । उनी भन्छिन्- म प्रगतिशील सहकारीको सदस्य बन्दै गर्दा मेरो यो स्तरको प्रगति होला भन्ने सोचेकी थिइनँ । जब सहकारीमा आबद्ध भएँ तब सञ्चालक र कर्मचारीको हौसला, सहयोगी व्यवहारले केही गर्नुपर्छ भन्ने सोच आफूमा आयो । त्यसपछिको उत्साहले आफूलाई व्यवसायी बनायो ।

चौधरी अरु सहकारी संस्थामा आबद्ध नभए कि भने होइनन्, तर महिला दिदीबहिनीको सर्वाङ्गीर्ण विकासको लागि सबैभन्दा राम्रो सहकारी प्रगतिशील नै भएको उनको बुझाइ छ । सस्तो ब्याजदर, सरल र सहयोगी व्यवहार, सीपमूलक तालिम गोष्ठी तथा केही गर्नुपर्छ भन्ने उत्साह संस्थाले दिँदा धेरै महिलाहरु उद्यमी बनेको उनी बताउँछिन् । उनी भन्छिन् -सुखमा त सबै हुन्छन्, हिजो आज मेरो दुःखको साथी प्रगतिशील सहकारी नै बनेको छ। जिन्दगीका आरोह अबरोहमा आफुलाई पटक पटक दुःख र अप्ठेरो पर्दा सहकारी संस्थामा गएर कुरा राख्ने र संस्थाका साथीहरुले आफ्नो कुराको मर्म बुझेर समाधान खोजी गर्ने गरेको बताउँछिन् । आफूलाई दुःख हुँदा र अन्यायमा पर्दा समेत संस्थाले न्याय सम्पादन गर्नमा सहजीकरण गरेको भन्दै सहकारी संस्थाप्रति माया र विश्वास रहेको चौधरीले सहकारीलाई धन्यवाद् दिइन् ।

**म प्रगतिशील सहकारीको सदस्य बन्दै गर्दा मेरो यो स्तरको प्रगति होला भन्ने सोचेकी थिइनँ । जब सहकारीमा आबद्ध भएँ तब सञ्चालक र कर्मचारीको हौसला, सहयोगी व्यवहारले केही गर्नुपर्छ भन्ने सोच आफूमा आयो । त्यसपछिको उत्साहले आफूलाई व्यवसायी बनायो ।**

# माईतीको आँगन, प्रगतिशील सहकारी




**फूलमायालाई त्यतिबेलासम्म जीवन, जीवन जस्तो लाग्दैनथ्यो । जब इजरायलको लागि प्रयास गर्न जाँदा ठाउँठाउँमा भेटिने आफूजस्ता र आफूभन्दा पनि दुखद् जिन्दगी जिएका, बढी आँसु पिएका दिदीबहिनी देखेपछि लाग्यो, ममात्र एक्लो रहेनछु । मभन्दा बढी दुःख पाएका दिदीबहिनीहरु पनि रहेछन् ।**

पीडा के हो ? अभाव के हो ? एक्लो जिन्दगी के हो ? सायद मैले जति कसैले भोगेन होला ! लाउँलाउँ खाउँखाउँ भन्ने उमेरमा श्रीमान् सधैंका लागि बिदा भएपछि सायद मैलेजति दुःख कसैले पाएन होला । श्रीमान्सँग बिछोड भएको केही वर्ष होसहवास हराएभैं बनेकी फूलमाया सिकेको पहिलो आवाजले विक्षिप्त बनायो । परिवारको हातमुख जोर्न, चेहरामा खुसी बटुल्न श्रीमान् मलेसिया होमिएका थिए । काम गरी दाम कमाएर मुखमा माम र  शरीरमा आराम खोज्न गएका श्रीमान् घर फर्किने क्रममा काठमाडौंको एक कोठामा सधैंको लागि अचेत फेला परे । त्यसपछि फूलमायाको सिन्दूर पुछियो । परिवार उजाडियो । जीवनसाथी मात्र गुमेन, छोराछोरीका जीवनको शब्दकोषबाट सधैंका लागि 'बा' भन्ने शब्द नै हरायो । बाबा र आमाको भूमिका निर्वाह गर्नुपर्ने फूलमाया आकुलव्याकुल भइन् । केही वर्ष माइतीघरमा बसिन् ।

जीविकोपार्जन तथा परिवार र सन्तानको भविष्यको लागि बिदेश जानुपर्छ भन्ने सोच फूलमायाको मनमा पलायो । इजरायल जान उनी तयार भइन् । अन्तिम समयमा आएर जान पाइनन् । फूलमायालाई त्यतिबेलासम्म जीवन, जीवन जस्तो लाग्दैनथ्यो । जब इजरायलको लागि प्रयास गर्न जाँदा ठाउँठाउँमा भेटिने आफूजस्ता र आफूभन्दा पनि दुखद् जिन्दगी जिएका, बढी आँसु पिएका दिदीबहिनी देखेपछि लाग्यो, ममात्र एक्लो रहेनछु । मभन्दा बढी दुःख पाएका दिदीबहिनीहरु पनि रहेछन् भन्ने लागेपछि थोरै साहस आएको फूलमाया बताउँछिन् । आफूभन्दा बढी दुखीसँग प्रत्यक्ष भेट भएपछि उनी घर फर्किन् । प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना कालदेखि शेयर सदस्य बनेकी फूलमाया सहकारीको सम्पर्कमा आइन् । सो समयमा संस्थाको समितिमा रहेका साथीहरु र आफन्तको सल्लाह, हौसला, साथ,सहयोगले अब श्रीमान् नभएपनि केही गर्नुपर्छ भन्ने साहस आएको उनको भनाइ छ ।

संस्थाले दुःख र अन्यायमा परेका महिला दिदीबहिनीलाई सधैं साथ दिन्छ भन्ने फूलमायालाई थाहा थियो । तर आफैलाई परेपछि संस्थाको सहयोग, संस्थाका साथीहरुको हौसलाले बल मिल्दो रहेछ । आँट आउँदो रहेछ भन्ने अनुभव भयो । त्यसपछि सहकारीको सञ्चालक बनेकी उनले सहकारीबाटै सस्तो ब्याजमा ऋण लिएर रोजगारीको लागि बिदेश पुगिन् । ४/५ वर्ष काम गरिन् र नयाँ उर्जासहित स्वदेश फर्किन् । त्यतिबेलासम्म संस्थाबाट लिएको ऋण तिरिसकेकी थिइन् । फर्किएपछि पुनः संस्थाबाट ऋण लिएर व्यवसाय गर्ने सोच बनाइन् । फूलमायाले च्याउखेती सुरु गरिन । च्याउखेतीबाट राम्रै आम्दानी भयो । केही समय च्याउखेती गरेकी उनले गत वर्षबाट बंगुरपालन सुरु गरेकी छन् । ४/५ वटा बंगुरबाट सुरु भएको उनको खोरमा अहिले ठूलासाना गरि १४ वटा बंगुर छन् । केही बंगुर ब्याउने छन् । अबको केही समयमा संख्या बढ्दैछ । दुःखमा ढाडस दिने प्रगतिशील सहकारी छ । सहकारीले सहयोग गऱ्यो उनमा बाँच्ने साहस र केही गर्ने अठोट थपिएको छ ।

परिवार र छोराछोरीको मुहारमा केही खुसी ल्याएकी फूलमाया बंगुरपालन व्यवसायलाई बढाउने सोचमा छिन् । बंगुरपालनसँगै माछापालन गर्ने सोच आएकोले पोखरीको तयारी उनले गरेकी छन् । बंगुरपालनबाट बंगुरका बच्चा उत्पादन र कारोबार गर्ने उनको लक्ष्य छ । उनको सोच र कामलाई साथ दिन उनका छोरा तयार छन् । आमाले सुरु गरेका सबै कामलाई निरन्तरता दिने आफ्नो सोच रहेको छोरा बताउँछन् । यही पेशा अगाल्ने विचार छ । विदेश जाने कुनै सोचाइ छैन- छोराले भन्छन् । नियमित बचतसँगै सफल व्यवसायी बनेकी फूलमायाको अहिलेको जीवन फेरिएको छ । बिस्तारै जीवनमा खुसी फर्किदै छ । छोरीलाई बिदेश पठाएकी उनले छोराछोरीसँगै व्यवसाय गर्ने सोचमा छिन् । छोराछोरीलाई कत्तिपनि निरास बनाउनु नपरेको र सत्मार्गमा हिडाउन सिकाएकोमा फूलमाया गद्गद् छिन् । कर्मको मर्म बुझेका सन्तान भएकोमा खुसी छन् । उनी भन्छिन् - यो सबै प्रगतिशील सहकारीको देन हो । त्यो पीडामा सहकारी संस्था र दिदीबहिनीले उर्जा नदिएको भए यो अवस्थामा म रहने थिइनँ । हिजोका ती पीडा र आज फेरिएको जीवन सम्झिँदै उनले प्रगतिशील सहकारीलाई धन्यवाद् दिँदै भन्छिन्- प्रगतिशील सहकारी मेरो सच्चा माइती हो । जहाँ गएपछि आफै हराउँछु, आड्भरोसा पाउँछु । मन प्रफुल्ल हुन्छ । फरक अनुभूति हुन्छ ।

**यो सबै प्रगतिशील सहकारीको देन हो । त्यो पीडामा सहकारी संस्था र दिदीबहीनीले उर्जा नदिएको भए यो अवस्थामा म रहने थिइनँ । हिजोका ती पीडा र आज फेरिएको जीवन सम्झिँदै उनले प्रगतिशील सहकारीलाई धन्यवाद् दिँदै भन्छिन्- प्रगतिशील सहकारी मेरो सच्चा माइती हो ।**

# खुसी हुन सहकारीले सिकायो



**आजभन्दा करिब २० वर्ष अघि ५ वटा डल्ला च्याउबाट सुरु भएको उनको च्याउखेती व्यवसाय अहिले सबैको वाहवाहीको केन्द्र भएको छ । च्याउखेतीमात्र होइन उनीहरुको बाख्रापालन तथा तरकारीखेती समेत लोभ लाग्दो छ । गाउँ सहरमा चर्चाको केन्द्र बनेकी छिन् । उद्यमको कारण उनको तत्कालीन स्याउलाले बारेको घर फेरिएको छ । जिन्दगीको रंग बदलिएको छ ।**

तीन छोरा, दुई बुहारी, नातिनातिना र ज्येष्ठ सदस्य आफू गरी नौ जनाको परिवार छ । सबै जना काममा व्यस्त छन् । एक छोरी जापान छिन् । परिवार खुसी छ । सुखी छ । श्रीमान् बितेको २० वर्ष भयो । त्यसपछि सबै कुराको जिम्मेवारी आफैले उठाउँदै दुःख/सुख काट्दै परिवारलाई यहाँसम्म ल्याउने काम चानचुने होइन । संघर्ष र सफलताको नमूना हुन् झमसरा छन्त्याल । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. ११, भूपू सैनिक टोल बस्ने झमसरा संघर्षको अर्को नाम हुन् । आजभन्दा करिब २० वर्ष अघि ५ वटा डल्ला च्याउबाट सुरु भएको उनको च्याउखेती व्यवसाय अहिले सबैको वाहवाहीको केन्द्र भएको छ । च्याउखेतीमात्र होइन उनीहरुको बाख्रापालन तथा तरकारीखेती समेत लोभ लाग्दो छ । गाउँ सहरमा चर्चाको केन्द्र बनेकी छिन् । उद्यमको कारण उनको तत्कालीन स्याउलाले बारेको घर फेरिएको छ। जिन्दगीको रंग बदलिएको छ।

वि.सं. २०५४ सालमा तत्कालीन मक्रहर गा.वि.स. को बेवरीमा महिलाअधिकार, महिला उद्यमशीलता, रोजगारी र बचतका लागि समष्टिगत रुपमाभन्दा महिलाहरुको स्तरवृद्धि गर्ने हेतुले महिलाहरुको सक्रियतामा प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना भयो । सहकारी स्थापनासँगै झमसराको सामाजिक, आर्थिक रुपान्तरणको यात्रा पनि त्यहींबाट सुरु भयो । उनको पारिवारिक आर्थिक अवस्था कमजोर थियो। त्यसैमाथि श्रीमान्को देहावसानले आलो घाउमा नून चुक थप्यो । त्यो बेला मासिक रुपमा ५ रुपैयाँ नियमित बचत उठाउने गरिन्थ्यो । तर त्यही ५ रुपैयाँ उठाउन पनि झमसरालाई सकस थियो । संस्थाको सुरुवाती चरणमा सहकारीमा प्रवेश गरेकी झमसराले सहकारीको सहकार्यमा कृषि

सेवा केन्द्रले दिएको च्याउखेती तालिममा सहभागी हुने अवसर प्राप्त गरिन् । तालिम पश्चात सहकारीले दिएको १ बोतल च्याउको बिउबाट वि.सं. २०५९ सालमा ५ वटा च्याउ उमार्ने डल्ला बनाइन् । त्यहीबाट उनको च्याउ खेती व्यवसाय सुरु भएको हो । ५ वटा डल्लाबाट सुरु भएको उनको च्याउखेती क्रमशः ५० डल्ला हुँदै अहिले ५५० डल्ला मा पुगेको छ ।

च्याउसँगै सोही वर्ष सहकारीबाट लिएको रु २ हजार सस्तो व्याजदरको ऋणबाट बाख्रापालन गरेकी उनको खोरमा अहिले ३५ वटा उन्नत जातका बाख्रापाठा छन् । च्याउखेती र बाख्रापालनबाट झमसराको घरपरिवार मात्र चलेको छैन नियमित बचतसँगै छोराछोरीको पढाईदेखि विदेशसम्मको यात्रा सम्भव भएको छ ।

**झमसरा च्याउ फार्ममा पुग्छिन् । त्यही च्याउसँग सांकेतिक कुरा गर्छिन । बाख्राका खोरमा पुग्छिन् बाख्रासँग मन साट्छिन् । खेतमा जाँदा आफूले दुःख गरि लगाएका तरकारीसँग दुःख बिसाउँछिन् । उनको विहान उठेदेखि राति अबेरसम्म यिनै साथी बनेका छन् ।**

आखिर गरे के पो नहुने रहेछ र ? उता खेतमा अहिलेपनि लटरम्म हरियो तरकारी छ । तरकारीको व्यापार उस्तै छ । मौसम अनुसारका तरकारी निरन्तर फलिरहेका छन् । झमसरा च्याउ फार्ममा पुग्छिन् । त्यही च्याउसँग सांकेतिक कुरा गर्छिन् । बाख्राका खोरमा पुग्छिन् बाख्रासँग मन साट्छिन् । खेतमा जाँदा आफूले दुःख गरि लगाएका तरकारीसँग दुःख बिसाउँछिन् । उनको विहान उठेदेखि राति अबेरसम्म यिनै साथी बनेका छन् । पारिवारिक आत्मीयता त छँदैछ ।

उनी खुसी छिन् । आज यो दिन ल्याउने हिजो आफूले गरेको दुःख र त्यो दुःखमा साथ दिएर उद्यमी बनाएको प्रगतिशील सहकारीलाई उनी कहिलै बिर्सन सक्दिनन् । उनी भन्छिन् -रुवाउन त आफन्तहरु पनि आए, खुसी हुने सिकाउन प्रगतिशील सहकारी आयो । त्यसैले उनलाई व्यवसाय जीवनसाथी र प्रगतिशील सहकारी माइती जस्तो लाग्छ । दुवैको साथ सहयोगले अहिले उनले सिजनमा महिनाको एक लाख रुपैयाँसम्म आम्दानी गर्छिन । बेसिजनमा पनि कम्तिमा ४०/५० हजार रुपैयाँ आम्दानी हुने उनको भनाइ छ । आगामी दिनमा समेत यी सबै व्यवसायलाई थप व्यवस्थित हिसाबले विस्तार गर्दै लैजाने सोचमा झमसरा छिन् ।

❀❀❀



# छमकुमारीको छमछम

**प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी जस्ता संस्थाको साथ, सहयोग र हौसला भए पुग्छ। जसले व्यवसाय गर्न पैसा मात्र होइन, उत्प्रेरणा दिन्छ। जीवनोपयोगी सीप र हौसला दिन्छ।**

एउटा सानो परिवार जहाँ श्रीमान्, श्रीमती र दुई छोरी बस्थे । अहिले भने जेठी छोरी अध्ययनको सिलसिलामा अष्ट्रेलिया पुगेकी छिन् । कान्छी छोरी नेपालमै कक्षा ११ पढ्दैछिन् । श्रीमान्/श्रीमती दुवैले आफ्नै गार्मेन्ट व्यवसाय सञ्चालन गरेका छन्। उनीहरुले बीरगंज, काठमाडौं लगायतका ठाउँबाट काँचो कपडा खरिद गर्छन् । आफ्नै घरमा महिला, पुरुष तथा बालबच्चाको तयारी कपडा तयार गर्छन् । यसरी नै दैनिकी चलेको धेरै वर्ष भयो । सपरिवार यही गार्मेन्ट व्यवसायको आम्दानीबाट खुसी छन्।

वि.सं.२०६३ सालमा रुपन्देहीको देवदह नगरपालिका वडा नं. ३ सेमरानामा बस्ने छमकुमारी र प्रितम थापाको जोडीको घर सल्लाहले गार्मेन्ट व्यवसाय गर्ने निधो गरे । त्यतिबेला व्यवसाय सुरु गर्न, थापा परिवारसँग कुनै लगानी थिएन। तर उनीहरुलाई कसरी सञ्चालन गर्ने, आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थिएन किनकि छमकुमारी प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाकी शेयर सदस्य थिइन् । उनले सहकारीको लगानीबाट धेरै दिदीबहिनीको जीवन फेरिएको देखेकी थिइन् । उनले अन्य साथीहरूले झैं सहकारीबाट ऋण लिने कुरा श्रीमान्लाई भनिन् र श्रीमान् निःशर्त खुसी हुँदै हुन्छ भन्दिएँ । गर्न खोजेको व्यवसायबारे प्रस्ताव लिएर छमकुमारी सहकारी पुगिन्। सहकारीले राम्रो योजना आएपछि खुसी हुँदै सुरुमा ५० हजार रुपैयाँ लगानी गऱ्यो। सोही रकमबाट थापा परिवारको व्यवसायिक यात्रा सुरु भएको हो। व्यवसाय बिस्तारका लागि सहकारीले पटकपटक लगानी गऱ्यो। सानो लगानीबाट सुरु गरेको व्यवसायका लागि थापा परिवारले लगत्तै १० लाख लगानी गरे । त्यसमा प्रगतिशील सहकारी लगायत अन्य संस्थाले साथ दिए।

लगानी बढेपछि व्यवसाय पनि ठूलो भयो। छोटो समयमै छमकुमारीले केही गर्न सक्छिन् भन्नेकुरा प्रमाणित

गरी सकेकी थिइन् । कपडा सिलाउने र तयार गर्न सिकेकी छमकुमारीलाई श्रीमान्को भरपुर साथ मिल्यो । दुबै जनाले साँझ-बिहान कपडा सिलाउने र दिउँसोमा बजारमा लगेर बेच्न थाले । सुरुसुरुमा बेच्न गाह्रो भएको छमकुमारीको अनुभव छ । गार्मेन्ट व्यवसाय गर्दै जाँदा बीचबीचमा चुनौती आएपनि सामना गरेर अगाडि बढ्न उनी तयार भइन् । निरन्तर व्यापार गर्दै जाँदा सबैले चिन्न थाले । घरमै कपडा तयार हुन्छ भन्ने बुझेका व्यापारीले घरबाटै खरिद गर्न थाले । जब व्यापार बढ्न थाल्यो तब छमकुमारीले गार्मेन्ट व्यवसाय ठूलो बनाउँदै लगिन् । सँगसँगै श्रीमान् मात्र होइन, छोरीहरुको पनि साथ मिल्यो । हातमा हात थपियो । छोरीहरुले पनि सहयोग गर्न थालेपछि उनमा थप हौसला बढ्दै गयो ।

हिजो रू. ५० हजारदेखि सुरु गरेको गार्मेट उद्योगमा अहिले ५० लाख बढिको लगानी छ । गार्मेटबाट आम्दानी गर्ने व्यवसाय बढाउने साथै सहकारीबाट ऋण लिदै व्यापार बढाउँदै पुनः ऋण तिर्दै गरेको उनी बताउँछिन् । अचेल उनको चेहरामा एकखालको खुसी पोखिएको देखिन्छ । व्यवसाय ठूलो भएको छ । आम्दानी राम्रो छ । त्यतिमात्र होइन सहकारीबाट लिएको ऋणपनि अहिले त्यति धैरै छैन । सबैतिर कारोबार मिलाउँदै गएको उनी बताउँछिन् । सबै खर्च कटाएर मासिक करिब एक लाखसम्म आम्दानी हुने गरेको छमकुमारीले सुनाउँछिन् । उनले अहिले ४ जनालाई रोजगारी दिएकी छिन् । सोही व्यवसायको बलमा छोरीलाई अस्ट्रेलिया पठाउन सकेकी हुन् ।

छमकुमारी अहिले व्यवसायी मात्र होइनन् । समाजका हरेक गतिविधिमा संलग्न हुने सामाजिक कार्यकर्ता पनि हुने । हाल उनी देवदह नगरपालिका वडा नं. ३ की जनप्रतिनिधि हुने । व्यवसाय गर्दै गर्दा म त पत्तै नपाइ समाजसेवी बन्न पुगेकी रहेछु । उनले मुस्कुराउँदै भन्छिन्- अचेल व्यवसाय श्रीमान्ले हेर्नुहुन्छ । म साँझ-बिहान घरको कामसँगै श्रीमान्लाई साथ दिन्छु । दिउँसोमा वडाका नागरिकको सेवामा व्यस्त हुन्छु । सफल महिला होस् त यस्तो, परिवार होस् त छमकुमारीको जस्तो भन्दै गाउँलेहरुले छमकुमारीलाई हौसला दिंदा उनी खुसीले छमछम नाँच्छिन् । दुई छोरी भए पुग्यो । छोरा चाहिन्छ भन्ने कहिलै भएन । छोरीबाटै खुसी मिलेपछि भइहाल्यो भन्छिन् । उनी थप्छन्- यो संसारमा छोरीले गर्न नसक्ने केही छैन सबै काम गर्न सक्छन् । त्यसका लागि ठाउँठाउँमा प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी जस्ता संस्थाको साथ, सहयोग र हौसला भए पुग्छ । जसले व्यवसाय गर्न पैसा मात्र होइन, उत्प्रेरणा दिन्छ । जीवनोपयोगी सीप र हौसला दिन्छ । राम्रोसँग गार्मेन्ट सञ्चालनसँगै समाजसेवा गरेकी उनको जीवनबाट प्रगतिशील जस्तो सहकारी र पारिवारिक साथ मिलेमा आर्थिक हिसाबले सीमान्तकृत महिला, उत्कृष्ट कार्य गर्न सक्छन् भन्ने उदाहरण छमकुमारी हुन् ।

**सफल महिला होस् त यस्तो, परिवार होस् त छमकुमारीको जस्तो भन्दै गाउँलेहरुले छमकुमारीलाई हौसला दिंदा उनी खुसीले छमछम नाँच्छिन् । दुई छोरी भए पुग्यो । छोरा चाहिन्छ भन्ने कहिलै भएन । छोरीबाटै खुसी मिलेपछि भइहाल्यो उनी भन्छिन् ।**

# एकताको प्रतीक सहकारी



**धेरै महिला दिदीबहिनीहरुलाई केही गर्न सक्ने बनाएको छ। अन्यायमा परेका दिदीबहिनीलाई न्यायसम्पादनमा सहजीकरण गरेको छ। सँगै केही गर्नुपर्छ भन्ने सन्देश दिएको छ।**

ठूलो परिवारको एउटै कर्म छ पशुपालन । पशुपालनको सबै कुराको व्यवस्थापन एउटै गोठभित्र छ। सबै गाई/भैंसी उन्नत जातका छन्। यसो हेर्दा ती गाई/भैंसीका स्याहार सुसारमा कुनै कमि छैन। परिवारका सबै सदस्यको नजर र लगाव पशुपालन व्यवसायमा छ। हाम्रो देशमा सामुहिक रुपमा कुनै व्यापार व्यवसाय हुँदैन र गर्न सकिनन् भन्ने सोचाई छ। तर चार दाजुभाइ परिवार एकै ठाउँमा पशुपालन गरेका छन्। दैनिक जसो ५० देखि ७० लिटरसम्म दूध उत्पादन हुन् गरेको छ।

रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १२ मक्रहरकी भूमकला पौडेलले वि.सं.२०५४ सालमा एउटा भैंसीबाट सुरु गरेको पशुपालन व्यवसाय अहिले छोरा बुहारीहरुले सम्हालेका छन्। सोही वर्ष प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी सस्थांको शेयर सदस्य बनेपछि लिएको सस्तो व्याजदरको ऋणबाट सुरु गरिएको व्यवसाय आमाको मृत्युपछि पनि निरन्तर चलेको छ। घरका चार दाजुभाइको सल्लाह अनुसार पशुपालन व्यवसायसँगै अगाडि बढाउने सहमति भयो।

व्यवसायलाई थप व्यावस्थित बनाउने तयारी गरि वि.सं. २०६६ पछि पशुपालनलाई व्यवसायिकरुप दिने सर्वसम्मत सोचाइ आयो। त्यतिबेला ५/६ वटा गाई/भैंसी थपिए। तत्कालीन समयमा भारतका विभिन्न ठाउँमा पुगेर उन्नत जातका गाई/भैंसी लिएर बिस्तारित गरिएको यो व्यवसाय रहर लाग्दो छ। गाई/भैंसीका सन्तान बढ्दै जाँदा अहिले गोठमा २८ वटा गाई/भैंसी छन्। महिलाले आर्थिक उपार्जन गर्न व्यवसायिक हिसाबले केही गर्नुपर्छ भन्ने कुरा मनमा आएकोले सोही प्रगतिशील सहकारीबाट ऋण लिइ आमाले व्यवसाय सुरु गर्नुभएको छोराहरू बताउँछन्। त्यो बेला ऋण लिदै पशुपालन विस्तार गर्दै, ऋण तिर्दै पुनः सोही चक्र पूरा गर्दै आएकी आमापछि छोराहरुले निरन्तरता दिदै

गएका हुने । अहिले घरमा सन्तानसहित चार बुहारी छन्, । सबैजना प्रगतिशील सहकारीको शेयर सदस्य छन् । सबैले नियमित बचत गर्छन् । पशुपालन व्यवसाय बिस्तार तथा सुधारका लागि आवश्यक पर्दा ऋण लिदै तिर्दै गर्न सजिलो भएको छ ।

आमाले सुरु गरेको व्यवसायले अहिले परिवारलाई एकताको सूत्रमा बाँधेको छ । छुट्टाछुट्टै भएका दाजुभाइहरु व्यवसायकै कारण एकै ठाउँमा मिलेका छन् । सबैको एक चित्तले व्यवसायलाई अगाडि बढाएका छन् । यता बुहारीहरु पनि व्यवसायले सन्तुष्टि दिएको बताउँछन् । उनीहरू पशुपालनसँगैं परिवार नै सामाजिक काममा अगाडि बढेका छन् । सामाजिक कर्म र पशुपालन व्यवसायले गर्दा समाजमा उनीहरुको परिचय फरक छ। बुहारीमध्ये सुमित्रा पौडेल प्रगतिशील सहकारीको सञ्चालक समिति सदस्य हुन् । सुमित्राले भन्छिन्- म मात्र होइन, संस्थाले हामीजस्ता धेरै महिला दिदीबहिनीहरुलाई केही गर्न सक्ने बनाएको छ । अन्यायमा परेका दिदीबहिनीलाई न्यायसम्पादनमा सहजीकरण गरेको छ । संगै केही गर्नुपर्छ भन्ने सन्देश दिएको छ। आफ्नो परिवारलाई एकताको सूत्रमा जोड्ने सुत्राधार पनि प्रगतिशील सहकारीको रहेको उनी बताउँछिन् । थप्छिन्- सासुआमाले पशुपालन व्यवसाय सुरु नगरेको भए आफुहरुले सायद यही व्यवसाय गर्न नसक्ने र सबै दाजुभाइ एकै ठाउँमा हुने अवस्था हुने थिएन । प्रगतिशील सहकारीबाट पाएको ऋणले पशुपालन सुरु गरेपछि आफ्नो परिवार एक भएको छ। परिवार एक हुँदा छरछिमेक र समाजले गर्ने व्यवहार, हेर्ने दृष्टिकोण फरक हुने रहेछ । अहिले चारैतर्फबाट पौडेल परिवारलाई सम्मान मिलेको छ । कोटहीमाई भैंसी फर्मको नामबाट व्यवसाय सञ्चालन गरिरहँदा अवलोकन गर्न आउनेहरुको संख्या बढ्दै गएको छ । अनुगमन गर्नेहरु, व्यवसाय सुरु गर्ने थपिएका खबर पाउँदा खुसी मिलेको छ । फर्मबाट मासिक करिब एक लाख दूध तथा दूधजन्य परिकार बेचेर आम्दानी हुने गरेको छ । जसबाट चार परिवारको घरखर्च, छोराछोरीको राम्रो शिक्षा-दीक्षासँगै बचत भएको छ । पशुपालनमा अन्य क्षेत्रमा जस्तो आम्दानी हुँदैन । घाँस पराल, दानाको मूल्य बढेको, लगानीमा खर्च बढि हुँदा कम मात्रामा बच्ने गरेको पौडेलले गुनासो सुनाइन् । समयसमयमा आउने विभिन्न रोग र निराकरणको लागि औषधी उपचारमा धेरै लगानी हुने गरेको छ । सरकारले पशुपालक किसानलाई हेर्नुपर्ने उनको भनाइ छ । लगानी बढी भएपनि पशुपालन तथा कृषि व्यवसायमा लगनशील भएर लागेमा केही गर्न सकिन्छ भन्ने उदाहरण पौडेल परिवारले दिएको छ ।

**सासुआमाले पशुपालन व्यवसाय सुरु नगरेको भए आफुहरुले सायद यही व्यवसाय गर्न नसक्ने र सबै दाजुभाइ एकै ठाउँमा हुने अवस्था हुने थिएन । प्रगतिशील सहकारीबाट पाएको ऋणले पशुपालन सुरु गरेपछि आफ्नो परिवार एक भएको छ ।**

# प्रेरणाको स्रोत सहकारी

अमृता क्षेत्री

नेपालका ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक चेतनाबाट बञ्चित भएका महिलाप्रति चर्को श्रम शोषण र दमन थियो । हाम्रै गाउँमा समेत महिलाहरुले पीडा सहन बाहेक अन्य विकल्प थिएन । हामीसँग समस्याको भकारी थियो । कुनै कालखण्डमा यो संस्था,समाधानको बाटो भएर आइपुग्दा हामी खुसी भएका थियौं ।

यो संस्था स्थापना भए लगत्तै समाजका सबै वर्ग,क्षेत्रका विपन्न महिला, जेष्ठ,नागरिक, बालबालिका, किशोरीका निम्ति आड भरोसा बनेर आइपुगेको थियो । आज पनि यो संस्था सबैका निम्ति उस्तै प्रिय र भरपर्दो छ। महिलाहरुमा चेतना अभिवृद्धि भई, शेयर सदस्य वृद्धि भएका छन् । महिलाहरु बैठक बसी एक आपसमा छलफल गरी आफ्नो वैयक्तिक उन्नति गरेका छन् । नियमित वचत गर्ने , समयको भरिपूर्ण सदुपयोग गर्दै आफ्ना छोराछोरीहरुलाई उच्च शिक्षाको लागि प्रेरित गर्ने, चर्को ब्याजबाट आफ्नो शेयर सदस्यहरुलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने,सामाजिक क्षेत्रमा शेयर सदस्यका घरपरिवारहरुलाई नैतिकवान र समाजप्रति समर्पित हुन सिकाएको छ । संस्था स्थापनाको रजत अवसरमा सबैलाई कृतज्ञता प्रकट गर्छु ।

---

# सत्य वचन

संकलकः मीना देउजा (के.सी)

१) काममा सदैव व्यस्त रहनु,काम गर्दा फल भन्दा बढी कर्ममा केन्द्रीत रहने बानी बसाल्नु ।
२) थोरै मीठो शब्दहरुको चयन गरेर बोल्नु ।
३) काम गर्नुभन्दा अगाडि सोच्नु र सो काममा सत्प्रतिशत् ध्यान लगाएर गर्नु ।
४) आफ्नो भूल स्वीकार गरी क्षमा माग्नु र अरुलाई पनि सहजै क्षमा दिने गर्नु ।
५) कसैलाई केही दिनु अघि लेख्ने बानीको विकास गर्नु ।
६) सल्लाह सबैको लिनु र हितकर निर्णय स्वयंले गर्नु ।
७) सधैंभरि आफ्नो मनलाई दया, माया, प्रेम र करुणा भावले भरीरहनु र अभिव्यक्त गर्नु ।
८) प्रत्येक व्यक्तिमा प्रशंसाका शब्दहरू प्रयोग गर्ने र सम्मान गर्ने हरसमय प्रयास गर्नु ।
९) आवश्यक नभएको वस्तु वा चीजहरूको लागि समय र पैसा खेर नफाल्नु । सधैं समयको कदर गर्नु किनकि समय भगवान हो ।
१०) स्वार्थरहित भाव राखेर सबैलाई जहाँ, जहिले, जसरी, जे कुराको आवश्यकता देखिन्छ त्यसमा यथासीघ्र सेवा प्रदान गर्नु र गराउनु ।
११) हर समय मन, भावना र शरीरलाई स्वास्थ्य तथा तन्दुरुस्त राख्न सचेत रहिरहनु ।
१२) सुख वा दुख जे आएपनि हाँसीखुसी रहेर दिन बिताउने प्रयास गर्नु ।
१३) घृणा, लोभ, मोह र अहंकारलाई त्याग्ने प्रयासमा रहुन् ।
१४) हरेक सम्बन्धहरु जीवनको सम्पत्ति हुने तसर्थ सम्बन्धहरू जोगाई राख्ने प्रयत्न गर्नु ।
१५) समस्याबिनाको जीवन असम्भव छ । हरेक समस्याहरुलाई अवसरको रुपमा स्वीकार गर्दै समाधानतर्फ अघि बढ्नुपर्छ । समस्याबाट भाग्न सम्भव छैन । सबै समस्याहरूको समाधान हुन्छ । खोज्न सक्नुपर्छ । हर समस्याहरु टरैरै त जान्छन् ।
१६) हरक्षण मनमा सकारात्मक विचारहरुलाई मात्र स्थान दिने गर्नुपर्छ ।
१७) रिसलाई सधैं नियन्त्रणमा राख्नुपर्छ ।
१८) हरेक परिस्थितिलाई परिवर्तन गर्न असम्भव हुन्छ । हामीले मनस्थितिलाई परिवर्तन गर्ने र मनमा स्वीकारोक्तिको भाव राख्दा तनाव कम हुन्छ ।

# सवाई

गोपी पाण्डे

५४ सालमा दर्ता भयो, २६ जनाबाट
सबै मिली दिदै आयौं, यसलाई हाम्ले साथ
दिदीबैनी भेला हुने, बनेको छ थलो
२/४ पैसा बचत गरौं, भविष्यमा भलो
पिछडिएका महिलाहरु, अघि बढ्ने मौका
सीमित रहन पर्ने छैन, मात्र चुलोचौका
प्रगतिशील बनेको छ, हाम्रो माइतीघर
बुढेशकालमा हुने भयो, हाम्लाई यसकै भर
व्यवसाय गर्नेलाई, सस्तो दरमा रिन
आत्मनिर्भर बनेका छौं, फिरेका छन् है दिन
राष्ट्रिय पुरस्कार सफल भयो, सहकारकीले पाउन
धेरै सहकारी उत्सुक हुन्छन्, यो संस्थामा आउन
सबैभन्दा राम्रो संस्था, भन्ने सबलाई लाछ
शिक्षा तालिम रोजगारी, दिन सफल भाछ
वृद्धलाई सम्मान गर्छ ,प्रोत्साहन दिने बाललाई
२७०७ सदस्य रहेका छन्, यति भनौं हाललाई

# हाम्रो प्रगतिशील

**दीपा कार्की** (पौडेल)

घरभित्र पिल्सिएका महिलालाई
बाहिर निकाल्ने हाम्रो प्रगतिशील
थोरै थोरै बचत गरी वृद्धा हुँदा पाल्ने
हाम्रो प्रगतिशील
घरघरमा शौचालय र गोबरग्यास
बनाउन सिकाउने प्रगतिशील
अन्याय र अत्याचारमा परेकालाई
न्याय दिने हाम्रो प्रगतिशील
फजुल खर्च नगरेर बच्चालाई बचत गर्न
सिकाउने हाम्रो प्रगतिशील
आपसमा दुःख,सुख बाँड्न सिकाउने
हाम्रो प्रगतिशील
राष्ट्रिय पुरस्कारले सम्मानित
सफल प्रगतिशील
जन्मदा सँगै छ मर्दा पनि
क्या दमदार
हाम्रो प्रगतिशील !

# हाम्रो गीत

सहकारी संस्थाहरु गाउँ-गाउँमा खुलेछ।
गाउँका दिदीबहिनीलाई मौका मिलेछ॥
छरिएको रकमलाई एक मुस्ठ बनाएर।
सहकारी बैंक बनाउने लक्ष्य लिएर ॥
सहकारीको नीति नियम गाउँलाई आधार मानेर।
गाउँको दिगो बिकास गर्छौ अघि लागेर॥
राष्ट्रिय स्तरमा हातेमालो गर्नुछ।
सहकारी आपसमा मिलेर हिड्नुछ॥

प्रथम रैछ महत्व सदस्य बन नी।
सदस्यको जिम्मेवारी बहन गरनी॥
बिना धितो महिलालाई ऋण पनि दिलाउँछौ।
पशुपालन कृषि गर्न तालिम सिकाउँछौ॥
उपहार प्रदान गर्दै हाम्ले जानुछ।
सहकारीलाई हामीले दिगो राख्नुछ॥
आवश्यकता न्याय हाम्ले बुझ्दै जानु पर्दछ।
पुरै हामी सहभागी हुनु पर्दछ॥

# अनुगमन र दिशानिर्देश

आज मिति २०७८।०८।०८ गतेका दिन श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननिय मन्त्री श्री शशी श्रेष्ठ ज्यू लगायतको अध्ययन अनुगमन टोलीले यस प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को प्रत्यक्ष ~~अनुगमन~~ अनुगमन सम्पन्न गर्‍यौं। साथै यस सहकारी संस्था लि.को उत्तरोत्तर प्रगति कामना गर्दै हार्दिक ~~[illegible]~~ नमस्कार धन्यवाद भन्न चाहन्छौं।

शशी श्रेष्ठ २०७८।०८।०८
मन्त्री
भूमि व्यवस्था सहकारी तथा
गरिबी निवारण मन्त्रालय,
सिंहदरबार काठमाडौं।

भ्रमण टोलीका सदस्यहरु

(१) डा. दामोदर रेग्मी, सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(२) अनन्त कुमार बस्नेत, उपसचिव "
(३) त्रिभुवन प्रसाद कौशिक शाखीय सचिव " "
(४) दिपक दवाल, व्यवस्थापक, सहकारी बजार विभाग काठमाडौं

---

२०७४।०१।२६

प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था तिलोत्तमा नगरपालिकामा आएर निरीक्षण गर्ने शुभ अवसर दिलाउने महिला तथा बालबालिका कार्यालय प्रमुख शारदा बस्याललाई धन्यवाद दिन चाहन्छु। यो संस्थाले नाम अनुरुप नारी हरुलाई दिदै आएको सहयोगबाट म लाई अत्यन्त प्रफुल्लित तुल्याएको छ। यो संस्थाको निरन्तर प्रगति + प्रगतिको कामना गर्दछु।

कान्ता भट्टराई
राज्यमन्त्री
महिला तथा बालबालिका समाज
कल्याण मन्त्रालय

# अनुगमन र दिशानिर्देश

आज मिति २०७८ पौष २८ गते शनिवार विहान ८:३० बजे संस्थामा नेपाल सहकारी प्रवर्द्धन संघ र राष्ट्रिय सहकारी बैंकको संयुक्त सघन सहकारी अवलम्बन प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस संस्थामा आएर संस्थाको फिल्ड भिजिट गर्दै संचालन गरेका कार्यक्रमहरु अवलोकन गर्दै [illegible] दिगो रुपमा संचालन गर्न सुझाव प्रदान गरियो।

विश्वनाथ पाण्डेय
अध्यक्ष
नेपाल सहकारी प्रवर्द्धन संघ

राजकुमार तिमल्सिना
उपसमिति सदस्य
राष्ट्रिय सहकारी बैंक

१) हिरा बस्नेत सहकारी संचालक Hira

नविन कुमार कार्की
प्र. लि. [illegible]

डिल्ली प्र. नगरकोटी

सुवास खोजजन

मुना कुँवर

मुकेश गोतम
शाखा प्रमुख

नारायण बेल्बासे
शाखा प्रमुख

ओमराज तिवारी
शाखा प्रमुख

राजेश खनाल

सुधा [illegible]

# अनुगमन र दिशानिर्देश

आज मिति २०६६ फाल्गुण ८ गतेका दिन यस प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. तिलोत्तमा न.पा.१० रुपन्देही मा भ्रमण गर्ने अवसर प्राप्त भयो। २०५४ सालमा स्थापना भएको यस संस्थाले अत्यन्त निम्न वर्गका महिला दिदी बहिनीहरूलाई आवद्ध गराई उनिहरूको जीवनस्तर अभिवृद्धि गर्न अत्यन्त महत्वपूर्ण भूमिका रहेको पायौं। राष्ट्रिय सहकारी महासंघ द्वारा २०६३ सालमा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्राप्त संस्थाले आफ्ना सदस्यहरू-लाई व्यवसायी बनाएर आत्मनिर्भर हुन पुग्न भूमिका खेलिरहनु भए-को छ। त्यसका लागि यस संस्थाका संस्थापकहरू देखि वर्तमान नेतृत्व र व्यवस्थापनलाई राष्ट्रिय सहकारी महासंघको तर्फबाट हार्दिक बधाई तथा अझ उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

राम कृष्ण थापा
संचालक सदस्य

मिन राज कडेल
अध्यक्ष
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल


आज मिति २०६६ फागुन १० गतेका दिन राष्ट्रिय सहकारी महासंघका महाप्रबन्धक चित्रा कुमारी थामसुहाङ सुब्बाको नेतृत्वमा ४ जना राष्ट्रिय महासंघ एवं जिल्ला सहकारी संघका प्रतिनिधिहरूबाट संस्थाको अवलोकन गरि समग्र क्रियाकलापको जानकारी प्राप्त भयो। महिलाको सशक्तिकरण प्रतिको चासो र सामाजिक उत्तरदायित्व वहन गर्दै निकालेको आफ्नो उल्लेखनीय छ। आगामी दिनमा उत्तरोत्तर प्रगतिको शुभकामना।

चित्रा कुमारी थामसुहाङ सुब्बा
महाप्रबन्धक
राष्ट्रिय सहकारी महासंघ

सुश्री थापा
कार्यक्रम अधिकृत
राष्ट्रिय सहकारी महासंघ

कृपाल भट्टराई
जिल्ला सहकारी संघ लि. रुपन्देही

हरि लामिछाने
सीनियर



श्री ५ को सरकार
सहकारी विभाग
जिल्ला सहकारी कार्यालय, रूपन्देही

दर्ताको प्रमाण-पत्र

मिति: २०५४/६/१०

सहकारी ऐन, २०४८ को दफा ९ बमोजिम श्री प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. मकहर-८, रूपन्देही लाई सीमित दायित्व भएको संस्था / संघमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

[२०५४/६/१०]
दर्ता गरेको मिति :-

दस्तखत

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

# महिला विकास विभाग

## प्रमाण-पत्र

महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित महिला सहकारी संस्थाहरूमध्ये रूपन्देही जिल्ला मक्रहर गा.वि.स.को **श्री प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** संस्थागत विकासका गुणात्मक सूचकका आधारमा राष्ट्रियस्तरको आ.व. २०६२/६३ को उत्कृष्ट संस्थाको रूपमा छनौट भएकोले पुरस्कारस्वरूप रू. ५०,०००।– (अक्षरेपी पचासहजार) प्रदान गरिएको छ । संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

महेन्द्रप्रसाद श्रेष्ठ
**महानिर्देशक**
महिला विकास विभाग

पुण्यप्रसाद न्यौपाने
**सचिव**
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय



(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त संस्था)
सदस्यता नं.: ००५५४८

द.नं. ०१-०५९/६० (सहकारी बैंक)
प्रमाण पत्र नं.: ०१३१३०

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# National Co-operative Bank Ltd.

(स्थापित २०५९)
कुपण्डोल, ललितपुर

*(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)*

## शेयर प्रमाण - पत्र

मक्रहर,रुपन्देही .......स्थित श्री प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. ....... ले

**यस राष्ट्रिय सहकारी बैंक लिमिटेडको रू. १,०००/- दरको नं.** ००९७७२४२ **देखि** ००९७७३३१ **सम्मको जम्मा**

**कित्ता** ९० **को रू.** ९००००/- **(अक्षरेपी** नब्बे हजार मात्र । **)**

**भुक्तानी प्राप्त भैसकेकोले बैंकको छाप लागेको यो प्रमाण-पत्र दिइएको छ ।**

(के. बी. उप्रेती)
महाप्रबन्धक/प्रबन्ध संचालक

बैंकको छाप
मितिः १५-०५-२०७४

(रमेश प्रसाद पोखरेल)
अध्यक्ष

***(नोटः यो प्रमाण-पत्र पेश नगरी यसमा लेखिएको कुनैपनि शेयर दाखिला खारेज/हस्तान्तरण गरिने छैन ।)***



शेयर प्रमाण-पत्र

सहकारी द.नं. ३५७(१३६२)०६२/०६३

# बचत तथा ऋण सहकारी संघ लिमिटेड

(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)


संस्थाको छाप

## शेयर प्रमाण-पत्र

सहकारी ऐन २०४८ को दफा १० अन्तर्गत यस संघको विनियम बमोजिम रुपन्देही जिल्ला [illegible] गा.वि.स./न.पा. स्थित श्री प्रगतिशील महिला विकास ब
सहकारी संस्था लि. लाई निम्नानुसारको शेयर खरिद गरेकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| क्र.सं. | प्रति शेयर मूल्य | शेयर संख्या | बुझाएको जम्मा रकम | शेयर खरिद मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | १००० | ५ | ५००० | ०६६।०८।२८ | |

व्यवस्थापक — सचिव — अध्यक्ष


स्थापित २०६८

सहकारी ऐन २०४८ अर्न्तगत स्थापित

दर्ता नं. ३८९४

महिला उद्यमी उपभोक्ता सहकारी संस्था लि.

Women Enterpreneur Consumer Co-operative Society Ltd.

काठमाडौं, नेपालको

शेयर प्रमाण-पत्र नं. ६३

शेयर प्रमाण पत्र

मिति: २०६९।६।१६

सदस्यता नं.: ६३

रुपन्देही स्थित श्री प्रगतिशिल महिला वि. स. ले यस महिला उद्यमी उपभोक्ता सहकारी संस्थाको लिमिटेडको प्रति शेयर रु १००।- दरको नं. ३१५१ देखि ३२०० सम्मको जम्मा कित्ता ५० को रु. ५०००/- (अक्षेरेपी पाँच हजार रुपैयाँ मात्र) भक्तानी प्राप्त भै सकेकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

विवरण

| क्र.सं. | प्रति शेयर मूल्य | शेयर संख्या | शेयर कित्ता नं | | शेयर खरिद मिति | बुझाएको रकम |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | १०० | ५० | ३१५१ | ३२०० | २०६९।६।१६ | ५०००/- |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

व्यवस्थापक

अध्यक्ष

संस्थाको छाप

(यो प्रमाण पत्र पेश नगरी यसमा लेखिएको कुनै पनि शेयर दाखिला खारेज / हस्तान्तरण गरिने छैन)

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष

**रोजगारदाता सूचीकरण प्रमाणपत्र**

सूचीकरण नम्बर:- ५५०८०८O९३०००१७००

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा श्री **प्रगतिशील महिला विकाश बहुउद्देश्यीय सहकारी संस्था लि.**, प्रदेश ५, रुपन्देही, तिलोत्तमा नगरपालिका-१०, बेवरीलाई सूचीकृत गरी यो रोजगारदाता सूचीकरण प्रमाणपत्र प्रदान गरिएको छ।

दस्तखत: ....................
नाम: कपिलमणि ज्ञवाली
पद: कार्यकारी निर्देशक
मिति: २०७६.०३.०२


Government of Nepal
Ministry of Labour, Employment and Social Security
Social Security Fund

**Employer Registration Certificate**

Registration No. :- 550808O930001700

This Employer Registration Certificate has been issued to **PROGRESSIVE WOMEN DEVELOPMENT MULTIPROPOSE CO-OPERATIVE ORGANISATION LTD.**, Province 5, Rupandehi, Tilottama Municipality-10, Bewori upon being registered with the Social Security Fund in accordance with the provisions of Contributory Social Security Act, 2017.

Signature: ....................
Name: Kapil Mani Gyawali
Designation: Executive Director
Date: 2019-06-17



राष्ट्रिय सहकारी संघ लि. नेपाल

पुल्चोक, ललितपुर


उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार-२०७३

सहकारी व्यवसायका माध्यमद्वारा सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थान गर्दै
महिला सशक्तीकरणमा समेत योगदान पुर्‍याए बापत
प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि., तिलोत्तमा न.पा. -१४, रुपन्देहीलाई
नेपालको सहकारी आन्दोलनको तर्फबाट ९५ औं अन्तर्राष्ट्रिय सहकारी दिवस को
सु-अवसरमा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्रदान गरिएको छ ।

ज्ञानेन्द्र बहादुर कार्की
प्रमुख अतिथि
तथा
अर्थ मन्त्री
नेपाल सरकार

मिति: २०७४/३/१०
(1st Saturday of July)

केशव प्रसाद बडाल
अध्यक्ष
राष्ट्रिय सहकारी संघ लि. नेपाल



# सहकारीका सात सिद्धान्तहरु

१ स्वेच्छिक तथा खुल्ला सदस्यता

२ सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

३ सदस्यहरुद्वारा आर्थिक सहभागिता

४ स्वायत्तता तथा स्वतन्त्रता

५ शिक्षा तालिम तथा सूचना

६ सहकारी संस्थाका बीच सहयोग

७ समुदायप्रति चासो